# PICKERINGTON LOCAL SCHOOL DISTRICT

पिकरिङ्टन हाइ स्कूल्स र जुनियर हाइ स्कूल्सका विद्यार्थीका लागि हातेपुस्तिका र आचार-संहिता

** यो ह्यान्डबुकले ह्यान्डबुकको कुनै पनि अघिल्लो संस्करणहरू प्रतिस्थापन गर्दछ।* *


Lakeview Jr. High
12445 Ault Road
Pickerington, OH 43147
(614) 830-2200
Fax: (614) 408-2545

Ridgeview STEM Jr. High
130 Hill Road South
Pickerington, OH 43147
(614) 548-1700
Fax: (614) 548-1710

Pickerington HS Central
300 Opportunity Way
Pickerington, OH 43147
(614) 548-1800
Fax: (614) 548-1810

Pickerington HS North
7800 Refugee Road
Pickerington, OH 43147
(614) 830-2700
Fax: (614) 408-2524


## सुपरिटेन्डेन्टको सन्देश

**आदरणीय विद्यार्थी, आमाबुवा र अभिभावकहरू**

म पिकरिङ्टन लोकल स्कूल्सका लागि विद्यार्थी आचार संहिता प्रस्तुत गर्न पाउँदा धेरै खुसी छु। हाम्रो आचार संहिता हाम्रा विद्यार्थी हरुको वृद्धि र विकासलाई सहायता गर्न साथै उनीहरू हाम्रो रेखदेखमा हुँदा उनीहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्न डिजाइन गरिएको विस्तृत स्रोत हो।

पिकरिङ्टन लोकल स्कूल्समा हाम्रो उद्देश्य भनेको चाहे कलेजमा नामाङ्कन हुँदा होस्, सशस्त्र बलमा भर्ती हुँदा होस् वा उनीहरूको करियर मार्गलाई पछ्याउँदा होस् ग्रेजुएट भएपछि प्रत्येक विद्यार्थी जीवनका लागि तयार छ भनी सुनिश्चित गर्दै भोलीका लागि शिक्षित बनाउनु हो। यो उद्देश्य पूरा गर्ने पहिलो महत्त्वपूर्ण कदम भनेको सुव्यवस्थित, सुरक्षित र सकारात्मक अध्ययन वातावरण उपलब्ध गराउनु हो। सुपरिटेन्डेन्टको रूपमा, मैले गम्भीरतापूर्वक धारण गर्ने उत्तरदायित्वहरू मध्ये एक भनेको विद्यार्थीहरू र कर्मचारीहरूका लागि सुरक्षित वातावरण उपलब्ध गराउनु हो।

विद्यार्थी र परिवारहरू, हाम्रा विद्यार्थीहरूलाई शैक्षिक र सामाजिक रूपमा सफल हुन उनीहरू सबैका लागि सुरक्षित वातावरण सिर्जना गर्न तपाईंसँग साझेदार गर्न पाउनु **PLSD** को सौभाग्य हो। कृपया यस हातेपुस्तिकामा उपलब्ध आचार नीति र उपस्थितिसम्बन्धी अपेक्षाहरू तपाईंको बच्चासँगै बसेर समीक्षा गर्नुहोस्। एकसाथ काम गर्नाले, हामी बालबालिकाको अध्ययन र वृद्धिका लागि समुदायमा स्कूलहरूलाई सबैभन्दा सुरक्षित स्थानहरू राख्न निरन्तरता दिन सक्छौं।

**PLSD** प्रति तपाईंको प्रतिबद्धताका लागि धन्यवाद।

भवदीय,

Chris M. Briggs, Ed.D.

Chris M. Briggs, Ed.D.
स्कूल्स सुपरिटेन्डेन्ट

## पिकरिङ्टन लोकल स्कूल डिस्ट्रिक्ट

**परिकल्पना:** हामी प्रत्येक दिन, प्रत्येक बच्चालाई स्वागत गरी अवसरहरू प्रदान गरेर समुदाय र समाजमा सुधार गर्दै रोजाइको स्कूल डिस्ट्रिक्ट बन्न चाहन्छौँ।

**लक्ष्य:** हाम्रो लक्ष्य भनेको सबै विद्यार्थीलाई जिम्मेवार, उत्पादनशील नागरिक बन्न सक्षम बनाउने आकर्षक, नवीन र समग्र अनुभव प्रदान गर्नु हो।

### विद्यार्थी आचरण नियमहरूको पहिलो चेतावनी

यी नियमहरूप्रति तपाईंको स्वीकृतिले पहिलो चेतावनी निर्माण हुन्छ। तपाईंलाई कुनै पनि थप चेतावनी दिइने छैन। यी नियमहरू र यिनीहरूको उल्लङ्घन गर्नुका परिणामहरूका बारेमा आफूलाई परिचित गराउनु तपाईंको जिम्मेवारी हो। यसमा समावेश भएका नियमहरू सबै विद्यालय परिसरमा, विद्यालयद्वारा प्रायोजित क्रियाकलापमा र विद्यालय बस वा बोर्डको स्वामित्व भएका अन्य सवारी साधनमा बाहिर जाँदा सबै विद्यार्थीमा लागू हुन्छन्। यस हातेपुस्तिकामा समावेश भएका नीतिहरूको प्रयोग पिकरिङ्टन स्कूल्सका सबै क्रियाकलापमा लागू हुन्छ।

### विद्यार्थी आचार-संहिताको उपलब्धता

हाम्रो आचार-संहिता डिस्ट्रिक्टको वेबसाइटमा पोस्ट हुनुका साथै मुख्य कार्यालय, मार्गदर्शन कार्यालय, मिडिया सेन्टर र कक्षाकोठाहरूमा पनि फेला पार्न सकिन्छ।

## शिक्षा बोर्डका नीतिहरूको उपलब्धता

शिक्षा बोर्डले विद्यार्थी, कर्मचारी र विद्यालयका सञ्चालनहरूसँग सम्बन्धित नीति तथा प्रक्रियाहरू स्थापना गरेको छ। यी नीति तथा प्रक्रियाहरू डिस्ट्रिक्टको वेबसाइटमा दिइएका लिङ्कहरूमा फेला पार्न सकिन्छ।

#### भाषा सहायतासम्बन्धी सूचना

पिकरिङ्टन स्कूल्सले सीमित अङ्ग्रेजी प्रवीणता (Limited English Proficiency, LEP) भएका व्यक्तिहरूसँग डिस्ट्रिक्टभर उपलब्ध भएका सबै सेवा, क्रियाकलाप र कार्यक्रममा अर्थपूर्ण पहुँच छ र सहभागी हुन पाउने समान अवसर छ भनी सुनिश्चित गर्नका लागि उचित कदमहरू चाल्ने छ। LEP भएका विद्यार्थी र परिवारहरूसँग अर्थपूर्ण सञ्चार सुनिश्चित गर्ने र सबै विद्यार्थीको शिक्षासँग सम्बन्धित जानकारी सञ्चार गर्ने PLSD को नीति हो। यो नीतिको अनुपालना गर्न आवश्यक पर्ने सबै सेवाहरू यस प्रकारको सहायता आवश्यक भएका विद्यार्थी र तिनका परिवारहरूलाई निःशुल्क रूपमा उपलब्ध गराइने छ। सहायताका लागि, कृपया 614-833-2110 मा कल गर्नुहोस्।

**परिभाषाहरू**

*शैक्षिक अखण्डता:* शैक्षिक बेइमानी भनेको तथ्यहरूलाई झूटो ठहर गर्ने वा जानकारीको दुरूपयोग गर्ने , परीक्षण, प्रश्नोत्तर वा परीक्षाको अवधिमा अनधिकृत सामग्रीहरूको प्रयोग गर्ने, अर्को शैक्षिक दुराचारमा सहायता गर्ने वा योगदान पुऱ्याउने जस्ता आफ्नो कार्यमा अर्काको बौद्धिक सम्पत्तिलाई उपयुक्त रूपमा स्वीकार गर्न असफल हुनु हो। विद्यार्थी आफ्नो यस्ता कामले शैक्षिक अखण्डताको उल्लङ्घन गर्न सक्छ भन्ने कुरामा चिन्तित भएमा आफ्नो क्रेडिट कार्य बुझाउनुअघि शिक्षकसँग वार्तालाप गर्नु विद्यार्थीको जिम्मेवारी हो।

*छल गरी नक्कल गर्ने:* अरूको कामलाई आफ्नो काम भनेर धोका दिने कार्य। यसमा अर्को विद्यार्थीका सबै वा आंशिक असाइनमेन्टको नक्कल गर्ने वा अरूको असाइनमेन्ट बुझाउने (विशेषगरी शिक्षकले अनुमति नदिँदासम्म) लगायतका कार्यहरू समावेश हुन्छन्। यस प्रकारको छलमा परीक्षण, प्रश्नोत्तर, परीक्षा वा परियोजनाको अवधिमा नोट, पुस्तक, प्रतिबन्धित प्रविधि, क्याल्कुलेटर वा कम्प्युटर जस्ता अनधिकृत सामग्रीहरू प्रयोग गर्ने कुराहरू पनि समावेश हुन्छन्। शिक्षकले स्पष्ट रूपमा अनुमति नदिँदासम्म विद्यार्थीहरूले परीक्षण, प्रश्नोत्तर र परियोजनाहरूमा जानकारी साझा गर्न पाउँदैनन्। पेपर/गृहकार्य लेख्न कृत्रिम बौद्धिकता (Artificial Intelligence, AI) को प्रयोग...

*साहित्यिक चोरी:* अरूका प्रकाशित विचार वा शब्दहरूलाई आफ्नो भनेर प्रस्तुत गर्ने कार्य। यसमा पुस्तक, कविता, वक्तव्य, चलचित्र, टिभी, समाचारपत्र, पत्रिकाहरू र इन्टरनेट मिडियालगायतका कुराहरू समावेश हुन्छन्। त्यस्ता स्रोतहरूमा पाइएका जानकारी प्रयोग गर्नु परेमा लेखक वा वक्तालाई श्रेय दिनका लागि उचित उद्धरण र ढाँचा आवश्यक पर्छ। साथै, वास्तविक कार्यको कुनै पनि संशोधन वा विवरणमा पनि सही उद्धरणहरू हुनुपर्छ।

*बनावटी:* शैक्षिक लाभका लागि हस्ताक्षर, विद्यालयसँग सम्बन्धित फाराम, कागजात वा रेकर्डहरू (कागजी वा इलेक्ट्रोनिक ढाँचामा) हेरफेर गर्ने कार्य। खेलकूद वा कलेज जस्ता अन्य स्रोतहरूमा प्रदान गरिएका बनावटी जानकारीले हाइ स्कूलको नियन्त्रणभन्दा बाहिर अतिरिक्त परिस्थितिहरू निम्त्याउन सक्छ।

*चोरी गर्ने:* व्यक्तिगत फाइदाका लागि शैक्षिक जानकारी लिने कार्य। उदाहरणहरूमा अनुमतिविना अर्को विद्यार्थीको काम चोर्ने, परीक्षाबारे महत्त्वपूर्ण कुरा चोर्ने, अनुमतिविना शिक्षकको कोठाबाट प्रश्नपत्र निकाल्ने, शिक्षकको कम्प्युटरबाट इलेक्ट्रोनिक सामग्री लिने वा शिक्षकलाई परीक्षण पुस्तिका फिर्ता गर्नुको सट्टा आफैँले राख्नेलगायतका कुराहरू समावेश छन्।

*जालसाजी:* स्रोतका सम्बन्धमा अनधिकृत, जानाजानी भ्रामक जानकारी उत्पादन गर्ने वा शैक्षिक क्रेडिटका लागि दाबी नगरिएका सन्दर्भहरू सिर्जना गर्ने कार्य। असाइनमेन्टमा वैध स्रोत र उद्धरणहरू देखिए तापनि जानकारीको वास्तविक स्रोत भने देखिँदैन। शैक्षिक बेइमानीको आरोप लागेका विद्यार्थीहरूलाई शिक्षक वा अन्य सुपरभाइजरका अवलोकन, सामग्रीहरू र/वा जानकारीबाट सङ्कलन गरिएको प्रमाणमा आधारित रहेर फैसला गरिने छ। कर्मचारी वा विद्यार्थीलगायतका अन्य मानिसहरूले व्यक्त गरेका चिन्ताहरूलाई पनि ध्यानमा राख्न सकिन्छ।

**स्वीकार्य प्रयोग नीति**

पिकरिङ्टन स्कूल्सले विद्यार्थीहरूलाई कम्प्युटर उपकरण, प्रोग्राम, प्रणाली, इमेल, इन्टरनेट र अन्य प्रविधिहरूमा पहुँच दिन्छ। प्रत्येक विद्यार्थीले यस पहुँचको उपयुक्त र वैधानिक प्रयोगका लागि जिम्मेवारी लिनुपर्छ। विद्यार्थीहरूले अरूलाई हानि पुर्‍याउने वा अरूको सम्पत्तिमा क्षति पुर्‍याउने वा कानुन, बोर्ड नीति वा विद्यार्थी आचार-संहिताको उल्लङ्घन गर्ने खालका क्रियाकलापहरूका लागि स्कूल डिस्ट्रिक्टको उपकरण, प्रणाली वा नेटवर्क प्रयोग गर्न पाउने छैनन्। बोर्ड वा अधिकृत डिस्ट्रिक्ट अधिकारीहरूले निम्न मार्गनिर्देशनहरूका आधारमा विशेष परिस्थितिहरूमा कुन-कुन सामग्री, फाइल, जानकारी, सफ्टवेयर, सञ्चार र अन्य सामग्री तथा क्रियाकलापहरूलाई अनुमति दिने र प्रतिबन्धित गर्ने भन्ने बारेमा राम्रो विश्वासमा निर्णय गर्नु हुने छ। अस्वीकार्य मानिएका र यस नीतिको उल्लङ्घन गर्ने प्रयोग तथा क्रियाकलापहरूमा निम्नलगायतका कुराहरू समावेश हुन्छन्: अवैध क्रियाकलाप, अनुपयुक्त सामग्रीमा पहुँच, अनुपयुक्त वा असंवेदनशील सञ्चार, प्रतिलिपि अधिकार कानुनहरूको उल्लङ्घन, सफ्टवेयरको प्रतिलिपि, साहित्यिक चोरी, उपकरण, पासवर्डहरू वा सफ्टवेयरको दुरूपयोग, दुर्भावनापूर्ण प्रयोग वा विनाश र इन्टरनेटमा अनधिकृत पहुँच। डिस्ट्रिक्ट र यसका कर्मचारीहरूलाई जुनसुकै समयमा डिस्ट्रिक्टका उपकरणहरू र डिस्ट्रिक्टको इन्टरनेट प्रयोगलाई फिल्टर र निगरानी गर्ने अधिकार छ। (24/घण्टा, वर्षमा 365/दिन)

पिकरिङ्टन स्कूल्सले डिस्ट्रिक्टलाई विद्यार्थीको खाता, PLSD Google खातामा लिङ्क भएका सबै खाता र विद्यार्थीको PLSD स्वामित्वमा रहेका Chromebooks को निगरानी गर्न अनुमति दिने विभिन्न प्रकारका सेवाहरू प्रयोग गर्ने छ। यी सेवाहरूमा स-साना उल्लङ्घनहरू हुँदा विद्यार्थीहरूलाई सूचित गर्ने क्षमता हुन सक्छ। साथै, ठुलो उल्लङ्घन हुँदा वा स्वयम् आफैँलाई हानि पुर्‍याउने सम्भावना हुँदा PLSD प्रशासकहरूलाई सूचित गर्नुहोस्।

कृपया अतिरिक्त विवरणहरूका लागि डिस्ट्रिक्ट वेबसाइटमा नीति 7540.03 को पूर्ण रूपमा समीक्षा गर्नुहोस्।

**दुर्घटना संरक्षण नीति**

पिकरिङ्टन शिक्षा बोर्डले सुपरिटेन्डेन्टलाई बालबालिकाहरूलाई समेट्ने दुर्घटना बीमा नोमिनल प्रिमियममा आमाबुवा /अभिभावकलाई उपलब्ध गराउन अनुमति दिन्छ। कार्यक्रममा बच्चालाई समेट्नु आमाबुवा/अभिभावकको निर्णय हो। बीमाले विद्यालयको समयमा, विद्यालय आउने र जाने बाटोमा र विद्यालयका कार्यहरूमा उपस्थित भइरहेको बेलामा घट्ने दुर्घटनाहरूलाई समेट्छ। विद्यालय बीमा कार्यक्रमका बारेमा थप जानकारी हाम्रो वेबसाइट www.pickerington.k12.oh.us मा फेला पार्न सक्नुहुन्छ।

**क्रियाकलापहरू**

मक ट्रायल, फल प्ले, स्प्रिङ म्युजिकल, कोरल, ई-स्पोर्ट्स, साइन्स ओलम्पियाड, रोबोटिक्स, इन द नो, मार्चिङ ब्यान्ड, डाइभर्सिटी क्लब, टेक गुरु

योग्य विद्यार्थी हुनका लागि निम्न गर्नुपर्छ:

A. प्रत्येक ग्रेडिङ अवधिमा 1.750 वा अझ राम्रो ग्रेड पोइन्ट कायम राख्ने।

   a. प्रत्येक ग्रेडिङ अवधिका लागि अघिल्लो ग्रेडिङ अवधिमा प्राप्त गरिएका ग्रेडहरूका अनुसार योग्यता निर्धारण गरिन्छ। खेलाडी प्रत्येक ग्रेडिङ अवधि समाप्त भएपछिको पाँचौँ विद्यालय दिनदेखि सुरु हुने अर्को ग्रेडिङ अवधिका लागि योग्य वा अयोग्य हुनु हुने छ। योग्यता वा अयोग्यता अर्को ग्रेडिङ अवधि समाप्त भएपछिको पाँचौँ विद्यालय दिनसम्म कायम रहने छ।

   b. योग्यता उद्देश्यहरूका लागि, नवौँ-ग्रेडका नयाँ विद्यार्थीहरूले हाइ स्कूल क्रेडिटका लागि कुनै जुनियर हाइ स्कूल पाठ्यक्रम(हरू) लिएको खण्डमा उनीहरूको GPA स्थापना हुने छ (उदाहरणका लागि, कुनै विद्यार्थीले स्पेनिश भाषा मात्र लिनुभयो र "C" प्राप्त गर्नुभयो भने योग्यता उद्देश्यका लागि उक्त विद्यार्थीको नवौँ-ग्रेडको GPA 2.0 हुने छ)।

   c. सबै प्रारम्भिक नवौँ-ग्रेडका विद्यार्थीहरूले नामाङ्कन गरेका 75 प्रतिशत विषयहरूमा उत्तीर्ण गरेको हुनुपर्छ र फल क्रियाकलापहरूका लागि योग्य हुन अघिल्लो ग्रेडिङ अवधि (आठौँ-ग्रेड वर्षको अन्तिम ग्रेडिङ अवधि) मा 1.75 GPA ल्याएको हुनुपर्छ।

B. सबै विद्यार्थीका ग्रेडहरू मध्य-अवधिमा र ग्रेडिङ अवधिको अन्त्यमा जाँच गरिनुपर्छ। ग्रेड 7-12 मा अध्ययनरत विद्यार्थीहरूले प्रत्येक पटक जाँच गर्दा कम्तीमा 5.0 क्रेडिट वा बराबर अङ्क ल्याएर उत्तीर्ण गरेको हुनुपर्छ।

थप विशिष्ट विवरणहरूका लागि आफ्नो सल्लाहकारसँग कुरा गर्नुहोस्/बोर्ड नीति हेर्नुहोस्।

**मादक पदार्थ तथा लागू पदार्थ**

मादक पदार्थ वा लागू पदार्थको वितरण, धारण, प्रयोग वा उपभोगको प्रमाण निषेधित छ र उक्त कुरालाई गम्भीर रूपमा लिइने छ। यसमा घर र घरबाट टाढाका अतिरिक्त पाठ्यक्रमसम्बन्धी कार्यक्रमहरू समावेश छन्। यो नीति भेपिङ यन्त्र, क्याफिन ट्याबलेट वा पाउडर, CBD उत्पादन, समतुल्य पदार्थहरू र लागू पदार्थको काम गर्ने अन्य वस्तुमा पनि लागू हुन्छ। ओहायो संशोधित संहिता 3321.13 र बोर्ड नीतिबमोजिम विद्यालयहरूले कुनै पनि विद्यार्थीको लागू पदार्थ वा मादक पदार्थसँग सम्बन्धित निलम्बनहरूका बारेमा मोटर साधन विभागमा रिपोर्ट गर्नुपर्छ। यी व्यक्तिहरूको ड्राइभिङ विशेषाधिकार रद्द हुन सक्छ। कृपया बोर्ड नीति 5611 हेर्नुहोस्।

**पैसा उधारो लिने**

Pickerington Schools मा नगदसम्बन्धी कुनै पनि नीति छैन; तसर्थ, कार्यालयले विद्यार्थीहरूलाई पैसा उधारो दिन सक्दैन।

**क्याफेटेरिया / जनसभा (कमन्स)**

विद्यालयमा एउटा क्याफेटेरिया छ जसले प्रत्येक विद्यालय दिनमा विद्यार्थीहरूका लागि तातो, पोषणयुक्त खाजाहरू प्रदान गर्दछ। दिउँसोका लागि घरबाट खाजाहरू ल्याउने विद्यार्थीहरूले क्याफेटेरियामा दूध खरिद गर्न सक्छन्। विद्यार्थीहरूलाई खाजा खान का लागि बाहिर जान र कक्षाहरूमा उपस्थित हुनका लागि भवनमा फर्कन अनुमति दिइँदैन। साथै, विद्यार्थीहरूले भवनमा आमाबुवा/अभिभावक वा डेलिभरी सेवामार्फत बाहिरबाट खाना मगाउँन सक्दैनन्।

आमाबुवा/अभिभावकले कम्प्युटरराइज गरिएको नगद दर्ता प्रणालीबाट आफ्नो बच्चाको खाजाका लागि अग्रिम भुक्तानी गर्न सक्नुहुन्छ। खाजा र खरिद गरिएका कुनै अन्य वस्तुको रकम यस खाताबाट कटौती गरिने छ। यो प्रणाली खाजाको प्रक्रियालाई बढाउन मद्दत गर्न डिजाइन गरिएको हो र यो आमाबुवाले खाजाहरूका लागि अग्रिम भुक्तानी गर्न ठीक छ। आमाबुवा/अभिभावकले https://www.mypaymentsplus.com/welcome मा रहेको आफ्नो बच्चाका खाताहरू निरीक्षण गर्न र रकम थप्न सक्नुहुन्छ

विद्यार्थीहरूले आफ्नो तालिकाबद्ध खाजा खाने समयवधिमा खाजाका लागि आफ्नो निर्धारित क्षेत्रमा रिपोर्ट गर्न आवश्यक छ। खाजा लैजान (खैरो झोलामा) वा खरिद गर्न सकिन्छ। खरिद गरिएका खाजाहरू क्लास ए ट्रे टाइप लन्च वा ए ला कार्टे (a la carte) हुन सक्छ। टेबलहरूको सरसफाइ गर्ने जिम्मेवारी त्यहाँ बस्ने सबै विद्यार्थीको हुन्छ। चोरी गर्ने, फोहोर छोड्ने वा खाना/फोहोर वस्तुहरू फाल्नेलगायत खाजा कोठामा हुने कुनै पनि अवरोध अनुशासनात्मक कारबाहीको आधार हुन सक्छ।

**ठेगाना परिवर्तन**

ठेगानामा कुनै पनि परिवर्तन भएमा 614-920-6180 मा कल गरेर डिस्ट्रिक्टको स्वागत केन्द्रलाई रिपोर्ट गर्नुपर्छ। Infinite Campus अभिभावक पोर्टल www.pickerington.k12.oh.us मा घरको फोन नम्बर र/वा आमाबुवा/अभिभावकको कार्यालयको फोन नम्बर परिवर्तन गर्नुपर्छ।

**बाल संरक्षणसम्बन्धी नियमहरू**

सम्बन्ध विच्छेद भएको/अलग्गै बसेको अवस्थामा, संरक्षणसम्बन्धी प्रावधानहरू निर्धारण गर्ने सम्बन्ध विच्छेदको निर्णय/अलग्गै बस्ने सम्झौताको अन्तिम सम्झौताको प्रतिलिपि विद्यालयमा उपलब्ध गराइनुपर्छ। पछि अदालतको आदेश वा निर्णयमा कुनै परिवर्तन गरिएमा विद्यालयका अधिकारीहरूलाई पनि थाहा दिनुपर्छ। भवनका कर्मचारीसँग संरक्षण/विद्यार्थीका समस्याहरू सम्बोधन गर्नका लागि उचित पहिचान अनुरोध गर्न सकिन्छ।

**बन्द र ढिलाइ**

कहिलेकाहीँ, पिकरिङ्टन स्कूल्स बन्द हुन्छ वा ढिलो खुल्छ वा बिरलै अवस्थाहरूमा विद्यालय चाँडै बन्द हुन्छ वा खराब मौसम अथवा अन्य कारणहरूका आधारमा भर्चुअल अध्ययन हुन्छ। यी निर्णयहरू हाम्रा विद्यार्थीहरूको सुरक्षाका लागि गरिन्छ। हामीले बिहानको 5:30 बजेभित्र यी निर्णयहरू लागू गर्न खोज्दा कहिलेकाहीँ असम्भव हुन्छ।

हामी परिवारहरूलाई सम्भावित बन्द हुने अवस्थामा पारिवारिक आपतकालीन योजनाहरू बनाउन सिफारिस गर्छौं। डिस्ट्रिक्टले विद्यालय सामा न्य दिनभन्दा चाँडै बन्द गर्नु परेमा, उक्त योजनाहरूमा तपाईंको बच्चालाई कुनै ठाउँ (घर, बेबीसिटर, छिमेकीको घर, आदि) मा पठाउने कुरा समावेश हुनुपर्दछ।

पिकरिङ्टन स्कूल्स कुनै कारणवश बन्द हुँदा, डिस्ट्रिक्टले हाम्रो Infinite Campus को अभिभावक सूचना प्रणाली, वेबसाइट र सामाजिक सञ्जालमार्फत आमाबुवा/अभिभावकसँग सञ्चार गर्ने छ। (विवरणहरूका लागि "सञ्चार" हेर्नुहोस्।)

हामीले यसबारे जानकारी निम्न स्थानीय टिभी स्टेशनहरूमा पनि उपलब्ध गराउने छौँ: WCMH-TV (च्यानल 4), WBNS-TV (च्यानल 10), WSYX-TV (च्यानल 6) र FOX-TV (च्यानल 28)।

बन्द र ढिलाइ गर्नेसम्बन्धी हाम्रो पद्धतिबारे थप जानकारी हाम्रो वेबसाइट www.pickerington.k12.oh.us/ मा हेर्नुहोस्

**सह-पाठ्यक्रम र अतिरिक्त-पाठ्यक्रमसम्बन्धी आचार-संहिता**

बोर्डले खेलकूदबाहेकका अतिरिक्त-पाठ्यक्रम क्रियाकलापहरूमा सहभागी हुने विद्यार्थीहरूका लागि सह-पाठ्यक्रम र अतिरिक्त-पाठ्यक्रमसम्बन्धी आचार-संहिता अपनाएको छ। थप विशिष्ट विवरणहरूका लागि आफ्नो सल्लाहकारसँग कुरा गर्नुहोस्। (नीति 2432.03 हेर्नुहोस्)। आमाबुवा/अभिभावक र विद्यार्थीले आचार संहितामा अनिवार्य रूपमा हस्ताक्षर गर्नुपर्छ (कागजातमा लिङ्क थप्नुहोस्)। Add link to the document.

**सञ्चार**

डिस्ट्रिक्ट र प्रत्येक विद्यालयहरूले आमाबुवा/अभिभावक र समुदायसँग सञ्चार गर्नका लागि विभिन्न उपकरण र रणनीतिहरू प्रयोग गर्छन्। यी उपकरणहरूमा निम्नलगायतका कुराहरू समावेश छन्:

*वेबसाइट*: डिस्ट्रिक्टसम्बन्धी जानकारीको प्राथमिक स्रोत हाम्रो वेबसाइट, http://www.pickerington.k12.oh.us हो।

*आमाबुवा/अभिभावक सूचना प्रणाली (इमेल, TalkingPoints, Smore, पाठहरु र फोन कलहरू)*: पिकरिङ्टन स्कूल्सले विपद्का दिन जस्ता विशेष घोषणा र आपतकालीन अवस्थाहरूका लागि धेरै परिवार सदस्यहरूलाई सम्पर्क गर्नका लागि Infinite Campus को माध्यमबाट इ-सञ्चार र टेलिफोन सेवा प्रयोग गर्छ। विद्यार्थी व्यवस्थापन प्रणाली मा आमाबुवा/अभिभावकहरूले आफ्नो सम्पर्क प्राथमिकताहरूको रूपमा पहिचान गरेका ठेगाना र फोन नम्बरहरूमा यस प्रणालीले इमेल, फोन कल र टेक्स्ट सन्देशहरू पठाउँछ।

आमाबुवा / अभिभावकहरूलाई विद्यार्थी व्यवस्थापन प्रणाली मार्फत फाइलमा रहेको सम्पर्क जानकारीका आधारमा स्वचालित रूपमा सदस्यहरूको रूपमा नामाङ्कन गरिन्छ। त्यसैकारण, अभिभावकहरूले Infinite Campus मा रहेको आफ्नो सम्पर्क जानकारी सही छ भनी सुनिश्चित गर्नुपर्छ। यो अनलाइन अभिभावक पोर्टलमा लग इन गरेर गर्न सकिन्छ: अभिभावक पोर्टल वा तपाईंको बच्चाको भवन सचिवसँग जाँच गरेर हामीसँग तपाईंको सबैभन्दा नवीनतम फोन नम्बरहरू र इमेल ठेगानाहरू छन् भनी सुनिश्चित गर्नुहोस्।

आमाबुवा/अभिभावकले आफ्नो इमेल र टेलिफोन सम्पर्क प्राथमिकताहरू परिवर्तन गर्न र सूचनाहरूबाट अप्ट-आउट गर्नका लागि यो प्रणालीमा लग इन गर्न पनि सक्नुहुन्छ। यी सन्देशहरूमा हिउँ/विपद्का दिनबारे जानकारी समावेश छ तर यतिमा मात्र सीमित छैन।

*सामाजिक सञ्जाल*: आमाबुवा/अभिभावकलाई Facebook र Twitter मा डिस्ट्रिक्ट र आफ्नो बच्चाको विद्यालयलाई फलो गर्न प्रोत्साहित गरिन्छ। सबै उपलब्ध खाताका लिङ्कहरू www.pickerington.k12.oh.us मा फेला पार्न सकिन्छ

*समाचारपत्र*: डिस्ट्रिक्ट र धेरै विद्यालयका भवन प्रबन्धकहरूले आमाबुवा/अभिभावकहरूका लागि समय-समयमा समाचारपत्रहरू प्रस्तुत गर्नुहुन्छ। विद्यालयका आधारमा, यी समाचारपत्रहरू मेल गर्न, भवन र/वा डिस्ट्रिक्टको वेबसाइटमा पोस्ट गर्न, सामाजिक सञ्जालमा साझा गर्न वा आमाबुवा/अभिभावक सूचना प्रणालीमार्फत र/वा Smore नामक कार्यक्रम प्रयोग गरेर इमेल गर्न सकिन्छ।

*आमाबुवा/अभिभावक र शिक्षकबिचका कन्फेरेन्सहरू*: यिनीहरू प्रत्येक वर्ष दुई पटक आयोजित हुन्छन् र आमाबुवाका लागि आफ्नो बच्चाका शिक्षक(हरू) र भवन प्रशासकहरूसँग प्रत्यक्ष कुराकानी गर्ने बहुमूल्य अवसर हुन्।

*बससम्बन्धी जानकारी*: बस मार्गसम्बन्धी नवीनतम जानकारी हाम्रो Elink अभिभावक पोर्टल Bus Information मार्फत उपलब्ध गराइएको छ। Infinite Campus ले छ अङ्कको विद्यार्थी आइडी नम्बर (ID#) तोकेपछि 24 घण्टाभित्रमा प्रत्येक विद्यार्थीका लागि स्वचालित रूपमा खाता बनाइन्छ। प्रयोगकर्ता नाम र पासवर्ड भनेको विद्यार्थीको आइडी नम्बर (ID#) हो। सबै बस बिसौनी परिवर्तन गर्नेसम्बन्धी अनुरोधहरूका लागि पनि यो पोर्टल प्रयोग गरिन्छ। Elink मा लगइन गरिसकेपछि, तपाईं यस उद्देश्यका लागि सञ्चार फाराममा पहुँच गर्न "अभिभावक सञ्चार" ट्याब छनोट गर्न सक्नुहुन्छ।

**सरोकार/प्रश्नहरू**

डिस्ट्रिक्टले सरोकारहरू सम्बोधन गर्न र द्वन्दहरू समाधान गर्नका लागि आमाबुवा/अभिभावकलाई सर्वप्रथम आफ्नो बच्चाका शिक्षक(हरू)सँग काम गर्न प्रोत्साहित गर्छ। शिक्षक(हरू)सँग भेटेपछि पनि तपाईंसँग थप सरोकारहरू छन् भने, विद्यालयको प्रशासनलाई सम्पर्क गर्नुहोस्।

**आँगन**

आँगनको प्रयोग भवन प्रशासनको निर्णयमा हुने छ।

**विद्यार्थीहरूलाई डेलिभरीहरू**

पुस्तक, परियोजना, खाजा खाने पैसा जस्ता विद्यालयसँग सम्बन्धित वस्तुहरू तपाईंको विद्यार्थीलाई दिनका लागि कार्यालय वा फ्रन्ट डेस्कमा बस्ने व्यक्तिसँग छोड्न सक्नुहुन्छ। आमाबुवा/अभिभावकले डेलिभर गरेको भए तापनि खाना, बेलुन, फूल, आदि जस्ता कुनै डेलिभरी स्वीकार गरिने छैन। विद्यालयहरूले भवनमा विद्यार्थीहरूका लागि पठाइएका डेलिभरीहरूको जिम्मेवारी लिन सक्दैन।

**निर्देशिका जानकारी (O.R.C. 3319.321)**

डिस्ट्रिक्टले विद्यार्थीको शिक्षा रेकर्डमा समावेश भएको निम्न व्यक्तिगत रूपमा पहिचानयोग्य जानकारी "निर्देशिका जानकारी" को रूपमा तोकेको हो। यसले पूर्व लिखित सहमतिविना लाभदायक योजना वा क्रियाकलापबाहेकका जानकारी खुलासा गर्छ। त्यस्ता जानकारीमा निम्न पर्दछन्:

1. विद्यार्थीको नाम;
2. अध्ययनको मुख्य क्षेत्र
3. आधिकारिक रूपमा पहिचान गरिएका क्रियाकलाप र खेलकूदहरूमा सहभागिता;
4. खेलकूद टोलीको सदस्य भएमा, विद्यार्थीको उचाइ र तौल;
5. उपस्थितिको मिति (नामाङ्कनको सुरुवात र समाप्ति मिति);
6. ग्रेजुएसनको मिति; र
7. प्राप्त गरिएका पुरस्कारहरू।

आमाबुवा/अभिभावकहरूले विद्यालयले विद्यार्थीका बारेमा माथिका मध्ये कुनै पनि जानकारी खुलासा नगर्नका लागि अनुरोध गर्न विद्यालय परामर्शदाताको कार्यालयमा सम्पर्क गर्न सक्नुहुन्छ।

Senate Bill 26 ले ओहायो पब्लिक स्कूल्सलाई सशस्त्र बल नियुक्तिकर्ताहरूसामु सफमोर, जुनियर र सिनियरबारे निर्देशिका जानकारी खुलासा गर्न आग्रह गर्छ। तसर्थ, विद्यार्थीका आमाबुवा/अभिभावक/संरक्षकले स्कूल डिस्ट्रिक्टलाई जानकारी खुलासा नगर्ने भनेर लिखित अनुरोध पेश गर्न सक्नुहुन्छ।

कृपया निर्देशिका जानकारी र विद्यार्थीका रेकर्डहरूबारे थप जानकारीका लागि नीति 8330 विद्यार्थी रेकर्डहरूको समीक्षा गर्नुहोस्।

**पोशाक नियमावली**

सामान्यतया, पोशाक लगाउने र तयार हुने शैलीहरू मध्यम प्रकृतिको हुनुपर्छ र विद्यार्थीलाई अनुचित ध्यान आउन दिनुहुँदैन र/वा सकारात्मक तथा सुरक्षित अध्ययन वातावरणलाई बिगार्नुहुँदैन। पोशाक लगाउने र तयार हुने शैलीहरू यसप्रकारको हुनुहुँदैन:

- विद्यालयको प्राथमिक प्रकार्य, अर्थात् शिक्षाबाट विद्यार्थीहरूको ध्यान भङ्ग गर्ने; र
- आपत्तिजनक, जातिवादी, लिङ्गवादी, भेदभावपूर्ण नारा र लोगोहरू प्रदर्शन गर्ने वा विद्यार्थीहरूका लागि अनुपयुक्त मानिएका अभ्यासहरूलाई बढावा दिने। यसमा मदिरा, यौनजन्य क्रियाकलाप, सुर्तीजन्य पदार्थको विज्ञापन समावेश हुन्छ तर यतिमा मात्र सीमित हुँदैन।

पोशाक नियमावलीका उल्लङ्घनहरूका लागि विद्यार्थीलाई सम्बोधन गर्ने कुरामा निम्न कुराहरू समावेश हुन सक्छन्: विद्यार्थीलाई परामर्श, आमाबुवा/अभिभावकसँग सञ्चार गर्ने, उल्लङ्घनको सुधार गर्ने र/वा भवन प्रशासकद्वारा उपयुक्त मानिएअनुसार, दोहोराएर अपराधहरू गर्नेका लागि अनुशासनात्मक उपायहरू। भवन प्रशासकसँग के उपयुक्त हुन्छ भनी निर्णय लिने अधिकार हुन्छ।

**विद्यालय छोड्ने (O.R.C. 4510.32)**

विद्यालय छोडेका विद्यार्थीहरूको सवारी चालक इजातपत्र खारेज गर्नका लागि उनीहरूको नाम मोटर सवारी साधन ब्यूरोमा पठाइने छ।

**एलिभेटरको प्रयोग**

विद्यार्थीहरूले कार्यालयबाट अनुमति नलिइकन एलिभेटर प्रयोग गर्न पाउने छैनन्। सामान्यतया, विद्यार्थीहरूलाई स्वास्थ्य चिन्ता, शल्यक्रिया वा दुर्घटनाका कारण सीमित समयावधिका लागि एलिभेटरमा पहुँच गर्न आवश्यक हुन्छ। अपाङ्गता भएका विद्यार्थीहरूले आफ्ना आवश्यकताहरू पूरा गर्नका लागि उनीहरूसँगै एलिभेटरमा चढ्न एउटा व्यक्ति छनोट गर्न सक्छन्। यो आवश्यकता हुँदासम्म इलेक्ट्रोनिक एलिभेटरको चाबी वा पास विद्यार्थीलाई दिइने छ। चाबी विद्यालयको सम्पत्ति हो र दुरूपयोग गरिएमा कुनै पनि समयमा खारेज गर्न सकिन्छ। चाबी दिएबापत $10 डिपोजिट राख्न भनिने छ। चाबी हराएमा वा चोरी भएमा वा समयमै फिर्ता नगरिएमा शुल्क लगाउन सकिने छ।

**आपतकालीन चिकित्सा फारामहरू**

दुर्घटना हुन सक्छन् र घट्छन्। हामीले आपतकालीन अवस्थामा आमाबुवा/अभिभावक वा अन्य भरपर्दो वयस्कलाई सम्पर्क गर्न सक्छौँ भन्ने कुरा अत्यावश्यक हुन्छ। कृपया अनलाइनमा आपतकालीन चिकित्सा प्राधिकरण फाराम भर्नुहोस्। विद्यार्थीको बिमारी वा चोटपटकका कारण विद्यालय समयमा आपतकालीन अवस्था आइपरेमा, विद्यालयका कर्मचारीहरूले आमाबुवा/अभिभावकलाई सूचित गर्ने प्रयास गर्नु हुने छ। सफल भएमा, Infinite Campus मा सूचीबद्ध अन्य आपतकालीन सम्पर्कहरूमध्ये एउटामा कल गरिने छ।

विद्यालय वर्षको अवधिमा, ठेगाना र टेलिफोन नम्बरहरूमा परिवर्तनहरू हुन सक्छन्। निम्न लिङ्कमा रहेको Infinite Campus अभिभावक पोर्टल मा लगइन गरेर तपाईंको सम्पर्क जानकारीका अद्यावधिकहरू गर्न सकिन्छ।

**समान अवसर**

शिक्षा बोर्डले आफ्ना शैक्षिक कार्यक्रम वा गतिविधिहरूमा जाति, रङ, राष्ट्रिय मूल, लिङ्ग (लैङ्गिक झुकाव र विपरीतलिङ्गी पहिचानसहित), अपाङ्गता, उमेर (कानुनद्वारा अधिकृत बाहेक), धर्म, सैन्य स्थिति, वंश वा आनुवंशिक जानकारी (सामूहिक रूपमा, "संरक्षित वर्ग") का संरक्षित वर्गहरूका आधारमा भेदभाव गर्दैन।

**शुल्क/शुल्क छुट**

वार्षिक आधारमा, डिस्ट्रिक्ट शिक्षा बोर्डले हाम्रा शिक्षा पाठ्यक्रमहरूमा प्रयोग हुने सामग्रीहरूका लागि शुल्कको तालिका स्थापना गर्ने नियम तथा नियमनहरू अपनाउँछ। उपभोग्य सामग्रीहरू विद्यार्थीको सम्पत्ति बन्छन्। आर्थिक रूपमा अत्यावश्यक सामग्रीहरूको भुक्तानी गर्न नसक्ने परिवारहरूले शुल्क छुटहरूका लागि बोर्ड नीतिको सन्दर्भ लिनुपर्छ। विद्यालयको कार्यालयमा आवेदनहरू उपलब्ध छन्। विद्यालयको शुल्क भुक्तानी गर्न असफल भएमा, भुक्तानी प्राप्त नभएसम्म विद्यालय रेकर्डहरू (जस्तै, ग्रेड र क्रेडिटहरू) रोकिने छ। निम्न कुरामा ध्यान दिनुहोस्: Chromebooks र/वा iPads (प्राविधिक सुरक्षा योजनाहरू) को बीमा कभरेजका लागि प्रिमियमहरूमा छुट वा कटौती हुँदैन। यो ऐच्छिक कभरेज हो जसले डिस्ट्रिक्टद्वारा जारी गरिएका Chromebook र/वा iPad हरूको आपतकालीन हानि वा विनाशका लागि $400 सम्म कभरेज उपलब्ध गराउन सक्छ।

**स्थलगत भ्रमण**

स्थलगत भ्रमणमा विद्यार्थी सहभागी हुनका लागि अधिकृत वयस्कले हस्ताक्षर गरेको स्थलगत भ्रमणसम्बन्धी अनुमति विवरण र पूरा गरिएको आपतकालीन चिकित्सा फाराम (अनलाइनमा पूरा गरिएको), उपयुक्त विद्यार्थी व्यवहार र विद्यालयको सकारात्मक छवि प्रस्तुत गर्ने उपयुक्त पोशाक पेश गर्नु आवश्यक हुन्छ। विद्यार्थी आचार संहिता सबै स्थलगत भ्रमणमा पालना गर्न आवश्यक छ। विद्यार्थीको व्यवहारका आधारमा स्थलगत भ्रमणमा विद्यार्थीको सहभागिता प्रतिबन्धित हुन सक्छ।

स्थलगत भ्रमणमा उपस्थित हुने आमाबुवा/अभिभावकले स्वयंसेवक र आगन्तुकहरूको बोर्ड नीतिको पालना गर्नुपर्छ।

**खानेकुरा**

खानेकुरा र पेय पदार्थहरू तोकिएका खाने क्षेत्रहरूमा मात्र उपभोग गर्नुपर्छ। भवन प्रशासकको पूर्व स्वीकृतिविना कुनै पनि खाना वा पेयपदार्थ हलवे, कक्षाकोठा, आँगनमा वा बाहिर लैजानुहुँदैन। विद्यार्थीहरूले कक्षामा पानी पिउन सक्छन्। विद्यालयहरूमा कुनै खाद्य वस्तु (जस्तै तयारी खाजा/पिज्जा) मगाउँनुहुँदैन।

**हल पासहरू**

भवनको वरिपरि जान आवश्यक पर्ने विद्यार्थीले आफ्नो शिक्षकबाट उचित हल पास लिनुपर्छ र तुरुन्तै तोकिएको क्षेत्रमा जानुपर्छ। विद्यार्थीको हल पास प्रयोग भवन प्रशासकको निर्णयमा प्रतिबन्धित गर्न सकिन्छ।

**I.D. कार्डहरू**

हाइ स्कूलका विद्यार्थीहरूका लागि: प्रतिस्थापन आइडी विद्यार्थीलाई कार्डहरू $5.00 को लागतमा उपलब्ध छन्। जुनियर हाइ स्कूलका विद्यार्थीहरूका लागि: अतिरिक्त प्रतिस्थापन निर्देशनहरूका लागि आफ्नो भवन प्रशासकसँग कुरा गर्नुहोस्। आइडी कार्डहरू विद्यालय भवन र/वा खेलकूद कार्यक्रमहरूमा जानका लागि आवश्यक हुन सक्छन्।

**लकरहरू (O.R.C. 3313.20)**

विद्यालयका लकरहरू सीमित उपलब्धता भएका कारण अनुरोध गरेमा उपलब्ध हुन्छन्। लकरहरू विद्यालयका सम्पत्ति हुन् र विद्यार्थीहरूलाई विद्यालयका वस्तुहरू र विद्यालयका लागि आवश्यक व्यक्तिगत वस्तुहरू सुरक्षित राख्नका लागि उपलब्ध गराइन्छ। लकरमा अन्य कुनै पनि वस्तु राख्नुहुँदैन। विद्यालयका कर्मचारीहरू र/वा कानुन प्रवर्तन अधिकारीहरूले कुनै पनि समयमा लकरहरू र लकरहरूका सामग्रीहरूको अनियमित खोजतलाश गर्न सक्छन्। विद्यार्थीहरूलाई आफ्ना लकरहरूमा सधैँ ताल्चा लगाउन र उनीहरूको कम्बिनेसन कसैलाई नदिन आग्रह गरिएको छ। हराएको वा चोरी भएको सामानका लागि विद्यालय जिम्मेवार हुँदैन। विद्यार्थीहरूले आफ्ना लकरहरूलाई लागू पदार्थ/मादक पदार्थ/सुर्तीजन्य पदार्थको विज्ञापन, नारा, अनुपयुक्त तस्विरहरू वा निकाल्न गाह्रो हुने वा उल्लङ्घन गर्ने कुनै पनि वस्तुले सजाउन पाउँदैनन्। लकरहरूमा क्षति भएमा शुल्क लाग्न सक्छ।

**हिँड्डुल गर्ने**

कर्मचारीहरूले नभन्दासम्म वा कार्यतालिकामा नतोक्दासम्म विद्यार्थीहरू विद्यालय भवनका क्षेत्रहरूमा हिँड्डुल गर्नुहुँदैन। यी क्षेत्रहरूमा रेस्टरूम, हलवेहरू, कमन्स र/वा क्याफेटेरिया पर्दछन्। विद्यार्थीहरू कर्मचारी सदस्य वा कोचको प्रत्यक्ष निगरानीमा नहुँदासम्म विद्यालय दिन सकिएपछि विद्यालयमा वा विद्यालयको सम्पत्तिमा बस्नुहुँदैन। विद्यार्थीहरू विद्यालय दिन सकिएको 30 मिनेटपछि भवनबाट बाहिर निस्कनुपर्छ। कुनै विद्यार्थी कर्मचारी सदस्यको अनुरोधपछि पनि भवनबाट बाहिर निस्कन असफल भएमा उनीहरूलाई आज्ञापालन नगरेकोमा सजाय हुन सक्छ।

**मिडिया केन्द्र**

अधिकांश विद्यालय समयमा मिडिया सेन्टर खुला हुन्छ। आफू अध्ययन हलमा हुँदाको समयमा मिडिया सेन्टर जान चाहने विद्यार्थीहरूलाई त्यसो गर्न अनुमति दिइने छ। यद्यपि, मिडिया विशेषज्ञले मिडिया सेन्टरको कक्षाहरूको तालिकाको आधारमा प्रत्येक अवधिमा उपस्थित हुन अनुमति दिइएको विद्यार्थीहरूको सङ्ख्या निर्धारण गर्नु हुने छ। मिडिया सेन्टरमा पुस्तकहरू, इन्टरनेट पहुँच, पत्र-पत्रिका र समाचारपत्रलगायतका धेरै स्रोतहरू पाइन्छ। अनलाइन कार्ड क्याटलगले विद्यार्थीहरूलाई डिस्ट्रिक्टका सबै विद्यालय भवनमा सामग्रीहरू उपलब्ध गराउँछ। पिकरिङ्टन पब्लिक लाइब्रेरीका साथै कोलम्बस पब्लिक लाइब्रेरीमा सामग्रीहरूको उपलब्धता अनलाइन गेटवे क्याटलगबाट पनि जाँच गर्न सकिन्छ।

लाइब्रेरी मिडिया सेन्टरमा विद्यार्थीहरूले अरूको अधिकारको सम्मान गरून् र यो सिकाइको शैक्षिक क्षेत्र होस् भनेर त्यहाँ नियमहरू बनाइएका हुन्। मिडिया सेन्टरको प्रयोग एक विशेषाधिकार हो।

**विद्यालयद्वारा प्रायोजित नगरिएका प्रकाशनहरू**

विद्यालयद्वारा प्रायोजित नगरिएका हस्तलिखित, मुद्रित वा प्रतिरूप सामग्री(हरू) सम्पादन गर्न, प्रकाशन गर्न र/वा आफ्ना सहपाठीहरूलाई वितरण गर्न चाहने विद्यार्थीहरूले विद्यालयको भवन प्रबन्धकबाट अग्रिम अनुमति लिनुपर्छ। भवन प्रशासकको अनुमतिमा, विद्यार्थीहरूले डिस्ट्रिक्ट PeachJar साइटमा पोस्ट गर्नका लागि अनुमति पाउन सक्छन्। (विद्यार्थीका उद्देश्यहरूका लागि होइन)

**अभिभावक-शिक्षक संगठन (PTO/PTSO)**

हाम्रो प्रत्येक विद्यालयले प्रत्येक परिवारलाई आफ्नो अभिभावक-शिक्षक संगठनमा सामेल हुन निमन्त्रणा दिन्छ। कृपया PTO ले विद्यालय वर्षभरि सञ्चालन गर्ने विभिन्न गतिविधिहरूको बारेमा तपाईंको बच्चासँग घर पठाएका सूचनाहरू जाँच गर्नुहोस्।

**आमाबुवा/अभिभावक सम्मेलनहरू**

तपाईंलाई आफ्नो बच्चाको प्रगति बारे छलफल गर्नको लागि कुनै पनि समय एक सम्मेलन तालिका बनाउन प्रोत्साहित गरिन्छ। यो सायद बच्चा, आमाबुवा/अभिभावक(हरू), र विद्यालयका कर्मचारीहरूका लागि सञ्चारको सबैभन्दा राम्रो माध्यम हो।

पूर्व नियोजित आमाबुवा/अभिभावक-शिक्षक सम्मेलनहरू शरद ऋतु र जाडोमा आयोजित हुन्छन् र स्कूल डिस्ट्रिक्टको क्यालेन्डरमा फेला पार्न सकिन्छ। यी सम्मेलनहरू आमाबुवा/अभिभावक(हरू) र शिक्षकहरू दुवैका लागि धेरै महत्त्वपूर्ण छन्। आमाबुवा/अभिभावक(हरू) सँग विद्यालयमा तपाईंको बच्चाको प्रगतिलाई अझ पूर्ण रूपमा जान्न र बुझ्ने अवसर हुनेछ। सम्मेलनले शिक्षकहरूलाई प्रत्येक बालबालिका र आमाबुवा/अभिभावक(हरू)का अपेक्षाहरू राम्रोसँग बुझ्न सक्षम बनाउँछ। आमाबुवा/अभिभावक(हरू) लाई निर्धारित दिनहरूमा सम्मेलनको समय तालिका बनाउन सबै प्रयास गर्न आग्रह गरिएको छ। सम्मेलन सम्बन्धी जानकारी सम्मेलन मितिहरू भन्दा लगभग दुई हप्ता अघि विद्यार्थीहरूसँग घर पठाइन्छ। यदि विद्यालयहरू भर्चुअल गर्दैछन् भने , अभिभावक/अभिभावकले व्यक्तिगत रूपमा अनुरोध गर्न सक्छन्।

**पार्किङ**

बोर्डले विद्यार्थीहरू आफ्नै सवारी साधन चलाएर विद्यालय जान चाहेको कुरालाई मान्यता दिन्छ। राज्य कानुनबमोजिम, 17 वर्षमुनिका विद्यार्थी सवारी चालकको साथमा उनका आमाबुवा, अभिभावक वा संरक्षक नहुँदासम्म उनीहरूलाई परिवार सदस्यबाहेक एकभन्दा बढी व्यक्तिसँग सवारी चलाउने अनुमति छैन। विद्यार्थीहरूलाई अन्य विद्यार्थीलाई विद्यार्थीका क्रियाकलाप, समारोह र कार्यक्रमहरूमा लैजान र ल्याउनबाट निरुत्साहित गरिन्छ।

सवारी साधन चलाएर विद्यालय जान रोज्ने इजाजतपत्र प्राप्त विद्यार्थी सवारी चालकहरूले पार्क गर्ने अनुमति प्राप्त गर्नुपर्छ। त्यसका लागि $15 को शुल्क लाग्छ। विद्यार्थीले पास गुमाएमा, नियमित शुल्कको आधा हुनेगरी प्रतिस्थापन शुल्क लगाइने छ। प्रत्येक विद्यालय वर्षमा एउटामात्र (1) प्रतिस्थापन अनुमतिपत्र दिइने छ। विद्यार्थीहरूले एउटामात्र पार्किङ स्थल (एङ्गल पार्किङ होइन) ओगट्न पाउने छन्। संकाय र आगन्तुकहरूले आफ्ना लागि तोकिएका क्षेत्रहरूमा पार्क गर्नुपर्छ। अपाङ्गता क्षेत्रहरूमा स्पष्ट रूपमा चिह्न लगाइएको छ। विद्यालय दिनको अवधिमा कार्यालयको अनुमतिविना पार्किङ स्थलमा जाने विद्यार्थीहरूलाई सजाय हुन सक्छ। अनधिकृत वा अपाङ्गता पार्किङ क्षेत्रहरूमा पार्क गर्ने विद्यार्थीहरूलाई सजाय दिन सकिन्छ।

विद्यार्थीले विद्यालयको सम्पत्तिमा अटोमोबाइल राखेमा उक्त अटोमोबाइलमा विद्यार्थी, अन्य व्यक्ति वा सम्पत्तिको सुरक्षा वा रक्षालाई खतरामा पार्न सक्ने वस्तुहरू भएको उचित आशंका भएमा विद्यालयका अधिकारीहरूले विद्यार्थीको सवारी साधनमा खोजतलाश गर्ने कुरामा विद्यार्थीको सहमति भएको मानिन्छ। यस क्षेत्रमा सहायताका लागि प्रहरी र ड्रग डगको प्रयोग गर्न सकिन्छ।

लटमा पार्क गरिएका सवारी साधनहरूमा भएको क्षति, चोरी वा विनाशका लागि विद्यालय जिम्मेवार हुँदैन। पूर्व अनुमतिविना आगन्तुक, कर्मचारी र/वा अपाङ्गता भएका मानिसहरूका लागि तोकिएका क्षेत्रहरूमा पार्क गर्ने विद्यार्थीहरू वा राम्रोसँग सवारी साधन नचलाउने विद्यार्थीहरूलाई सजाय हुन सक्छ। प्रशासकले आवश्यक ठान्दा पार्किङ पासहरू रद्द गर्न सक्नुहुन्छ। पार्किङ दर्ता प्रक्रियाहरूको उल्लङ्घन गर्ने विद्यार्थीहरूको कार निजी खर्चमा जफत गर्न स किन्छ।

**व्यक्तिगत सञ्चार यन्त्रहरू** (बोर्ड नीति 5136)

यस नीतिका उद्देश्यहरूका लागि, "व्यक्तिगत सञ्चार यन्त्र" (PCD) मा डिस्ट्रिक्टको स्वामित्वमा नरहेका कम्प्युटर, ट्याब्लेट (उदाहरण; iPad जस्ता यन्त्रहरू), इलेक्ट्रोनिक रिडर ("ई-रिडर", उदाहरण, किन्डल जस्ता यन्त्रहरू), सेल फोन, स्मार्टवाच, स्मार्टफोन (उदाहरण; iPhones, एन्ड्रोइड यन्त्र, विन्डोज मोबाइल यन्त्र, आदि) समावेश हुन्छन् तर यतिमा मात्र सीमित हुँदैनन्।

ग्रेड 97-12 का विद्यार्थीहरूले विद्यालय अघि र पछि, लन्च ब्रेक अवधिमा, शैक्षिक वातावरणमा ध्यान भङ्ग नगर्ने, अवरोध नगर्ने वा अन्यथा हस्तक्षेप नगर्ने गरी कक्षाहरूको बिचमा, विद्यालयपश्चातका क्रियाकलापहरू (उदाहरण, अतिरिक्त पाठ्यक्रमसम्बन्धी क्रियाकलापहरू) वा विद्यालयसम्बन्धित कार्यक्रमहरूमा PCD हरू प्रयोग गर्न सक्छन्। PCD हरूको प्रयोग, शिक्षक वा प्रशासकद्वारा अनुमोदित बाहेक, अन्य कुनै पनि समयमा निषेध गरिएको छ र पूर्ण रूपमा बन्द गरिनुपर्छ (अर्थात, भाइब्रेट वा साइलेन्ट मोडमा मात्र राख्ने होइन) र नजरको सामुबाट टाढा भण्डारण गरिनुपर्छ। शैक्षिक वातावरणलाई क्षेत्र, भवन र डिस्ट्रिक्टले उपलब्ध गराएका

यातायातसहित डिस्ट्रिक्टको सम्पत्तिहरूको रूपमा परिभाषित गरिएको छ। विद्यार्थीहरूले उनीहरूलाई तोकिएका व्यक्तिगत उपकरणहरू वा डिस्ट्रिक्टका उपकरणहरू ऋण दिनु हुँदैन। उधारिएको, हराएको र/वा फिर्ता नगरिएको वस्तुहरूको लागि डिस्ट्रिक्ट जिम्मेवार छैन।

कुनै विद्यार्थीले आफ्नो व्यक्तिगत सञ्चार यन्त्र(हरू) हटाउन वा बन्द गर्ने अनुरोधको पालना गर्न असफल भएमा, भवन प्रशासकले मेरो यन्त्र जफत गर्छ र आमाबुवा/अभिभावकले यन्त्र(हरू) उठाउनका लागि अनुरोध गर्दछ।

**व्यक्तिगत वस्तुहरू**

विद्यार्थीहरूलाई विद्यालयमा मूल्यवान वस्तुहरू ल्याउन प्रोत्साहन गरिँदैन। विद्यालयमा ल्याइएमा, यी वस्तुहरू विद्यार्थीको जिम्मेवारी रहन्छन्। त्यस्ता वस्तुहरू हराउन वा बिग्रन सक्छन्। विद्यालयले नोक्सानी वा क्षतिका लागि जिम्मेवारी वहन गर्न सक्दैन। स्केटबोर्ड, स्कूटर, होभर बोर्ड र रोलर ब्लेड/स्केटहरू ल्याउने अनुमति छैन।

विद्यार्थीले अरूको वस्तु भेटाएमा, उनीहरूले उक्त वस्तु तुरुन्तै कर्मचारी सदस्यलाई बुझाउनुपर्छ।

**फोन कलहरू**

विद्यार्थीहरूले टेलिफोन कल गर्नुअघि आफ्ना शिक्षक, भवन प्रबन्धक वा कार्यालयका कर्मचारीको स्वीकृति लिनुपर्छ। अन्यथा स्वीकृत नभएसम्म टेलिफोन कलहरू आपतकालीन अवस्थामा मात्र सीमित हुनुपर्छ। सबै विद्यार्थी सञ्चार कक्षाकोठा वा कार्यालय फोनबाट हुनुपर्छ। आमाबुवा/अभिभावकहरूलाई विद्यालय दिनमा आफ्ना बच्चाहरूसँग प्रत्यक्ष कुराकानी गर्न निरुत्साहित गरिन्छ।

**शारीरिक शिक्षा पोशाक**

शारीरिक शिक्षा कक्षाहरूमा विद्यार्थीहरूले उपयुक्त पोशाक: शर्टहरू, स्वेट सुट, जिम सुज, आदि लगाउन आवश्यक पर्न सक्छ। कक्षामा उक्त पोशाक नलगाएमा अनुत्तीर्ण हुन सक्छन्। शारीरिक शिक्षा शिक्षकले प्रत्येक सेमेस्टरको सुरुवातमा उपयुक्त पोशाक र पाठ्यक्रमका आवश्यकताहरूका सम्बन्धमा जानकारी वितरण गर्नु हुने छ। विद्यार्थीहरूले उत्तीर्ण/अनुत्तीर्ण पाठ्यक्रमको रूपमा शारीरिक शिक्षा चयन गर्न सक्छन् र शारीरिक शिक्षा विभागले बनाएका मार्गदर्शनहरूको पालना गर्नुपर्छ। विद्यार्थीहरू आफ्ना पोशाक र व्यक्तिगत वस्तुहरूका लागि जिम्मेवार हुन्छन्। शारीरिक शिक्षा लकहरूका लागि कम्बिनेसन लकको आवश्यकता पर्छ। हराएका वा चोरी भएका वस्तुहरूका लागि विद्यालय जिम्मेवार हुने छैन।

**हाम्रा विद्यार्थीहरूका उपलब्धिहरूलाई सार्वजनिक गर्ने**

डिस्ट्रिक्टसँग प्रायः हाम्रा विद्यार्थीहरूको उपलब्धिहरू मनाउने अवसर हुन्छ, जसमा पुरस्कार प्राप्तकर्ताहरू, अद्वितीय कक्षाकोठा परियोजनाहरूमा सहभागीहरू, ललित कला कार्यक्रमहरूमा संलग्नता, खेलकूद र मान्यता र प्रवर्द्धन योग्य अन्य गतिविधिहरू समावेश छन्।

कहिलेकाहीँ, यो पहिचानमा डिस्ट्रिक्ट र विद्यालय वेबसाइटहरूमा, प्रिन्टका प्रकाशनहरूमा र Facebook र Twitter फिडहरूसहित डिस्ट्रिक्ट-नियन्त्रित सामाजिक सञ्जालमा देखा पर्दछ। यस पहिचानमा विद्यार्थीका फोटोहरूका साथै उनीहरूको नाम, विद्यालय, ग्रेड र शिक्षकको नाम समावेश हुन सक्छ। यसमा भिजुअल र लिखित कागजका टुक्राहरूसहित विद्यार्थीहरूको कलात्मक कार्यको चित्र वा अन्य प्रतिनिधित्वहरू पनि समावेश हुन सक्छ।
हामीसँग कहिलेकाहीँ स्थानीय मिडियाका सदस्यहरू हाम्रा शिक्षकहरूद्वारा प्रस्तावित शिक्षासँग सम्बन्धित विशेष कार्यक्रमहरू र अद्वितीय दृष्टिकोणहरू समेट्नका लागि हाम्रा भवनहरूमा आउनु हुने छ। हाम्रा विद्यालयमा डिस्ट्रिक्टको ज्ञान र निरीक्षणविना विद्यार्थीहरूलाई मिडियाको पहुँच हुँदैन र हामी मिडियाले विवादास्पद या नकारात्मक मानिने कथा वा शीर्षकहरू समेट्दा विद्यार्थीहरूलाई प्रत्यक्ष पहुँच प्रदान गर्दैनौँ।

अधिकांश आमाबुवा/अभिभावकहरूले हाम्रा विद्यालयहरूमा भइरहने उपलब्धिहरूको दैनिक समारोहमा आफ्ना छोराछोरीहरू संलग्न भएको देखेर आनन्द मान्नुहुन्छ। यसकारण, डिस्ट्रिक्टलाई यस प्रकारको मान्यताका लागि पूर्वनिर्धारित सहमति र रिलिज प्रदान गरिन्छ। यद्यपि, केही आमाबुवा/अभिभावक आफ्ना छोराछोरीहरूलाई यस्तो स्वीकृती र मान्यताबाट अलग राख्न रुचाउनुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ।

***यो सहमति अस्वीकार गर्न चाहने आमाबुवा/अभिभावकले मात्र कार्य गर्न आवश्यक छ।*** हामी ती आमाबुवा/अभिभावकले हामीलाई डिस्ट्रिक्टको वेबसाइटमा उपलब्ध फाराम डाउनलोड गरेर, फाराम भरेर र आफ्ना बालबालिकाको विद्यालयमा फिर्ता गरेर डिस्ट्रिक्टद्वारा व्यवस्थित मान्यताबाट आफ्ना बालबालिकाहरूलाई बहिष्कृत गर्ने इच्छाबारे लिखित रूपमा सूचित गर्न आवश्यक छ। हामीसँग विद्यार्थीहरूको हालको सूची छ जसका क्रियाकलापहरू डिस्ट्रिक्टद्वारा वेबसाइट, सामाजिक सञ्जाल वा अन्य सार्वजनिक फोरमहरूमा सार्वजनिक रूपमा स्वीकार गर्न हुँदैन भन्ने कुरा सुनिश्चित गर्नका लागि आमाबुवा/अभिभावकलाई प्रत्येक शरद ऋतुको सेप्टेम्बर 1 सम्ममा यो गर्न अनुरोध गरिएको छ।

**रेस्टरूम**

विद्यार्थीहरूले प्रयोग गर्न अनुमति दिइएको कक्षाकोठा नजिकको रेस्टरूम प्रयोग गर्नुपर्छ। बिरामी महसुस गर्ने विद्यार्थीहरूले क्लिनिक वा कार्यालयमा रिपोर्ट गर्नुपर्छ र रेस्टरूममा बस्नु हुँदैन। उचित प्रक्रियाहरू पालना नगरे अनुशासनात्मक कारबाही हुन सक्छ।

**सुरक्षा**

कृपया कार्यालयमा सम्पूर्ण सुरक्षा समस्याका बारेमा रिपोर्ट गर्नुहोस्। कार्यालयमा यो जानकारी रिपोर्ट गर्न असहज महसुस गर्ने विद्यार्थीहरूले शिक्षक वा परामर्शदातालाई सम्पर्क गर्न सक्नुहुन्छ। यसका साथै, सरोकार भएमा **सेफर ओहायो स्कूल टिपलाइन 844-723-3764 मा फोन गरेर** रिपोर्ट गर्न सकिन्छ। सेफर ओहायो स्कूल टिपलाइनमा अज्ञात रूपमा कल गर्न सकिन्छ।

**सुरक्षा अभ्यासहरू**

प्रत्येक कक्षाकोठाका लागि आगलागी निकास प्रमुख रूपमा पोस्ट गरिएको छ। विद्यार्थीहरूले प्रत्येक कक्षाकोठा र बाहिर निस्कने प्रक्रियाहरूबाट बाहिर निस्कने मार्गहरू थाहा पाउने अपेक्षा गरिन्छ। आवधिक अभ्यासहरू विद्यालय वर्षभरि आयोजित हुन्छन्। विद्यार्थीहरूले कक्षाकोठामा सबै किताब र व्यक्तिगत चलसम्पत्ती (पर्सबाहेक) छोड्नु पर्छ। विद्यार्थीहरूले सबै अभ्यासलाई गम्भीरतापूर्वक लिने र व्यवस्थित रूपमा भवनबाट बाहिर निस्कने अपेक्षा गरिन्छ। सबै विद्यार्थी जिम्मेवार वयस्कसँग बस्नुपर्छ। रिपोर्टिङ क्षेत्र (उदाहरणका लागि कारहरूमा बस्ने वा सम्पत्तिबाट बाहिर निस्कने, आदि) छोडेमा अनुशासनात्मक कारबाही हुने छ।

आगलागी, तूफान, चिकित्सा र विद्यालय घुसपैठका अभ्यासहरूलगायत विभिन्न प्रकारका आपतकालीन/सुरक्षाका अभ्यासहरू वर्षभरि सञ्चालन गरिन्छ। यी अभ्यासहरू विद्यार्थीहरूलाई उचित आपतकालीन/सुरक्षा प्रक्रियाहरू र निकासी मार्गहरूका बारेमा परिचित गराउन आयोजित गरिन्छ। प्रत्येक विद्यार्थीलाई यी अभ्यासको क्रममा उनीहरूका जिम्मेवारीहरू बताइने छ।

**बिक्री**

विद्यालयमा विद्यालयले अनुमोदन गरेको कोष सङ्कलनकर्तालाई मात्र अनुमति दिइएको छ। व्यक्तिगत बिक्री गर्न पाइँदैन। सबै विद्यालयका कोष सङ्कलनकर्ताहरूसँग पूर्व प्रशासकीय स्वीकृति हुनुपर्छ।

**विद्यालयका परामर्श सेवाहरू**

विद्यालयका सल्लाहकारहरूले विद्यार्थीको नतिजा सुधार गर्ने विद्यालय परामर्श कार्यक्रमहरू डिजाइन र वितरण गर्छन्। उनीहरूले आफ्नो विद्यालय परामर्श कार्यक्रमलाई विद्यालयको शैक्षिक लक्ष्य र विद्यालय सुधार योजनासँग जोडेर सबै विद्यार्थीका लागि समानता र पहुँच प्रवर्द्धन गर्न नेतृत्व, वकालत र सहकार्य गर्छन्। उनीहरूले अमेरिकी

विद्यालय परामर्श संघको नैतिक र व्यावसायिक स्तरहरूलाई समर्थन गर्छन् र राष्ट्रिय मोडेलका निम्न क्षेत्रहरूमा आधारित विद्यालय परामर्श कार्यक्रमको विकासलाई बढावा दिन्छन्: परिभाषित, वितरण, व्यवस्थापन र मूल्याङ्कन।

विद्यालयका परामर्शदाताहरूले विद्यार्थीहरूका लागि विकासात्मक रूपमा उपयुक्त क्रियाकलाप र सेवाहरू प्रत्यक्ष रूपमा (निर्देशन, मूल्याङ्कन र सल्लाह र परामर्श) र अप्रत्यक्ष रूपमा (परामर्श, सहयोग र सन्दर्भहरू) प्रदान गर्छन्। यी क्रियाकलाप र सेवाहरूले विद्यार्थीहरूलाई विद्यार्थी सफलताका लागि मानसिकता र व्यवहारहरू विकास गर्न र उपलब्धि, उपस्थिति र अनुशासन सुधार गर्नमा मद्दत गर्छन्। विद्यालय परामर्श कार्यक्रममार्फत, विद्यालयका सल्लाहकारहरूले सबै विद्यार्थीका लागि समान शैक्षिक, करियर र सामाजिक/भावनात्मक विकास अवसरहरू सुनिश्चित गर्छन्।

**विद्यालयद्वारा प्रायोजित कार्यक्रमहरू**

विद्यालयद्वारा प्रायोजित कार्यक्रमहरूमा विद्यार्थीको व्यवहार प्रत्यक्ष रूपमा व्यक्ति, सम्पूर्ण विद्यार्थी निकाय र समुदायसँग सम्बन्धित हुन्छ। विद्यालयद्वारा प्रायोजित कार्यक्रमहरूमा अनुपयुक्त व्यवहार गर्ने विद्यार्थीहरूलाई विद्यालय अनुशासनात्मक कारबाही गरिने छ (विद्यार्थी हातेपुस्तिका लागू हुन्छ)।

अन्य विद्यालयका विद्यार्थीहरूलाई अतिथिको विद्यालय प्रशासक र आमाबुवा/अभिभावकद्वारा हस्ताक्षर गरिएको स्वीकृत फारामको साथ अतिथिको रूपमा हाइ स्कूलहरूमा हुने नृत्यहरूमा उपस्थित हुन अनुमति दिइन्छ। हाइ स्कूलका पाहुना ग्रेड 9-12 मा र/वा 20 वर्षभन्दा बढी उमेको हुनु पर्दछ। नृत्य छोडेका विद्यार्थीहरूलाई फर्कनका लागि अनुमति दिइने छैन। विद्यार्थीहरूलाई नृत्य भइरहेको बेला पार्क गर्ने ठाउँमा वा भवनबाहिर बस्न अनुमति दिइने छैन।

डान्स/टिन नाइट्स - अधिकांश विद्यालयपछिका क्रियाकलापहरू सर्वसाधारणका लागि खुला हुँदा, जुनियर हाइ स्कूल डान्स/टिन नाइट्स RV/LV विद्यार्थीहरूका लागि मात्र हुन्। निम्न नियमहरू टिन नाइट्स र डान्समा लागू हुन्छ:

1. पोशाक राम्रो हुनुपर्छ र विद्यालयको पोशाक मानक अनुसार हुनुपर्छ। प्रशासकहरूसँग कुन उपयुक्त छ र कुन उपयुक्त छैन भनी निर्णय लिने अधिकार हुन्छ
2. टिन नाइटको समयमा विद्यालय नियमहरू लागू हुन्छन्। विद्यालयका नियमहरू पालना गर्न असफल भएमा अनुशासनात्मक कारबाही हुन सक्छ र भविष्यको नृत्यहरूबाट निकाल्न सक्छ।
3. विद्यार्थीहरूलाई वयस्कले हस्ताक्षर नगरिकन बाहिर जाने अनुमति दिइँदैन।
4. टिन नाइट - विद्यार्थीहरूलाई त्यो समयमा यातायातबाट घर जानका लागि अपेक्षा गरिन्छ। 15 मिनेटको उपयुक्त समयावधिपछि यातायातका लागि प्रतीक्षा गर्दै गरेको विद्यार्थी फेला परेमा अर्को निर्धारित नृत्यमा उपस्थित हुनबाट हटाइने छ। दोहोरिएका दोषीहरूलाई विद्यालय वर्षको अवधिमा निर्धारित गरिएको बाँकी नृत्यहरूबाट हटाइने छ।
5. हाइ स्कूलका विद्यार्थीहरूलाई जुनियर हाइ टिन नाइट डान्समा उपस्थित हुन अनुमति छैन।
6. जुनियर हाइका विद्यार्थीहरूलाई हाइ स्कूल डान्समा उपस्थित हुन अनुमति छैन।
7. OSS, ISS नियुक्त गरिएका वा प्रधानाध्यापकको परीक्षणमा रहेका कुनै पनि विद्यार्थीलाई उपस्थित हुनबाट रोक्न सकिन्छ।

**विद्यार्थीहरूका लागि सामाजिक सञ्जाल**

सामाजिक सञ्जाल धेरै उद्देश्यहरूका लागि उपयोगी भए तापनि, संघीय र/वा राज्यको कानुन, बोर्ड नीति र विद्यालय नियमहरूमा उल्लिखित विद्यालयमा विद्यार्थीहरूबाट अपेक्षित व्यवहारअनुरूप सम्मानको वातावरण कायम गर्न सावधानी अपनाउनुपर्छ। सामाजिक सञ्जाललाई कुनै पनि अनलाइन प्रकाशन वा उपस्थितिको रूपमा परिभाषित गरिएको छ जसले अन्तिम प्रयोगकर्ताहरूलाई इन्टरनेटमा सामग्रीभित्र वा वरपर बहु-दिशात्मक कुराकानीहरूमा संलग्न हुन अनुमति दिन्छ। विद्यार्थीहरूले अनलाइनमा प्रकाशित गरेको सामग्रीका लागि उनीहरू व्यक्तिगत रूपमा जिम्मेवारी हुन्छन्। डिजिटल सामग्री स्थायी रूपमा रहने हुनाले, तपाईंले प्रकाशित गर्नुभएको कुनै पनि कुरा लामो समयसम्म सार्वजनिक हुने छ। अनलाइन सामग्री पोस्ट गर्दा सामान्य ज्ञान प्रयोग गर्नुहोस् र विद्यार्थी नीतिका लागि सामाजिक सञ्जालको पालना गर्नुहोस्। विद्यार्थीहरूका लागि सामाजिक सञ्जाल नीति कक्षाकोठामा सामाजिक सञ्जालको प्रयोग गर्दा पनि लागू हुन्छ। कक्षाको असाइनमेन्ट वा

अन्य विद्यालय गतिविधिहरूको संयोजनमा सामाजिक सञ्जाल प्रयोग गर्दा विद्यालयमा विद्यार्थीको आचरणलाई नियन्त्रित गर्ने समान नियम तथा नीतिहरू सामाजिक सञ्जाल गतिविधिमा लागू हुन्छन्। शैक्षिक प्रक्रियामा हस्तक्षेप गर्ने वा विद्यालय वातावरणभित्र अवरोध सिर्जना गर्ने कुनै पनि सामाजिक सञ्जाल पोस्ट विद्यालय अनुशासनमा परिणत हुन सक्छ।

कृपया बोर्ड नीति 7540.03A सामाजिक सञ्जाल नीति (विद्यार्थीहरू) हेर्नुहोस्

**अध्ययन हल**

अध्ययन हल शान्त अध्ययनका लागि एक ठाउँ हो। विद्यार्थीहरूले अध्ययन हलको समयमा काम गर्न सामग्री लिने अपेक्षा गरिन्छ। अध्ययन हलमा भएको उपस्थिति कक्षाको रूपमा समान छ। कक्षा छोड्ने विद्यार्थीहरूलाई खाजा र/वा कमन्स अवधिको सट्टा अध्ययन हलमा नियुक्त गर्न सकिन्छ।

**निगरानी क्यामेराहरू**

विद्यालयका क्षेत्रहरूमा रहेका विभिन्न स्थानमा निगरानी क्यामेराहरू जडान गरिएका छन्। विद्यार्थीहरूलाई जुनसुकै समयमा रेकर्ड गर्न सकिन्छ। कृपया भिडियो र इलेक्ट्रोनिक निगरानीबारे थप मार्गनिर्देशनहरूका लागि डिस्ट्रिक्टको वेबसाइटमा रहेको बोर्ड नीति 7440.01 हेर्नुहोस्।

**शीर्षक IX र खण्ड 504 (बोर्ड नीति: 2260, 5517, 2266)**

तपाईंलाई आफूमाथि भेदभाव भएको जस्तो लागेमा, कृपया भवन प्रबन्धकलाई सूचित गर्नुहोस्। त्यसपछि, सन्तुष्ट नभएमा डिस्ट्रिक्टको शीर्षक IX र/वा खण्ड 504 संयोजकलाई उजुरी पठाइनुपर्छ, जसलाई 614-833-2110 वा 90 East Street, Pickerington, Ohio मा सम्पर्क गर्न सकिन्छ। यस स्तरमा सन्तोषजनक रूपमा व्यवस्थित नभएमा, डिस्ट्रिक्टको शीर्षक IX अनुपालन अधिकारी(हरू) सँग उजुरी दायर गर्न सकिन्छ, जसले डिस्ट्रिक्टको अन्तिम मध्यस्थको रूपमा काम गर्ने छन्। कृपया थप मार्गदर्शनका लागि भेदभावसम्बन्धी डिस्ट्रिक्टका नीतिहरू हेर्नुहोस्।

**अधिकारहरूको हस्तान्तरण**

पारिवारिक शैक्षिक अधिकारहरू र गोपनीयता ऐन (FERPA) अन्तर्गत, आमाबुवा/अभिभावकलाई दिइएका अधिकारहरूमा अनुमति र सहमति समावेश हुने छ, 18 वर्ष पुगेका वा पोस्ट-सेकेण्डरी शिक्षाको संस्थामा प्रवेश गर्ने विद्यार्थीलाई हस्तान्तरण गरिने छ। यसले कलेज वा विश्वविद्यालयको सहयोगमा डिस्ट्रिक्टले प्रदान गरेको सबै दोहोरो नामाङ्कन कक्षा समावेश गर्ने छ। विद्यार्थी कर उद्देश्यहरूका लागि निर्भर हुँदासम्म आमाबुवा/अभिभावकले विद्यार्थीका रेकर्डहरूमा पहुँच गर्ने अधिकार कायम राख्छन्।

अठार वर्ष उमेरका विद्यार्थीहरू आफ्नो व्यवहार व कार्यहरूका लागि जवाफदेही हुन्छन्। उपस्थितिसहित विद्यालयका नियमहरूको अनुपालनालाई 18 वर्षका विद्यार्थीसँग प्रत्यक्ष रूपमा सम्बोधन गरिने छ। विद्यालयको पत्राचार सीधै 18 वर्ष उमेर पुगेको विद्यार्थीसँग पठाइने छ।

विद्यार्थीले आफ्ना आमाबुवा/अभिभावकलाई सूचित गरून् भन्ने अपेक्षा गरिन्छ॥ तपाईंसँग अधिकारहरूको हस्तान्तरणका बारेमा कुनै पनि प्रश्न छन् भने, कृपया आफ्नो भवन प्रबन्धकलाई सम्पर्क गर्नुहोस्।

**आगन्तुकहरू**

आगन्तुकहरू, विशेषगरी आमाबुवा/अभिभावकलाई विद्यालयमा स्वागत छ। विद्यार्थी र कर्मचारीको सुरक्षालाई राम्ररी अनुगमन गर्न, प्रत्येक आगन्तुकले भवनमा प्रवेश गरेपछि विद्यालयको कार्यालयमा रिपोर्ट गर्नुपर्छ र आगन्तुकको ब्याज प्राप्त गर्नका लागि उचित परिचय पत्र उपलब्ध गराउनुपर्छ। आगन्तुक/स्वयंसेवक ब्याजविना

आउने कुनै पनि आगन्तुकलाई कार्यालयमा फर्कन अनुरोध गरिने छ। आमाबुवा/अभिभावकले कर्मचारी सदस्यसँग भेट्न चाहेमा वा कक्षाकोठा अवलोकन गर्न चाहेमा, उहाँहरूले अपोइन्टमेन्ट निर्धारण गर्न फोन गर्नुपर्छ र आवश्यक फाराम(हरू) पूरा गर्नुपर्छ। हाम्रा कक्षाकोठाहरूमा भ्रमण गर्दा वा हाम्रा विद्यालयका विद्यार्थीहरूलाई अवलोकन गर्दा सबै गोपनीयता नियमहरू लागू हुन्छन्।

विद्यालयको कार्यालयलाई कम्तीमा 24 घण्टाअघि सम्पर्क गरेर अपोइन्टमेन्टहरू लिनुपर्छ। आमाबुवा/अभिभावकलाई विशेष कार्यक्रम र कक्षा अवलोकनका लागि हाम्रो विद्यालयमा भ्रमण गर्न स्वागत गरिन्छ। विद्यार्थीहरूलाई विद्यालयको समयावधिमा साथी वा नातेदारहरूलाई विद्यालयमा बोलाउने अनुमति दिइँदैन।

विद्यार्थीहरूले आगन्तुकहरूलाई कुनै पनि समयमा आफूलाई भेट्नका लागि विद्यालयमा आमन्त्रित गर्न पाउँदैनन्। उक्त आगन्तुक विद्यार्थीको आमाबुवा/अभिभावक(हरू) सँग आएको अवस्थामा मात्रै विद्यार्थीले विद्यालयमा आगन्तुकसँग भेटघाट गर्न पाउँछन्। कुनै पनि विद्यालयमा आउनुहुने सबै आगन्तुक सुरुमा कार्यालयमा गई साइन इन गरी आगन्तुकको पास लिनुपर्छ जुन उहाँहरूले भवनमा हुँदा सधैँ आफूसँगै राख्नुपर्छ। विद्यालय समयमा सीधै कक्षाकोठा, खाजाघर वा खेल मैदानमा नजानुहोस्। सम्पूर्ण विद्यार्थीको सुरक्षाका लागि यसो गरिन्छ। विद्यालयमा आउने आगन्तुकसम्बन्धी थप निर्देशनहरू नीतिहरू: 9150 र 9150 AG अन्तर्गत डिस्ट्रिक्टको वेबसाइटमा फेला पार्न सकिन्छ।

**व्यावसायिक कार्यक्रमहरू**

सबै व्यावसायिक कार्यक्रम विद्यार्थीको जाति, धर्म, लिङ्ग, आर्थिक स्थिति, राष्ट्रिय मूल, उमेर, अपाङ्गता वा लैङ्गिक झुकावलाई ध्या न नदिइकन उपलब्ध गराउनु पिकरिङ्टन शिक्षा बोर्डको नीति हो।

**पिकरिङ्टन स्कूल्समा स्वयंसेवा गर्ने**

पिकरिङ्टन स्कूल्सभित्र स्वयंसेवा गर्ने सबै व्यक्तिले स्वयंसेवक आवेदन पेश गर्नुपर्छ र स्वयंसेवक आचार-संहिता फाराममा हस्ताक्षर गर्नुपर्छ। यी फारामहरू हाम्रा सबै विद्यालयका कार्यालयहरू र डिस्ट्रिक्टको वेबसाइटमा उपलब्ध छन्। नियमित रूपमा बालबालिकाहरूमा असुरक्षित पहुँच राख्ने सबै स्वयंसेवक (नयाँ र हालको दुवै) को पृष्ठभूमि जाँच गरिनुपर्छ।

कृपया बोर्ड नीति 9150 को सन्दर्भ लिनुहोस्: विद्यालय आगन्तुक र प्रशासनिक मार्गदर्शन 9150 AG: अतिरिक्त विवरणहरूका लागि विद्यालय आगन्तुकहरू।

**विद्यालयबाट फर्काउने (बोर्ड नीति 5130)**

कृपया बच्चालाई विद्यालयबाट फर्काउनुअघि विद्यालयको कार्यालयमा सूचित गर्नुहोस्। कार्यालयको कर्मचारीले पालना गर्नु पर्ने कार्यविधिहरूका बारेमा व्याख्या गर्नु हुने छ।

**वर्षको समाप्तिमा पुरस्कार सभा**

सबै पुरस्कार विद्यार्थीको अन्तिम दिनमा मार्गदर्शन कार्यालयमा गई लिनुपर्छ, अन्यथा तिनीहरू खारेज गरिने छ।

## एथलेटिक्स / (सह-पाठ्यक्रम र अतिरिक्त-पाठ्यक्रम)

**सामान्य**

ओहायो हाइ स्कूल खेलकूद संघ (O.H.S.A.A.) ले विद्यार्थीले हाई स्कूलमा पाँच वटा क्रेडिट र जुनियर हाइमा 5 कक्षा वा प्रत्येक ग्रेडिङ अवधि बराबरको हुनुपर्छ भन्ने आदेश दिन्छ। ग्रेडहरू प्रमाणित गर्न सक्दासम्म आफ्नो योग्यता पुनः प्राप्त गर्ने विद्यार्थी अघिल्लो ग्रेडिङ अवधि समाप्त भएको पाँच (5) पालो दिनभन्दा पहिले नै योग्य हुन्छन्। प्रमाणीकरण सम्भव नभएमा, विद्यार्थीको अयोग्यता स्थिति ग्रेड प्रमाणीकरण गर्न सकेसम्म जारी रहन्छ। विद्यार्थीको अयोग्यता आगामी ग्रेडिङ अवधिको पाँचौँ विद्यालय दिनमा सुरु हुन्छ। विद्यालय दिनमा सेवा दिन, पेशेवर विकास दिन, विपत्तिका दिन र नियमित उपस्थिति दिनहरूका संकाय समावेश हुन्छन् तर बिदा वा विद्यालय विश्रामहरू समावेश हुँदैन। समर स्कूलले विद्यार्थीको OHSAA योग्यतामा कुनै प्रभाव पार्दैन।

स्पष्टीकरणका लागि, खेलकूद प्रशासक वा सहायक भवन प्रशासकलाई सम्पर्क गर्नुहोस्। I.E.P. का विद्यार्थीहरूसँग योग्यतासम्बन्धी प्रश्नहरू भएमा उहाँहरूले खेलकूद प्रशासकसँग परामर्श लिनुपर्छ।

Pickerington Schools का सबै खेलाडीले विद्यालय वर्षको अवधिमा उत्तीर्ण ग्रेडहरू कायम राख्नुपर्छ।

A. सबै विद्यार्थीका खेलाडीका ग्रेडहरू अन्तिम अवधिमा र ग्रेडिङ अवधिको अन्तिममा जाँच गरिनुपर्छ।

B. ग्रेडिङ अवधिको अन्त्यमा O.H.S.A.A. द्वारा अयोग्य घोषित गरिएका विद्यार्थीहरूले आगामी ग्रेडिङ अवधिको पाँचौँ विद्यालय दिनको सुरुवातमा आगामी ग्रेडिङ अवधिका लागि आफ्नो योग्यता गुमाउने छन्।

C. विद्यार्थीहरूले हाइ स्कूलमा कम्तीमा पनि 5.0 क्रेडिट ल्याएर र जुनियर हाइ स्कूलमा 5 कक्षा वा अन्तरिम अवधिमा समकक्षमा उत्तीर्ण हुनुपर्दछ। विद्यार्थीले हाइ स्कूलमा 5 क्रेडिट ल्याएर र जुनियर हाइ स्कूलमा 5 कक्षा उत्तीर्ण गरिसकेपछि अन्तरिम अवधिमा अयोग्य भनी घोषित गरिएका ती विद्यार्थीहरूले कुनै पनि समयमा आफ्नो योग्यता पुनः प्राप्त गर्न सक्नुहुन्छ।

D. विद्यार्थीहरूले प्रत्येक ग्रेडिङ अवधिमा 1.75 GPA कायम राख्नुपर्छ। विद्यार्थीको हाइ स्कूल करियर र विद्यार्थीको जुनियर हाइ करियरमा यस मापदण्डका लागि स्वीकृत गरिएको एउटा परीक्षाकाल अवधि छ।

सहभागिताका आवश्यकताहरू (खेलकूदसम्बन्धी हातेपुस्तिका)

1. शारीरिक जाँच आवश्यक छ र ओहायो हाइ स्कूल खेलकूद संघको शारीरिक जाँच फाराम पूरा गर्नुपर्छ र खेलकूद कार्यालयमा दर्ता गर्नुपर्छ। शारीरिक जाँचहरू अपवादका साथ 13 महिना वा एक विद्यालय पालो वर्षसम्म मान्य हुन्छन्; पूर्व-सहभागिता खेलकूदसम्बन्धी मूल्याङ्कन मे 1 र जुन 1 को बिचमा गरिएमा, चिकित्सा परीक्षकद्वारा हस्ताक्षर गरिएको पूर्व-सहभागिता मूल्याङ्कन एक विद्यालय वर्ष र हालको विद्यालय वर्षको बसन्त ऋतुमा हुने खेलकूद सिजनको (उदाहरणका लागि: जुनबाट) को बाँकी समयसम्म मान्य हुन्छ। हामी सबै सम्भावित विद्यार्थी खेलाडीलाई गर्मीयाममा आफ्नो शारीरिक जाँच गर्न प्रोत्साहित गर्छौं।
2. आमाबुवा/अभिभावक(हरू) र विद्यार्थी खेलाडीले वार्षिक रूपमा खेलकूद सहभागिताको प्रत्येक सत्रमा प्रत्येक विद्यार्थीका लागि अनलाइन दर्ता र खेलकूद आचार संहिता पूरा गर्नुपर्छ। यो प्रयास वा अभ्यासहरूको पहिलो दिनअघि नै पूरा गरिएको हुनुपर्छ।
3. विद्यार्थी खेलाडीहरू प्रत्येक विद्यालय वर्ष पूर्वसिजन खेलकूद बैठकमा उपस्थित हुनुपर्छ। प्रत्येक विद्यालय वर्षमा एक पटक उपस्थिति सबै खेलकूदका सिजनहरूका लागि गणना हुने छ।
4. विद्यार्थी खेलाडीहरूले प्रत्येक वर्ष पूर्व-सिजन औषधि परीक्षणमा पेश गर्नुपर्छ। प्रत्येक विद्यालय वर्षमा एउटा परीक्षण गरेमा सबै खेलकूदका सबै सिजनका लागि योग्य हुने छ।

विद्यार्थीहरूले ओहायो हाइ स्कूल खेलकूद संघ, ओहायो क्यापिटल सम्मेलन, पिकरिङ्गटन शिक्षा परिषद्, Pickerington खेलकूद विभागद्वारा उल्लेख गरिएको मापदण्डहरू पालना गर्नुपर्छ।

**सह-पाठ्यक्रम र अतिरिक्त-पाठ्यक्रमसम्बन्धी आचार-संहिता**

बोर्डले खेलकूदबाहेकका अतिरिक्त-पाठ्यक्रम क्रियाकलापहरूमा सहभागी हुने विद्यार्थीहरूका लागि सह-पाठ्यक्रम र अतिरिक्त-पाठ्यक्रमसम्बन्धी आचार-संहिता अपनाएको छ। थप विशिष्ट विवरणहरूका लागि आफ्नो सल्लाहकारसँग कुरा गर्नुहोस्। (नीति 2432.03 हेर्नुहोस्)। आमाबुवा/अभिभावक र विद्यार्थीले आचार संहितामा अनिवार्य रूपमा हस्ताक्षर गर्नुपर्छ (कागजातमा लिङ्क थप्नुहोस्)। (add link to the document)

**उपस्थिति नीति**

हामी हाम्रा विद्यार्थीहरूले हामीले प्रस्ताव गर्ने शैक्षिक कार्यक्रमबाट अधिकतम लाभ लिनु पर्ने छ भने विद्यालयमा नियमित, समयनिष्ठ उपस्थिति महत्त्वपूर्ण छ भन्ने कुरामा विश्वास गर्छौं। विद्यालयको सफलता प्रत्यक्ष रूपमा उपस्थितिका बानीहरूसँग सम्बन्धित छन् र राम्रो उपस्थितिको नियमित ढाँचा विकास ग र्नु भावी सफलताका लागि महत्त्वपूर्ण हुन्छ।

विद्यालयमा विद्यार्थीको उपस्थिति तथा अनुपस्थितिका सम्बन्धमा हाम्रा शिक्षा बोर्ड नीतिहरूले दुवै ओहायो प्रशासनिक संहिता र संघीय बेपत्ता बाल ऐनका सबै कानुन तथा नियमनको पालना गर्छन्। साथै, हाम्रा स्थानीय नीति तथा कानुनका यी भागहरूले विद्यालयमा तपाईंको बच्चाको उपस्थितिका प्रत्येक पक्षलाई देखाउँछन्।

सबैभन्दा पहिले, आफ्ना बालबालिका नियमित रूपमा विद्यालयमा उपस्थित हुन्छन् भनी सुनिश्चित गर्नु आमाबुवा/अभिभावकको जिम्मेवारी हो। साथै, विद्यार्थी कुनै पनि कारणवश विद्यालयमा अनुपस्थित भएको अवस्थामा विद्यालयलाई सूचित गर्ने जिम्मेवारी हुन्छ। हाम्रो इलिमेन्टरी र मिडल स्कूल उपस्थिति कार्यक्रमसँग सम्बन्धित विशेष नीतिहरू तल व्याख्या गरिएका छन्। प्रश्नहरू भएमा तपाईंको विद्यालयको कार्यालयमा सम्बोधन गर्नुपर्छ।

*अनुपस्थिति*

कुनै बच्चा विद्यालयमा अनुपस्थित हुँदा वा ढिलो आउँदा, आमाबुवा/अभिभावकले अनुपस्थित हुने दिन बिहानको 10:00 बजेसम्म विद्यालयमा सूचित गर्नुपर्छ। एन्सरिङ (जवाफ दिने) मेसिन विद्यार्थीको अनुपस्थिति वा ढिलाइबारे रिपोर्ट गर्नका लागि दिनको 24 घण्टा उपलब्ध छ। विद्यालय कार्यालयका कर्मचारीलाई अनुपस्थितिबारे सूचित गरिएको छैन भने, हामीले घरमा वा आमाबुवा/अभिभावकको कार्यस्थलमा टेलिफोन कल गर्ने छौँ।

विद्यालयका अनुपस्थितिहरूलाई क्षमायोग्य वा अक्षम्यको रूपमा वर्गीकरण गरिन्छ। विद्यार्थीहरूलाई छुटेको कामका लागि क्रेडिट बनाउन र प्राप्त गर्न अनुमति दिइने छ। ओहायो राज्यले हामीलाई निम्न कारणहरूका लागि बच्चाको अनुपस्थितिलाई क्षमा दिन अनुमति दिन्छ:

A. बिरामी भएमा (चिकित्सकको क्षमा आवश्यक पर्न सक्छ)
B. नजिकको परिवार सदस्य बिरामी भएमा, जसका लागि बच्चा उपस्थित हुन जरूरी छ
C. नातेदारको मृत्यु भएमा (3 दिनसम्म सीमित)
D. आफ्नो धार्मिक विश्वासअनुरूप धार्मिक बिदाहरूको अवलोकन गर्नु परेमा (अनुपस्थित भएको कम्तीमा एक दिनअघि सूचना पेश गर्नुपर्छ।)
E. चिकित्सा तथा दन्त चिकित्सासम्बन्धी अपोइन्मेन्ट भएमा (सामान्यतया आंशिक दिन)
F. सङ्क्रामक रोगका लागि क्वारेन्टाइन बस्नु परेमा (चिकित्सा पेशेवरद्वारा प्रमाणित गरिएअनुसार)
G. कलेज भ्रमण गर्नु परेमा (तीन स्वीकृत दिन दिइन्छ / यसका लागि पूर्व-स्वीकृति फाराम पूरा गर्नुपर्छ)
H. आपतकालीन परिस्थितिहरू आई परेमा (उदाहरणका लागि, अदालतमा उपस्थित हुन, जसका लागि सामाजिक सेवा एजेन्सीसँग बैठक बस्न आवश्यक छ, विद्यार्थी आमाबुवा/अभिभावकसँग यात्रा गर्न आवश्यक छ।)
I. पालनपोषण स्याहारमा विद्यार्थीको नियोजन वा पालनपोषण स्याहार नियोजनमा भएका परिवर्तनहरू वा उनीहरूको पालनपोषण स्याहार स्थितिका सम्बन्धमा कुनै पनि अदालती कारबाहीका कारण अनुपस्थित भएमा
J. घरबारविहीनताबाट प्रभावित परिस्थितिहरूका कारण अनुपस्थित भएमा

अन्य सबै अनुपस्थितिलाई अक्षम्य अनुपस्थितिको रूपमा गणना गरिने छ। अत्यधिक मात्रामा अनुपस्थित भएमा विद्यालयबाट फोन कल, लिखित सूचना आउन सक्छ वा डिस्ट्रिक्ट अटेन्डन्स/ट्रुन्ट अधिकारीलाई सूचित गर्न सकिन्छ। साथै, बिरामीका कारण थप अनुपस्थिति भएमा बच्चालाई निड्स मेडिकल एक्सक्यूज (Needs Medical Excuse) स्थितिमा राख्न सकिन्छ। N.M.E. प्रतिबन्धहरूमा राखिएका विद्यार्थीहरूले क्षमायोग्य अनुपस्थितिका लागि आफ्नो चिकित्सकबाट प्राप्त नोट देखाउनुपर्छ। यो चिकित्सा नोट भएन भने अनुपस्थिति अक्षम्य रहने छ।

*चाँडो छुट्टी हुने*

विद्यार्थी विद्यालयमा पुगिसकेपछि, उनीलाई पूरा दिन वा विद्यार्थीलाई छुट्टी नदिँदासम्म विद्यालयमै बस्ने अपेक्षा गरिन्छ। विद्यालयको समयावधिमा विद्यालयको सम्पत्तिबाट बाहिर निस्कने प्रत्येक विद्यार्थीले आमाबुवा/अभिभावकबाट लिखित सञ्चार ल्याउनु पर्ने हुन्छ। कृपया सुरक्षा उद्देश्यहरूका लागि विद्यार्थीहरूलाई नियमित विद्यालय दिनको अवधिमा आयोजित विद्यालय कार्यक्रमहरू सकिएपछि आमाबुवा/अभिभावकसँगै जानका लागि छुट्टी दिइने छैन भन्ने कुरा ध्यानमा राख्नुहोस्। आफ्ना बालबालिकालाई चाँडै विद्यालयबाट लैजान चाहने आमाबुवा/अभिभावकले नियमित साइन आउट कार्यविधिहरूको पालना गर्नुपर्छ। चाँडै निस्कने कुनै पनि विद्यार्थीलाई उक्त दिन बाँकी बचेको समयमा अनुपस्थित भएको रूपमा गिन्ती गरिने छ।

*बिदा*

वार्षिक विद्यालय पात्रोमा बिदाका दिनहरू उल्लेख गरिन्छ। बोर्डले यस समयावधिमा परिवारहरूले आफ्ना बिदाहरूको योजना बनाउन सम्भव भएका सबै कुराहरू गरून् भन्ने अपेक्षा राख्छ। यो सम्भव नभएमा, कार्यालयबाट अग्रिम रूपमा व्यवस्थाहरू मिलाउनुपर्छ। छुटेका सबै काम पूरा गरी विद्यालय फर्किएको दिन बुझाउनुपर्छ। स्थापित परीक्षण अवधिमा बिदाहरूको तालिका बनाउन कडा रूपमा निरूत्साहित गरिन्छ। बिदाहरू अक्षम्य अनुपस्थितिहरू हुन्।

लगातार 10 विद्यालय दिन देशबाहिर रहने विद्यार्थीलाई जिल्लाबाट निकालिने छ। Pickerington मा फर्किएपछि उहाँहरूले पुन: नामाङ्कन गर्न र Pickerington Schools मा आफ्नो शिक्षा जारी राख्नका लागि स्वागत केन्द्रको प्रमाण उपलब्ध गराउन आवश्यक पर्ने छ।

**कृपया सधैँ अनुपस्थित हुने, ढिलो आउने, पहिले नै योजना बनाएर अनुपस्थित हुने र अनुपस्थित हुने कार्यलाई सम्बोधन गर्ने प्रक्रियाहरूका बारेमा जानकारीका लागि उपस्थितिको नीति 5200 हेर्नुहोस्।**

**बस यातायात**

**बसहरूमा विद्यार्थी आचरण**

सार्वजनिक रूपमा वित्त पोषित यातायात विद्यार्थीहरूले विशेषाधिकारको रूपमा लिनुपर्ने Pickerington शिक्षा परिषद्को निर्देशनमा उपलब्ध गराइएको सेवा हो। विद्यालयको बसमा चढेर आउनेहरूले आफूलाई सधैँ असल यात्रुका रूपमा व्यवहार गर्ने अपेक्षा गरिएको छ। विद्यालयको बस चढेर आउने विद्यार्थीहरू विद्यालय जाने र आउने वा विशेष यात्राहरूमा यात्रा गर्दा यी नियमहरूका अधीनमा हुनुहुन्छ। बस समान व्यवहारको अपेक्षा राखिने कक्षाकोठा/विद्यालयको विस्तार हो।

**यातायातसम्बन्धी नियम र अनुशासन**

हाम्रा विद्यार्थीहरूको सुरक्षा सधैँ डिस्ट्रिक्टको पहिलो चिन्ता हो। विद्यालयको बसको सुरक्षित सञ्चालनका लागि विद्यालयको बस चालकको पूर्ण ध्यान र विद्यार्थी यात्रीहरूको उचित व्यवहार दुवै आवश्यक छ। आमाबुवालाई आफ्ना बालबालिकासँग सुरक्षित बस यात्राका लागि व्यक्तिगत जिम्मेवारी र बससम्बन्धी नियमहरू पालना गर्ने महत्त्वबारे छलफल गर्नका लागि अनुरोध गरिएको छ। यी नियमहरू राज्यको कानुन, ओहायो शिक्षा विभागका दिशानिर्देश र Pickerington Schools का नीतिहरू (*8600 यातायात) मा आधारित छन्। यी नियमहरूको पालनाले सबै राइडरको सुरक्षा र कल्याण सुनिश्चित गर्दछ। विद्यालयको बस चालक बसको प्रभारी स्कूल डिस्ट्रिक्ट प्रतिनिधि हो भनेर याद राख्नुहोस्। चालकको निर्देशनलाई बसमा विद्यार्थीहरूले अनिवार्य पालन र सम्मान गर्नुपर्छ। यी निर्देशनहरूले विद्यार्थीहरूलाई बस चढ्ने र छोड्ने क्रममा मार्गदर्शन गर्दछ र सवारीको समयमा विद्यार्थी आचरण व्यवस्थापन गर्न मद्दत गर्दछ।

**विद्यार्थीका नियमनहरू**

सुपरिटेन्डेन्ट/प्रतिनिधिलाई विद्यार्थीलाई ढुवानी नगर्ने अधिकार दिइएको छ। विद्यार्थीलाई अभिप्रेरित निलम्बनको लिखित सूचना दिनुपर्छ। विद्यार्थीले निलम्बन गर्नुअघि सुपरिटेन्डेन्ट वा सुपरिटेन्डेन्टको प्रतिनिधि समक्ष अनौपचारिक रूपमा उपस्थित हुने अवसर प्राप्त गर्नु हुने छ। विद्यार्थीहरूलाई अन्य अनुशासनका लागि बसबाट आपत्कालीन रूपमा निष्कासन गर्ने विषय पनि छ। आपत्कालीन रूपमा निकालिएको खण्डमा, प्रारम्भिक रूपमा निकालिएको तीन (3) विद्यालय दिनभित्र सुनुवाई आयोजना गरिने छ। सूचनामा निष्कासन गर्नुको कारणहरू पनि समावेश गरिने छ। विद्यार्थीहरूलाई एक (1) वर्षसम्म निलम्बन गरिएको हुन सक्छ।

1. आमाबुवा/अभिभावकहरू आफ्ना विद्यार्थी(हरू) लाई लैजानुअघि र ल्याइसकेपछि उहाँहरूको सुरक्षाका लागि जिम्मेवार हुनुहुन्छ। विद्यार्थीहरूले बस स्टपका लागि सुरक्षित मार्ग लिनुपर्छ र बस आइपुग्नुभन्दा कम्तीमा पाँच मिनेटअघि बस स्टपमा पुग्नुपर्छ। ट्राफिकबाट सुरक्षित दूरीमा पर्खँदाखेरि, विद्यार्थीहरूले अन्य व्यक्ति, तिनीहरूका सम्पत्ति र वरपरको सम्पत्तिको सम्मान गर्नुपर्छ र व्यवस्थित ढङ्गले व्यवहार गर्नुपर्छ।
2. चालकले ढोका नखोल्दासम्म विद्यार्थीहरूले चलिरहेको बसतर्फ दौडनु हुँदैन वा बससम्म पुग्नु हुँदैन। विद्यार्थीहरू शान्तपूर्वक बसमा चढ्नुपर्छ, सिधै सुरुमा उपलब्ध वा आफ्नो तोकिएको सिटमा जानुपर्छ र अगाडि फर्केर बस्नुपर्छ। कतिपय अवस्थामा, इलिमेन्टरी र मिडल स्कूलका विद्यार्थीहरूलाई एउटा सिटमा तीन जना तोकिएको हुन्छ।विद्यालय छुट्टी हुँदा, विद्यार्थीहरूले आफ्नो तोकिएको बसमा चढ्न पर्याप्त समय पाउनु हुने छ। बस चालकहरूलाई छुट्ने कुरा स्पष्ट भएपछि, उहाँहरूलाई बसको ढोका बन्द गरेर जानका लागि निर्देशन दिइन्छ।
3. विद्यार्थीहरू हरेक समय (सिटदेखि सिट, पछाडिदेखि पछाडिसम्म, खुट्टादेखि भुइँसम्म) गल्ली र बाहिर निस्किने ठाउँहरू सफा राखी सधैँ ठीकसँग बस्नुपर्छ। विद्यार्थीहरू एउटा सिटबाट अर्को सिटमा जान पाउँदैनन्। सिटमा उभिनु वा सिटको पछाडि बस्नु हुँदैन। विद्यार्थीहरूले आफ्नो शरीरका सबै अंग बसभित्र राख्नुहुन्छ।
4. बसमा प्रवेश गर्न वा बाहिर निस्कनका लागि सडक पार गर्दा, विद्यार्थीले दुवै दिशामा ट्राफिकलाई हेर्नुपर्छ, बस चालकको हातको सङ्केत पालना गर्नुपर्छ र बसको अगाडि कम्तीमा दस पाइला हिँड्नुपर्छ। विद्यार्थीहरूले बसको अगाडि क्रस गर्नुपर्छ र सडक पार गर्दा चालकको हातको सङ्केतहरू पालना गर्नुपर्छ। क्रस गर्नुअघि, चालकले आफ्नो हात उठाउनु हुने छ। हात तल हुन्छ, विद्यार्थीले सडकको बिचमा जानुपर्छ, रोकिनुपर्छ र आउँदै गरेको ट्राफिक जाँच गर्न दुवै तर्फबाट हेर्नुपर्छ। यो सुरक्षित छ भने, विद्यार्थीले क्रसिङ जारी राख्नुपर्छ र सीधै आफ्नो सुरक्षित स्थानमा हिँड्नुपर्छ। बस मुनिबाट केही उठाउनका लागि कहिल्यै रोकिनु हुँदैन।
5. विद्यार्थीहरू नियुक्त गरिएका बसहरूमा मात्र सवारी हुनुपर्छ र प्रशासकको स्वीकृतिविना अघि नै नियुक्त गरिएको बस स्टपमा बाहेक अन्य कुनै स्थानमा उत्रिनु हुँदैन। विद्यार्थीअरूले आमाबुवाको र प्रशासकको अनुमति नलेखेसम्म उहाँहरूले आफ्नो तोकिएको स्थानमा मात्र बस चढ्न र ओर्लन सक्नुहुन्छ। यात्राका लागि भिन्न बसमा सवार गर्न चाहने विद्यार्थीहरूसँग आमाबुवा/अभिभावक(हरू) वा भवनका प्रशासक/प्रतिनिधिद्वारा हस्ताक्षर गरिएको नोट हुनुपर्छ। यो सुविधाका लागि नभई आकस्मिक अवस्थामा मात्र गरिन्छ।

6. विद्यार्थी, बस चालक वा अरू कसैलाई अनाधिकृत वा अनुपयुक्त छुने वा हिर्काउने, ठक्कर दिने, थुक्ने वा शारीरिक धम्की दिने अनुमति छैन र सामान्यतया कम्तीमा तीन (3) दिनका लागि निलम्बन हुने छ।
7. चिकित्सकीय कारणबाहेक, बसमा कुनै पनि समयमा बसमा खान, पिउन र चुइङगम चपाउन अनुमति छैन।
8. विद्यार्थीहरूले कक्षाकोठाको व्यवहार अवलोकन गर्नुपर्छ र बसमा चढ्दा आफ्नो विद्यालयको आचार संहिता पालना गर्नुपर्छ। चालकव्वारा दिइएका सबै निर्देशन तत्काल र सम्मानपूर्वक पालना गर्नुपर्छ।
9. बसको तोडफोड, जस्तै सिट काट्ने, मुक्का हान्ने/प्वाल पार्ने, बिगार्ने, इत्यादि गर्ने अनुमति छैन र कुनै पनि समयमा विद्यार्थीहरूलाई आपत्कालीन निकासको ढोका वा झ्यालमा विकृति गर्ने अनुमति छैन। बस वा यसका कुनै पनि उपकरण चलाउने वा तोडफोड गर्ने विद्यार्थीलाई आपत्कालीन उपकरण लगायतका उपकरणहरू निलम्बन गरिने छ। साथसाथै, बस र/वा उपकरणको कुनै पनि दुर्भावनापूर्ण विनाशका लागि विद्यार्थी र आमाबुवा/अभिभावकहरूलाई आर्थिक रूपमा जिम्मेवार ठहराइने छ।
10. बसको सुरक्षित सञ्चालन सुनिश्चित गर्नका निम्ति बसको आवाज जहिले पनि न्यूनतम राख्नुपर्छ।
11. सबै रेलमार्ग क्रसिङहरूमा बसले सुरक्षित रूपमा ट्र्याकहरू पार नगरेसम्म र बस चालकले निर्धारण गरेअनुसार अन्य खतरनाक स्थानहरूमा पूर्ण शान्त रहनुपर्छ। विद्यार्थीहरूले बस चालक, मनिटर, विद्यालयका कर्मचारी, अन्य विद्यार्थी वा वयस्कहरूलाई अपमानजनक, अश्लील, अपमानजनक वा आपत्तिजनक भाषा, इशारा वा संकेतहरू प्रयोग गर्नु हुँदैन।
12. ओहायोको कानुनले विद्यार्थीहरूलाई स्कूल डिस्ट्रिक्टको नियन्त्रणमा रहेका कुनै पनि क्षेत्रमा धुम्रपान र/वा प्रयोग गर्न र/वा धुम्रपान राख्न वा डिस्ट्रिक्टको कुनै पनि विद्यालयले निरीक्षण गरेको कुनै क्रियाकलापलाई निषेध गर्दछ। यो कानुनले बसमा कुनै पनि रूपमा सुर्तीजन्य पदार्थको प्रयोगलाई विस्तार गर्छ। विद्यार्थीहरूलाई धुम्रपान गर्न वा अन्यथा प्रयोग गर्न, जफत गर्न, किन्न, बेच्न, बेच्ने प्रयास गर्न, वितरण गर्न वा कुनै पनि रूपमा सुर्ती जलाउनसहित प्रतिबन्ध छ तर धुम्रपान, सिगार, क्लोभ चुरोट, स्नुफ र सुर्तीका कुनै पनि प्रकारमा सीमित छैनन्।
13. विद्यार्थीहरूलाई सलाई वा चुरोट बाल्ने लाइटरहरू प्रयोग गर्न अनुमति छैन। विद्यार्थीले कुनै पनि विद्यालयको बसको कुनै पनि अंश वा त्यसभित्रका वस्तु वा अन्य व्यक्ति वा Pickerington विद्यालयका कु पनि सम्पत्ति जलाउने वा जलाउने प्रयास गर्ने छैनन्।
14. बसभित्र, बसमा वा बसको झ्यालबाट कुनै पनि वस्तु फाल्न वा पास गर्न निषेध गरिएको छ र यसले बसबाट निलम्बन गर्ने छ।
15. विद्यार्थीहरूले पहिलो पटक दिइएका बस चालकका निर्देशनहरू तत्कालै पालना गर्नुपर्छ र जवाफ दिनेबाट टाढा रहनुपर्छ। विद्यार्थीले विद्यालयका कर्मचारी वा बस चालकको उचित अनुरोध वा निर्देशनहरूका पालना गर्न असफल भएमा विद्रोह मानिने छ। विद्यार्थीद्वारा चालकलाई हुने कुनै पनि विचलित विद्यार्थी अनुशासन संहिताको उल्लङ्घन मानिने छ।
16. राज्य वा संघीय असक्षमता कानुनद्वारा आवश्यक पर्ने बाहेक, कुनै पनि साइजका जनावरहरू विद्यालयको बस (विद्यार्थीको IEP वा 504 आवास योजनामा तोकिएअनुसार) मा ल्याउने लैजाने गरिने छैन।
17. विद्यार्थीहरूले विद्यालयको बसमा व्यक्तिगत सञ्चार यन्त्रहरू (PCDs) राख्न वा प्रयोग गर्न सक्छन्। तर, असुरक्षित वातावरण सिर्जना गर्ने यन्त्रको विचलित प्रयोग सहने (जस्तै, चर्को प्लेब्याक, अनुचित वा आपत्तिजनक भाषा, उज्याला बत्तीहरू, आदि) छैन। बसका चालक वा डिस्ट्रक्टका कर्मचारी सदस्य (जस्तै, शिक्षक, क्रियाकलापका प्रायोजक, परामर्शदाता, प्रशिक्षक) सँग कुनै पनि विद्यार्थीलाई उहाँका यन्त्र बन्द गर्न अनुरोध गर्ने अधिकार छ। विद्यार्थीहरूलाई कुनै विद्यार्थी, कर्मचारी सदस्य वा अन्य व्यक्तिलाई क्याप्चर गर्न, रेकर्ड गर्न वा शब्द (जस्तै, अडियो) र/वा छवि(जस्तै, तस्विर/भिडियोहरू) हस्तान्तरण गर्नका लागि PCDs प्रयोग गर्न निषेध छ।पालना गर्न असफल हुँदा बसबाट निलम्बन हुने निम्त्याउन सक्छ।
18. विद्यार्थीले खतरनाक हतिया, खतरनाक उपकरण वा "उस्तै देखिने" कृतिम हतियार वा उपकरण धारण, हस्तान्तरण गर्नु वा लुकाउनु हुँदैन। त्यस्तै देखिने हतियारहरूले निम्न समावेश गर्न सक्छन् तर स्टार्टर पिस्तोल, स्टन बन्दुकहरू वा परिस्थितिहरूमा हतियार वा खतरनाक उपकरण मानिने बन्दुक, गोला वारुद, विस्फोटक, फायरवर्क्स, चक्कु वा छडी जस्ता अन्य वस्तु समावेश गर्छ तर निम्नमा सीमित हुँदैन।
19. विद्यार्थीहरूले विद्यार्थीका लागि आवश्यक पर्ने प्रिस्क्रिप्शन गरिएको औषधिबाहेक बसमा हुँदा मादक पदार्थ वा लागूपदार्थ राख्नु हुँदैन। विद्यार्थीसँग लागूपदार्थ, अन्य अवैध लागूपदार्थ, लागूपदार्थका सामग्री, मदिराजन्य पेय पदार्थ, नक्कली नियन्त्रित पदार्थहरू, लागूपदार्थको प्रयोग, वितरण वा स्थानान्तरणको प्रमाण देखाउन, प्रभावकारी हुन, प्रयोग गर्न, लुकाउन, बेच्न, बेच्न प्रस्ताव गर्न वा "उस्तै देखिने" नियन्त्रित पदार्थहरू हुनु हुँदैन। उस्तै देखिने नियन्त्रित पदार्थले आकार, साइज, रङ, चिन्ह, लेबलिङ, प्याकेजिङ, वितरण वा बेचिएको वा बिक्रीका लागि प्रस्ताव गरिएको मूल्यमा समानताका कारण उचित व्यक्तिले नियन्त्रित पदार्थ हो भनी विश्वास गर्ने कुनै पनि कुरा समावेश सक्छ तर त्यसमा सीमित छैन। नियन्त्रणमा विद्यार्थीको व्यक्ति वा पर्स, वालेट, लकर, डेस्क वा विद्यालयको सम्पत्तिमा वा

विद्यालयको उद्देश्यका लागि प्रयोग गरिएका सवारी साधन समावेश छन् तर त्यसमा सीमित छैन। निषेधमा समावेश गरिएका गैर-मदिराजन्य बियर, स्टेरोइड, सूर्तीजन्य पदार्थहरू, इ-चुरोट, भेपोराइजर र लागू पदार्थका सामग्री जस्ता नियन्त्रित पदार्थको रूपमा प्रस्तुत गरिएको कुनै पनि पदार्थ हो।

20. विद्यार्थीहरूले बसमा आफ्ना काखमा राख्न सकिने र सुरक्षित यसमा पुस्तकका झोलाहरू समावेश हुन्छन्) हुने सामानहरू मात्र बोक्न सक्नुहुन्छ। विद्यालयको बसमा सिसाका कन्टेनर वा एरोसोलका क्यानहरू ल्याउन अनुमति छैन। बेलुन, लेक्रोस स्टिक, हक्की स्टिक, बास्केटबल र स्केटबोर्डहरू बसमा अनुमति छैन, बास्केटबल ब्याट, टेनिस ऱ्याकेट र एथलेटिक उपकरण उचित झोलामा/ढाकेर ल्याउँदा अनुमति दिइन्छ। तिनीहरूलाई काखमा समात्नुपर्छ। ल्याक्रोस स्टिक, गोल्फ क्लब र बास्केटबलहरूलाई अनुमति छैन। थप रूपमा, विद्यार्थीहरूले आफ्नो काखमा सुरक्षित रूपमा राख्न सकिने भन्दा बढी वस्तु बोक्ने प्रयास गरेमा, उहाँहरूलाई सवारी गर्न अनुमति दिइने छैन। हेडफोन, बूम बक्स, खेलौना आदि किताबको झोलामा राख्नुपर्छ। यसमा साङ्गीतिज उपकरण समावेश छन्। विद्यार्थीहरूलाई विद्यालयमा विद्यार्थीहरूलाई ल्याउने र लैजाने बसहरूमा निम्न साङ्गीतिक उपकरणहरू ल्याउन अनुमति छैनः

| | |
|---|---|
| टेनर स्याक्स | टुबा |
| फ्रेन्च हर्न | ड्रम्स |
| ब्यारिटोन | सेलो |
| ट्रोम्बोन | स्ट्रिङ बास |

21. चालकहरूले बसमा ल्याइएका सबै चीज जफत गर्न सक्नुहुन्छ।
22. सबै विद्यार्थी डिस्ट्रिक्टको उत्पीडन नीतिको अधीनमा हुनुहुन्छ।
23. नियमको गम्भीर उल्लङ्घन (हरू) का लागि विद्यार्थीविरुद्ध नागरिक अभियोग दायर गर्न सकिन्छ।
24. विद्यार्थीहरूले विद्यार्थी आचार-संहिताको सबै प्रावधान र आवश्यकता पालन गर्नुपर्छ। दुर्व्यवहार पर्ची प्राप्त गरेका विद्यार्थीहरूले आमाबुवा/अभिभावकद्वारा हस्ताक्षर गरेर अर्को पटक विद्यार्थी बचमा चढ्दा बस चालकलाई फिर्ता गर्नुपर्छ। त्यसो गर्न असफल भएमा हस्ताक्षर नगरिएको दुर्व्यवहार पर्ची फिर्ता नगरेसम्म सवारी विशेषाधिकारको निलम्बन हुन सक्छ। प्रतिलिपि तल देखाइएको छ।

**प्रश्नहरू छन्?**

Petermann यातायातलाई **614-837-8525** मा सम्पर्क गर्नुहोस्।

विद्यालयको बसमा दुर्व्यवहारका लागि सुधारात्मक कारबाही उपयुक्त डिस्ट्रिक्ट र Petermann को नीति पालना गर्ने छ। सामान्यतया प्रगतिशील पद्धति पालना गर्दै, साना उल्लङ्घनहरूले घटनाको समयमा बस चालकद्वारा सुधारात्मक कार्य वा आमाबुवा वा अभिभावकलाई पछिको कल समावेश हुन सक्छ।

**प्रमुख उल्लङ्घनहरूले सवारी विशेषाधिकारहरू तत्कालै निलम्बन गर्न सक्छ।**

आफैं र अरूको सुरक्षालाई खतरामा पार्ने गम्भीर वा दोहोऱ्याइएको उल्लङ्घनले Petermann को कर्मचारीलाई सम्बोधन गर्नका लागि लेखनमा परिणाम ल्याउने छ। विद्यार्थीले तेस्रो लेखन प्राप्त गरेमा, अनुशासनात्मक कारबाही गरिने छ। त्यस्तो अनुशासनले बसको यातायातबाट निलम्बर र आवश्यक परेमा, **बसबाट तत्काल हटाउनेसम्म समावेश हुन सक्छ।** विद्यार्थीहरूसँग उचित प्रक्रियाको अधिकार छ र बसको यातायातबाट निलम्बन भएका विद्यार्थीहरू विद्यालयको समयमा Petermann का अनुशासन संयोजक र विद्यालय प्रशासनद्वारा ह्यान्डल गरिने छन्। गम्भीर अपराधहरूका परिणामले विद्यालयका स्रोत अधिकारी र/वा स्थानीय अधिकारीहरू संलग्न हुने निम्त्याउन सक्छ। बस विशेषाधिकारहरू निलम्बन गरिएका बेला विद्यार्थीहरूलाई विद्यालयमा ल्याउन र लैजानका लागि आमाबुवा, अभिभावक वा प्रतिनिधिहरू जिम्मेवार हुन्छन्। सुरक्षाको थप उपायका रूपमा, हाम्रो यातायातको फ्लिट बसको अवस्थाहरूको निरीक्षण गर्नका लागि भिडियो रेकर्डिङ उपकरणले सुसज्जित छ र भिडियो रेकर्डिङ अनुशासनात्मक कार्यवाही(हरू) वा चालकको प्रशिक्षण उद्देश्यहरूलाई समर्थन गर्नका लागि प्रयोग गर्न सकिन्छ। Petermann भिडियो रेकर्डिङको एकमात्र मालिक हो र दर्शकहरू Petermann र डिस्ट्रिक्टका कर्मचारीहरूलाई प्रतिबन्धित छ।

सुरक्षाको थप उपायका रूपमा, हाम्रो यातायातको फ्लिट बसको अवस्थाहरूको निरीक्षण गर्नका लागि भिडियो रेकर्डिङ उपकरणले सुसज्जित छ र भिडियो रेकर्डिङ अनुशासनात्मक कार्यवाही(हरू) वा चालकको प्रशिक्षण उद्देश्यहरूलाई समर्थन गर्नका लागि प्रयोग गर्न सकिन्छ। Petermann भिडियो रेकर्डिङको एकमात्र मालिक हो र दर्शकहरू Petermann र डिस्ट्रिक्टका कर्मचारीहरूलाई प्रतिबन्धित छ।

PETERMANN

Date ____________________

| ______ | ______ | ______ | ______ |
|---|---|---|---|
| Bus # | School | Student's Name | Grade |

Dear Parents:
All students in the Pickerington School District who ride a bus to school are subject to regulations until they get off at their school or the bus stop near their home. Any misbehavior which distracts the driver is a very serious hazard to the safe operation of the vehicle, and as such, jeopardizes the safety of all passengers.

The above-named student has been cited for the infraction of the rule(s) checked below:

| MINOR OFFENSES | MAJOR OFFENSES |
|---|---|
| ______ Failure to remain properly seated | ______ Obscene language/gestures/spitting |
| ______ Having any body part out of bus window | ______ Tobacco/alcohol/harmful drugs |
| ______ Eating, drinking or chewing gum | ______ Vandalism |
| ______ Bothering others | ______ Fighting/pushing/tripping |
| ______ Improper procedure at bus stop/Delaying bus schedule | ______ Refusing to obey driver |
| ______ Improper procedure at railroad crossing | ______ Throwing objects on bus or out of bus window |
| ______ Causing a distraction | ______ Personal disrespect to bus driver |
| ______ Unauthorized exiting or boarding of bus | ______ Tampering with emergency exits |
| ______ Unauthorized use of wireless device | ______ Other |
| ______ Other | |

☐ **1st Write-up/ Written Warning**
☐ **2nd Write-up**
☐ **3rd Write-up**
☐ **4th Write-up**

Driver's Comments: ____________________

4 or more minor offenses will result in a bus suspension of up to 10 days. Any major offense will result in a bus suspension of no less than 3 days and up to the remainder of the school year. Please see student handbook for a complete list of transportation rules and guidelines.

This notice must be presented to the driver with the parents's signature. If this report is not signed and returned to the driver the next time the student boards the bus, action will be taken and the student could lose his/her riding privileges.

Parent ____________ Student ____________ Driver ____________
Date ____________ Date ____________ Date ____________

Discipline Supervisor: ____________________

*White - Parent* *Canary - Principal* *Pink - Transportation* *Goldenrod - Driver*

## पाठ्यक्रम

**ग्रेडिङ अभ्यासहरू: K-12 का लागि मार्गदर्शक सिद्धान्तहरू**

- ग्रेडिङको उद्देश्य भनेको सरोकारवालाहरूलाई पाठ्यक्रम सामग्री मापदण्डहरूको प्रवीणताको स्तरबारे सञ्चार गर्नु हो।
- शिक्षकहरूले आमाबुवा र विद्यार्थीहरूलाई ग्रेडिङ मापदण्ड र विद्यार्थीको प्रवीणताको स्तरका बारेमा स्पष्ट र सामयिक सञ्चार उपलब्ध गराउनुपर्छ।
- विद्यार्थीको अध्ययन प्रमाण ग्रेड लेभलका सामग्री मापदण्डहरूसँग पङ्क्तिबद्ध हुनुपर्छ। विद्यार्थीहरूलाई गतिविधिहरू (जस्तै क्यानमा राखिएका सामग्री, कक्षाकोठाका सामग्री, आमाबुवा/अभिभावकको हस्ताक्षर वा गैर-पाठ्यक्रम गतिविधिहरूमा सहभागी हुने) का लागि अतिरिक्त क्रेडिट वा ग्रेड दिनुले अध्ययनको प्रमाण देखाउँदैन।
- ग्रेडिङ प्रणालीले ग्रेड लेभल, विषयवस्तु क्षेत्र र विद्यालयहरूमा स्थिरता र समानता सुनिश्चित गर्दछ।
- ग्रेडिङ प्रणालीले काम गर्ने बानी, चरित्र गुण, उपस्थिति र व्यवहारबाट छुट्टै शैक्षिक प्रगति र उपलब्धिको मापन, प्रतिवेदन र प्रमाण प्रस्तुत गर्छ जसकारण शिक्षक र अन्य सरोकारवालाहरूले अध्ययनका आवश्यकता र व्यवहार वा कार्य गर्ने-व्यवहार आवश्यकताहरूबिचको भिन्नता सही रूपमा निर्धारण गर्न सक्छुहुन्छ।
- ग्रेडिङ प्रणालीलाई सजाय, नियन्त्रण वा अनुपालनको रूपमा प्रयोग गरिँदैन।

पुनः शिक्षण र पुनः मूल्याङ्कन निर्देशनात्मक चक्रको भाग हुन्।

**औसत ग्रेड पोइन्ट/कक्षा श्रेणी**

प्रत्येक विद्यार्थीको संचयी औसत ग्रेड पोइन्ट (G.P.A.) मार्गदर्शन कार्यालयमा कायम राखिन्छ। सबै श्रेणीबद्ध पाठ्यक्रमहरू G.P.A. गणना गर्न प्रयोग गरिन्छ। संचयी G.P.A कक्षा श्रेणी निर्धारण गर्न प्रयोग गरिने छ। G.P.A. प्रत्येक सेमेस्टरको अन्तिममा गणना गरिन्छ।

**ग्रेडिङ स्केल**

सातदेखि बाह्र ग्रेडसम्मका विद्यार्थीहरूले प्रत्येक त्रैमासिक (9 हप्ता) सेमेस्टरमा रिपोर्ट कार्डहरू प्राप्त गर्ने छन् र वार्षिक औसतहरू चार-पोइन्टको स्केलमागणना गरिन्छ।

(A लाई पूर्ण स्कोर हुन अनुमति दिँदै A+ प्रयोग गरिने छैन)

| ग्रेडिङ स्केल | | | | |
|---|---|---|---|---|
| 9/12 हप्ताको ग्रेड | | | सेमेस्टर/वर्ष | |
| प्रतिशत | अक्षर ग्रेड | मान | अक्षर ग्रेडको औसत गर्दाको दायरा | सेमेस्टर/वर्षको अन्तिम ग्रेड |
| 100-93 | A | 4.00 | 4.00-3.88 | A |
| 92-90 | A- | 3.75 | 3.87-3.50 | A- |
| 89-87 | B+ | 3.25 | 3.49-3.13 | B+ |
| 86-83 | B | 3.00 | 3.12-2.88 | B |
| 82-80 | B- | 2.75 | 2.87-2.50 | B- |
| 79-77 | C+ | 2.25 | 2.49-2.13 | C+ |
| 76-73 | C | 2.00 | 2.12-1.88 | C |
| 72-70 | C- | 1.75 | 1.87-1.50 | C- |
| 69-67 | D+ | 1.25 | 1.49-1.13 | D+ |
| 66-63 | D | 1.00 | 1.12-.088 | D |
| 62-60 | D- | 0.75 | 0.87-0.67 | D- |
| 60 भन्दा कम | F | 0.00 | 0.66-0.00 | F |

*भारित ग्रेड प्रणाली*

भारित क्रेडिट निम्न कारकहरूद्वारा नियमित क्रेडिट गुणन गरेर निर्धारण गरिन्छ: सम्मान/पूर्व-AP 1.125, आर्टिक्युलेसन सम्झौताहरू 1.1875 र AP/CCP 1.25।

*परिभाषाहरू:*

*मानक पाठ्यक्रमहरू* ओहायो सिकाइ मापदण्डहरूसँग मिल्दोजुल्दो छन्।

*सम्मान स्तर/पूर्व-AP पाठ्यक्रमहरू* ओहायो सिकाइ मापदण्डहरूसँग मिल्दोजुल्दो छन् र विस्तारित सिकाइ अनुभवहरूबाट विद्यार्थीको सिकाइ विस्तार गर्छन्।

*आर्टिक्युलेसन सम्झौताहरू* हाइ स्कूल र कलेजबिचका लेखित सम्झौताहरू हुन् जसले विद्यार्थीहरूलाई कलेज पाठ्यक्रमहरूको सामग्रीसँग मिल्दोजुल्दो हाइ स्कूल पाठ्यक्रमहरूका लागि कलेज क्रेडिट आर्जन गर्न अनुमति दिन्छ। आर्टिक्युलेसन सम्झौताहरूले विद्यार्थीहरूलाई ट्रान्सक्रिप्टेड कलेज क्रेडिट प्राप्त गर्न कार्यविधि निर्धारण गर्छन्।
पहिले पोस्टसेकेन्डरी शिक्षा विकल्प कार्यक्रम (PSEOP) भनिने कलेज क्रेडिट प्लस (CCP) पाठ्यक्रमहरूले पोस्टसेकेन्डरी संस्थाको मापदण्ड पूरा गर्ने विद्यार्थीहरूलाई कलेज क्याम्पसका कलेज पाठ्यक्रमहरूमा सहभागी हुने वा हाइ स्कूल सेटिङमा हाइ स्कूल संकायमा पढ्ने अवसर दिन्छन्। विद्यार्थीहरूले दुवै हाइ स्कूल र ट्रान्सक्रिप्टेड कलेज क्रेडिट प्राप्त गर्छन्। पाठ्यक्रम पूरा गर्न F अर्थात् अनुतीर्ण हुने CCP विद्यार्थीहरूले डिस्ट्रिक्टलाई पूर्ण लागतमा क्षतिपूर्ति दिन आवश्यक हुने छ। CCP वा डुअल क्रेडिट पाठ्यक्रमहरू छोड्ने विद्यार्थीहरूले पोस्टसेकेन्डरी संस्थाका नीतिहरूको पालना गर्ने छन्, जसमा प्रकाशित अन्तिम मितिपछि पाठ्यक्रम रद्द गर्नुका परिणामहरू समावेश हुन सक्छन्।

डिस्ट्रिक्टका पोस्टसेकेन्डरी साझेदारहरूप्रति सत्यनिष्ठा कायम राख्दै CCP पाठ्यक्रमहरूमा विद्यार्थीको प्रगतिको यथार्थ रिपोर्टिङ सुनिश्चित गर्नका लागि, शैक्षिक त्रैमासिकभित्र आन्तरिम अवधिका लागि र मध्य-सेमेस्टर रिपोर्ट कार्डका लागि विद्यार्थीको ग्रेड रिपोर्टिङ समग्रमा साठी (60) प्रतिशत विद्यार्थी उत्तीर्ण भएको मानिने गरी उत्तीर्ण/अनुत्तीर्णका आधारमा रिपोर्ट गरिने छ। त्यस्तो रिपोर्टिङमा अन्तिम ग्रेडहरू सेमेस्टरका लागि सञ्चित छन् भन्ने सूचना समावेश हुने छ।

*उन्नत नियोजन* भनेको कलेज बोर्डद्वारा सञ्चालित एउटा कार्यक्रम हो जसले तपाईंलाई हाइ स्कूलमा पाठ्यक्रमहरू लिन अनुमति दिन्छ, तपाईं उक्त पाठ्यक्रमहरूमा कलेज क्रेडिट आर्जन गर्न र/वा कलेज पढ्न सुरु गरेपछि थप उन्नत कक्षाहरूका लागि योग्य हुन सक्नुहुन्छ। तपाईं अझै पनि हाइ स्कूलमा हुँदा तपाईंलाई प्रारम्भिक स्तरको कलेज कक्षाको अनुभव दिनका लागि तिनीहरू डिजाइन गरिएका हुन्। तपाईं AP परीक्षामा उत्तीर्ण भएमा कलेज क्रेडिट प्राप्त गर्न सक्नुहुन्छ।

*उन्नत स्थायी कार्यक्रमहरू (ASP)* कलेज क्रेडिट बेयरिङ पाठ्यक्रमहरू हुन् र कलेज क्रेडिट प्लस (CCP) र उन्नत स्थान नियोजन (AP) समावेश हुन्छन्।

आफ्नो कक्षामा शीर्ष दसमा ग्रेजुएट भएकाहरूलाई “Decem Decori” (सम्मानका साथ 10) को रूपमा मान्यता दिइने छ। आफ्नो कक्षामा 4.0 वा सोभन्दा बढी ल्याएर ग्रेजुएट भएकाहरूलाई "अप्टिमा सुप्रा" (एकदमै उत्कृष्ट) को रूपमा मान्यता दिइने छ।

**सम्मान डिप्लोमा**

हाइ स्कूलका विद्यार्थीहरूले सम्मान डिप्लोमामार्फत ओहायोका ग्रेजुएसन आवश्यकताहरू पूरा गरेकोमा राज्यबाट मान्यता पाउन सक्छन्। विद्यार्थीहरूले उच्च स्तरको पाठ्यक्रम र वास्तविक संसारका अनुभवहरू लिएर र सफल भएर आफैंलाई चुनौती दिन्छन्।

थप जानकारीका लागि, कृपया यहाँ जानुहोस्: ओहायो शिक्षा विभाग — विद्यार्थीहरूका लागि – सम्मान डिप्लोमासम्बन्धी जानकारी
आवेदनहरू अनलाइनमा उपलब्ध छ: सम्मान डिप्लोमा विद्यार्थी आवेदन

**सम्मानित व्यक्तिहरूको सूची**

हामी तीन सम्मानित व्यक्तिहरूको सूचीबाट शैक्षिक उपलब्धिलाई मान्यता दिन्छौं:

प्रतिष्ठित सम्मानित व्यक्तिको सूची    3.750 – 5.000

| | |
|---|---|
| उच्च सम्मानित व्यक्तिको सूची | 3.250 – 3.749 |
| सम्मानित व्यक्तिको सूची | 3.000 – 3.249 |

वार्षिक G.P.A. विद्यालय वर्षको पहिलो प्रत्येक तीन (3) ग्रेडिङ अवधिमा विद्यार्थीको G.P.A. को अङ्कगणितीय औसत हुने छ।

**अधूरो कार्य:**

1. “I” क्वार्टर वा सेमेस्टर ग्रेड प्राप्त गर्ने विद्यार्थीहरूलाई कार्य पूरा भएपछि उपयुक्त ग्रेडमा परिवर्तन हुने छ।
2. अन्तिम GPAs र ग्रेडिङ अवधिको अन्त्यमा GPAs कम्प्युट गर्दा, सबै “I” (अधूरो कार्य) लाई F मा गणना गरिने छ। सबै कार्य ग्रेडिङ अवधि समाप्त भएपछिको 10 विद्यालय दिनभित्र पेश नगरेमा, अधूरो कार्य “I” लाई F मा परिवर्तन हुने छ।
3. “I” प्राप्त गरेका सबै विद्यार्थीलाई नौ हप्ता/बाह्र हप्ताको सम्मानित व्यक्तिको सूचीबाट हटाइने छ।
4. तोकिएको मितिपछि, कुनै पनि ग्रेडिङ समयमा पूरा नभएमा पाठ्यक्रमको अन्त्यमा “I” को अन्तिम ग्रेड र सेमेस्टर औसत हुने छ। अन्तिम ग्रेड पूरा नभएको अवस्थामा निम्न कुराहरू हुने छन्।
   A. शिक्षकले परामर्शदाता र प्रशासकहरूलाई अधूरो कार्यको समाधान र पेश गर्ने समयसीमाबारे जानकारी उपलब्ध गराउनु हुने छ।
   B. ग्रेड कार्डमा टिप्पणी गरिने छ।
   C. तोकिएको समयपछि, “I” को अन्तिम ग्रेडलाई F मा परिवर्तन गरिने छ।

**अन्तरिम रिपोर्टहरू**

अन्तरिम रिपोर्टहरू प्रत्येक ग्रेडिङ अवधिको आधाआधीमा उपलब्ध हुने छन्। Infinite Campus को अभिभावक पोर्टलबाट आमाबुवा/अभिभावकले आफ्नो बच्चाका ग्रेडहरूमा पहुँच गर्न सक्नुहुन्छ। यो सबै आमाबुवा/अभिभावकलाई आफ्नो प्रयोगकर्ता नाम र पासवर्ड प्रयोग गरेर उपलब्ध छ; तसर्थ, कागजी अन्तरिम वितरण गरिएको छैन। आमाबुवा/अभिभावकसँग इन्टरनेट पहुँच छैन भने, उहाँहरूले कागजी अन्तरिम अनुरोध गर्न सक्नुहुन्छ। आमाबुवाले बच्चाको शिक्षकलाई सम्पर्क गरेर प्रगति रिपोर्ट अनुरोध गर्न सक्नुहुन्छ। त्यसपछि, शिक्षकले प्रगति रिपोर्ट प्रिन्ट गरेर विद्यार्थीलाई दिनु हुने छ। अन्तरिम रिपोर्ट लिखितमा, कन्फेरेन्समा वा टेलिफोनद्वारा हुन सक्छ।

**कार्य पूरा गर्ने**

विद्यार्थीहरूलाई छुटेको कार्य पूरा गरेका लागि क्रेडिट प्राप्त गर्न अनुमति दिइने छ। पूर्व-घोषित प्रश्नोत्तर, परीक्षा वा परियोजनाको दिन अनुपस्थित हुने विद्यार्थीहरूले अनुपस्थितिको समयमा नयाँ सामग्री समावेश नगरेको भएमा निर्धारित मितिमा प्रश्नोत्तर/परीक्षा दिन वा परियोजना प्रस्तुत गर्न आवश्यक पर्ने छ। अनुपस्थित हुनुअघि दिइएको गृहकार्य बुझाउने मिति विद्यार्थी विद्यालयमा फर्कने मिति हो। छुटेको कार्य पूरा गर्नका लागि अनुमति दिइएको समय शिक्षक र विद्यार्थीले मिलेर निर्धारण गर्नु हुने छ तर अनुपस्थित दिनको सङ्ख्याभन्दा बढी हुने छैन। विद्यालयभित्र हुने अध्ययन (इन-स्लूल स्टडी, I.S.S.) र विद्यालयबाहिर हुने निलम्बन (आउट-अफ-स्कूल सस्पेन्सन, O.S.S.) भएका विद्यार्थीहरूलाई छुटेका सबै कार्य पूरा गर्न अनुमति दिइने छ।

आमाबुवा/अभिभावकले आफ्नो बच्चा अनुपस्थित भएको दोस्रो दिनमा आफ्नो बच्चाका लागि गृहकार्य असाइनमेन्टहरू अनुरोध गर्न सक्छन्। यी असाइनमेन्टहरू प्राप्त गर्नका लागि कार्यालयसँग आवश्यक समयसीमा हुनका लागि बिहानको 10:00 बजेअघि नै अनुरोध गरिनुपर्छ। गृहकार्य दिनको अन्त्यमा लैजानका लागि तयार हुने छ। आमाबुवाले आफ्नो बच्चाका शिक्षकहरूका लागि व्यक्तिगत गृहकार्य अनुरोध नीतिका बारेमा जान्नुपर्छ। यो नीति विद्यालय अनुसार केही फरक हुन सक्छ।

**उत्तीर्ण/ अनुत्तीर्ण**

ग्रेड 7 देखि 12 सम्मका विद्यार्थीहरूले निम्न मार्गनिर्देशनहरूमा आधारित उत्तीर्ण/अनुत्तीर्णको आधारमा वैकल्पिक पाठ्यक्रमहरू लिन सक्छन्। उत्तीर्ण/अनुत्तीर्ण विकल्पका लागि योग्य पाठ्यक्रमहरू उत्तीर्ण/अनुत्तीर्ण दर्ता फाराममा पहिचान गरिन्छ। विद्यार्थी, विद्यार्थीका आमाबुवा/अभिभावक र शिक्षकले उत्तीर्ण/अनुत्तीर्ण दर्ता फाराम पूरा गरी हस्ताक्षर गर्नुपर्छ। इच्छुक विद्यार्थीहरूले यो फाराम परामर्शदाताको कार्यालयमा प्राप्त गर्न सक्छन्।

1. "विकल्पहरू" लाई विद्यार्थीहरूले पूरा गर्नुपर्ने उत्तीर्ण/अनुत्तीर्ण दर्ता फाराममा परिभाषित गरिएको छ।

2. ग्रेड 9 देखि 12 सम्मका विद्यार्थीहरूले मूल कक्षा र विदेशी भाषाहरूबाहेक सबै क्षेत्रमा उत्तीर्ण/अनुत्तीर्ण (P.E. सहित) को रूपमा प्रत्येक वर्ष एउटा (1) वैकल्पिक क्रेडिट लिन सक्छन्। PE कक्षाहरूलाई सधैँ उत्तीर्ण/अनुत्तीर्णको रूपमा लिन सकिन्छ र विद्यार्थीको उत्तीर्ण/अनुत्तीर्ण पाठ्यक्रम चयनबाहेक अतिरिक्त उत्तीर्ण/अनुत्तीर्ण कक्षा हुन सक्छ।

3. विदेशी भाषाहरूलाई मात्र "वैकल्पिक" मानिने छ र विद्यार्थीले कम्तीमा पनि दुई वर्षको विदेशी भाषा पूरा गरेर फरक विदेशी भाषा प्रयास गर्न चाहेको खण्डमा उत्तीर्ण/अनुत्तीर्णका लागि योग्य हुने छ।

4. पाठ्यक्रमको पहिलो चार हप्ता (4) भित्र उत्तीर्ण/अनुत्तीर्ण पाठ्यक्रमका लागि दर्ता गरिनुपर्छ। विद्यार्थीले पछि ग्रेड विकल्प (A, B, C, D, F) को रूपमा पाठ्यक्रम लिने निर्णय गरेमा, उनीहरूले अन्तिम ग्रेडिङ अवधिको अन्त्यसम्ममा त्यसो गर्नुपर्छ। ग्रेड विकल्प (A, B, C, D, F) चयन गर्ने विद्यार्थीहरूको मात्रै अन्तिम ग्रेड परिवर्तन हुने छ। विद्यार्थीले उत्तीर्ण/अनुत्तीर्ण पाठ्यक्रमलाई अक्षर ग्रेडमा परिवर्तन गर्न रोज्छ भने, यसलाई विद्यालय वर्षका लागि उसको एउटा उत्तीर्ण/अनुत्तीर्ण चयनको रूपमा गणना गरिने छ।

5. पाठ्यक्रम थप्ने वा छोड्ने प्रक्रिया उत्तीर्ण/अनुत्तीर्ण पाठ्यक्रमहरूमा पनि लागू हुने छ।

6. प्रत्येक ग्रेडिङ अवधिमा प्रगतिका लागि सन्तोषजनक (उत्तीर्ण) वा असन्तोषजनक (अनुत्तीर्ण) को ग्रेड दिइने छ। शिक्षकले सधैँ जसरी आफ्नो ग्रेड बुकमा सबै अक्षर ग्रेडहरूको रेकर्ड राख्नुपर्छ। उत्तीर्ण/अनुत्तीर्ण केवल ग्रेड कार्ड र स्थायी रेकर्ड कार्डहरूमा रेकर्ड गरिनुपर्छ।

7. सामान्य परिस्थितिहरूलाई ध्यानमा राख्दै, हाइ स्कूलको क्रेडिटका लागि नभएका सबै कक्षाका लागि शिक्षक कर्मचारीसँग परामर्श लिएर भवन प्रबन्धकको निर्णयमा र सुपरिटेन्डेन्ट/डिजाइनीको अनुमतिमा ग्रेड 6 देखि ग्रेड 8 सम्म उत्तीर्ण/अनुत्तीर्ण ग्रेडिङ प्रयोग गर्न सकिन्छ।

8. अङ्ग्रेजी अध्ययनकर्ता (EL) विद्यार्थीहरू (K-12) ले उपयुक्त शिक्षक कर्मचारीले सिफारिस गर्दासम्म र सुपरिटेन्डेन्ट/डिजाइनीको अनुमति हुँदासम्म कुनै पनि उत्तीर्ण/अनुत्तीर्ण कक्षा लिन सक्छन्।

**PBIS र संयम तथा एकान्तको सीमित प्रयोग**

सकारात्मक व्यवहार हस्तक्षेप समर्थन (PBIS) शैक्षिक उपलब्धि र व्यवहारात्मक क्षमता (B.P. 5630.01) प्रवर्द्धन गर्ने र उच्चतम सीमासम्म बढाउने ओहायो शिक्षा विभाग र पिकरिङ्टन लोकल डिस्ट्रिक्टद्वारा समर्थित एक प्रक्रिया हो। सबै विद्यार्थीहरूलाई महत्त्वपूर्ण सामाजिक-भावनात्मक र अध्ययन लक्ष्यहरू हासिल गर्न मद्दत गर्नका लागि समर्थन गर्ने त्रिस्तरीय प्रणाली हो। हामीलाई हामीले विद्यार्थी-केन्द्रित, प्रभावशाली र स्थिर अध्ययन वातावरणहरू सिर्जना गर्दा, हाम्रा विद्यार्थीहरूले आफ्नो अध्ययनमा प्रवीणता हासिल गर्छन् भन्ने कुरा थाहा छ। PBIS को भागको रूपमा, हामी स्पष्ट नियम र व्यवहार अपेक्षाहरू स्थापित गर्ने छौँ र विद्यार्थीहरूलाई स्पष्ट रूपमा सिकाउने छौँ। हामी इच्छित व्यवहारहरू प्रोत्साहन र स्वीकार गर्छौं। हाम्रो भवन र पार्किङ स्थल र खेल मैदानहरूमा सबै विद्यार्थी व्यवहारका लागि अपेक्षा हरू सामान्य क्षेत्रहरूमा स्पष्ट छन्। हाम्रो विद्यालयको नियमले सुरक्षित विद्यालय वातावरण उपलब्ध गराउँछ र शिक्षणका लागि थप समयको अनुमति दिन्छ। हामी सबै विद्यार्थीहरूका लागि निरन्तर परिणाम र सकारात्मक सुदृढीकरण लागू गर्छौं। प्रत्येक अपेक्षित व्यवहारको विवरण दिएर र विद्यार्थीहरूलाई सकारात्मक, स क्रिय तरिकाले सिकाएर, हामी विद्यार्थी, शिक्षक, फ्रन्ट अफिसका कर्मचारी र पारापेशेवरहरूसहित हाम्रा डिस्ट्रिक्टका सबैजनालाई साझा भाषा उपलब्ध गराउँछौँ।

हामी साझा दृष्टिकोण र तात्पर्य, भाषा र अनुभवहरूले हाम्रो विद्यालय समुदायलाई विद्यार्थीहरू सफल हुन र अघि बढ्न सक्ने वातावरणहरू निर्माण गर्न र दिगो बनाउन अनुमति दिन्छ भन्ने कुरामा विश्वास गर्छौं। यो फ्रेमवर्कले विद्यार्थी व्यवहारका लागि स्पष्ट अपेक्षाहरू उपलब्ध गराउँछ, सामाजिक सीपहरू प्रोत्साहन गर्न विशेष विधि र रणनीतिहरू र दुर्व्यवहार हुँदा सुधारात्मक रणनीतिहरूको मेनु तयार पार्छ। बोर्ड नीतिको वार्षिक सूचना 5630.01

**समयतालिका परिवर्तनहरू**

बोर्ड नीति 5421 हेर्नुहोस्: ग्रेडिङ र मूल्याङ्कन

## ग्र्याजुएशन

**ग्रेजुएसन अभ्यासहरू (बोर्ड नीति 5460.02)**

दीक्षान्त समारोह भनेको पिकरिङ्टन स्कूल्सले आफ्ना ग्रेजुएट गर्ने विद्यार्थीहरूलाई सम्मान दिनका लागि आयोजित गर्ने एक अतिरिक्त-पाठ्यक्रम समारोह हो। दीक्षान्त समारोह अभ्यासमा सहभागी हुनु एक अधिकार नभएर एक विशेषाधिकार हो। विद्यार्थीहरूले यस कार्यक्रमको गरिमा र महत्त्वलाई ध्यानमा राख्दै राम्रो व्यवहार देखाऊन् भन्ने अपेक्षा गरिन्छ। दीक्षान्त समारोहमा सहभागी हुनका लागि सबै शुल्क पूर्ण रूपमा भुक्तानी गरिनुपर्छ। व्यवहारिक अपेक्षाहरू स्वीकार गर्न नचाहनेहरूले वैकल्पिक सेटिङमा डिप्लोमा गर्ने चाहना राख्न सक्छन्।

ग्रेजुएसन समारोहमा दुर्व्यवहार गर्ने ग्रेजुएट नगरेकाहरूलाई विद्यालयले अनुशासनात्मक कारबाही गर्ने छ। दीक्षान्त समारोह अभ्यासहरूमा हुने दुर्व्यवहारले आचार-संहिताको उल्लङ्घन गर्छ।

**ग्रेजुएसनका लागि अनुमोदित रेगालिया (बोर्ड नीति 5460.02)**

ग्रेजुएसनमा शैक्षिक उत्कृष्टतालाई मान्यता दिने परम्परालाई ध्यानमा राख्दै, रेगालिया (कर्ड, मेडल, स्टोल र प्रशासकद्वारा स्वीकृति पिन) का स्वीकृत सूचीहरू ग्रेजुएसनमा लगाउने गाउनलाई सजाउन अनुमति दिइने वस्तुहरू मात्र हुन्। विद्यार्थीहरूले लगाउने कुनै पनि अतिरिक्त वस्तुको परिणाम स्वरूप विद्यार्थीलाई समारोहमा सहभागी हुनुअघि ती वस्तुहरू हटाउन अनुरोध गरिन्छ।

निम्न कुराहरू कर्ड, मेडल र स्टोलका स्वीकृत सूचीहरू हुन्:

डेकम डेकोरी - बैजनी (नर्थ)/सेतो (सेन्ट्रल) कर्ड, रातो कर्ड र मेडल

अप्टिमा सुप्रा - रातो कर्ड र मेडल

प्रतिष्ठित छात्र - मेडल मात्र

नेशनल अनर्स सोसाइटी (NHS) - गोल्ड कर्ड

नेशनल आर्ट अनर्स सोसाइटी - रेन्बो कर्ड

नेशनल स्पेनिश अनर सोसाइटी - रातो/पहेंलो कर्ड

विद्यार्थी परिषद् – स्टोल

कक्षाका अधिकारी – स्टोल

विद्यालय कार्यक्रम/संगठनहरूका लागि पिनहरू लगाउन अनुमति दिइएको छ। (ग्रेजुएसन हुनुअघि विद्यालय प्रशासनले सबै पिन स्वीकृत गरेको हुनुपर्छ।)

**ग्रेजुएसन आवश्यकताहरू** (बोर्ड नीति 5460)

विद्यार्थीले पिकरिङ्टन हाइ स्कूलबाट ग्रेजुएट गर्नका लागि निम्न कुराहरू गर्नुपर्छ:

1. आफूले ग्रेजुएट गरेको वर्षको विद्यालय वर्ष पूरा गर्नुपर्छ। (अन्य व्यवस्थाहरू नमिलाउँदासम्म वा अन्यथा डिस्ट्रिक्ट प्रशासनले अनुमोदन नगरेसम्म अन्तिम निर्धारित नियमित विद्यालय दिनसम्म उपस्थित हुनुपर्छ।)

2. विद्यार्थीहरूले ग्रेजुएट गर्न 20 क्रेडिटहरू आर्जन गर्नुपर्छ। विषय क्षेत्रहरूका लागि विशेष आवश्यकताहरू बोर्ड नीतिमा उल्लिखित छन्। डिप्लोमा हासिल गर्नका लागि, विद्यार्थीहरूले हाइ स्कूलको पाठ्यक्रम पूरा गर्दा लागू गरिएका परीक्षण र पाठ्यक्रम आवश्यकताहरू पूरा गर्नुपर्छ। डिप्लोमाको मितिले त्यस समयमा लागू गरिएका ग्रेजुएसन आवश्यकताहरूलाई सङ्केत गर्छ। यसलाई राज्यको कानुनबमोजिम परिमार्जन नगरिएसम्म यो लागू हुने छ।

3. विद्यार्थीसँग विद्यालय निलम्बन, विद्यालयबाहिर हुने निलम्बन र बहिष्करणसहित कुनै उत्कृष्ट अनुशासन छैन भने, सुपरिटेन्डेन्टलाई उनीहरूको निर्णयमा अन्तिम निर्धारित नियमित विद्यालय दिनसम्म विद्यार्थी (सिनियर) को उपस्थितिसम्बन्धी यो ग्रेजुएसन आवश्यकता माफ गर्ने अधिकार छ।

4. हाइ स्कूलको पाठ्यक्रम वा राज्यको कानुनबमोजिम विद्यार्थीका लागि विकास गरिएको व्यक्तिगत शिक्षा कार्यक्रम (IEP) सफलतापूर्वक पूरा गर्नुपर्छ। पाठ्यक्रम वा IEP को सफल समापनमा विद्यार्थीले ग्रेजुएट गर्ने वर्षमा विद्यालय वर्ष पूरा गर्ने र विद्यालयका कर्मचारीलाई आदेश दिइएका कुनै पनि उत्कृष्ट अनुशासनको पालना गर्ने कुराहरू समावेश हुन्छन्।

5. आफ्नो डिप्लोमा हासिल गर्नका लागि विद्यालयमा भुक्तानी गर्नु पर्ने बाँकी शुल्क र/वा ऋणहरू भुक्तानी गर्नुपर्छ।

**स्वास्थ्यसम्बन्धी चिन्ताहरू**

तपाईंको विद्यार्थीलाई स्वास्थ्यसम्बन्धी चिन्ताहरू छन् वा चिकित्सा निदान गरिएको छ भने, कृपया विद्यालय नर्स चिकित्सालाई तपाईंको विद्यार्थीको स्वास्थ्य स्याहार प्रदायकबाट नवीनतम चिकित्सासम्बन्धी कागजातहरू उपलब्ध गराउनुहोस्। स्वास्थ्यसम्बन्धी चिन्ताहरूका बारेमा आपसी समझदारीले हामीलाई विद्यालयमा हुँदा तपाईंको विद्यार्थीको राम्रो स्याहार गर्नका लागि मद्दत गर्ने छ। कृपया प्रत्येक विद्यालय वर्षको सुरुवातमा र स्वास्थ्य अवस्था र निदानमा परिवर्तन हुँदा आवश्यकतानुसार आफ्नो विद्यार्थीको चिकित्सासम्बन्धी जानकारी अद्यावधिक गर्नुहोस्।

विद्यालयका कर्मचारीहरूले विद्यालयको दिनमा हुने विद्यार्थीको चोटपटक र बिमारीका लागि आधारभूत प्राथमिक उपचार र स्याहार प्रदान गर्नु हुने छ। कुनै बिमारी वा चोटपटकका कारण विद्यालय समयावधिमा आपतकालीन अवस्था आइपरेमा, विद्यालयका कर्मचारीहरूले आमाबुवा/अभिभावकलाई सूचित गर्ने प्रयास गर्नु हुने छ। असफल भएमा, Infinite Campus मा सूचीबद्ध गरिएका आपतकालीन सम्पर्कहरूमध्ये एउटामा सम्पर्क गरिने छ.. आमाबुवा/अभिभावकलाई सूचित गरिसकेपछि तपाईंको बच्चालाई विद्यालयबाट समयमै लिएर जाने अपेक्षा गरिन्छ।

कृपया तपाईंको सम्पर्क जानकारी सही छ भनी सुनिश्चित गर्नुहोस्। Infinite Campus अभिभावक पोर्टल https://pickeringtonoh.infinitecampus.org/campus/portal/parents/pickerington.jsp मा लगइन गरेर तपाईंको सम्पर्क जानकारीका अद्यावधिकहरू गर्न सकिन्छ।

*विद्यालय स्वास्थ्य क्लिनिक*

विद्यालय स्वास्थ्य क्लिनिक विद्यालयको दिनमा बिरामी वा घाइते हुन सक्ने विद्यार्थीहरूका लागि उपलब्ध छ। बिरामी वा घाइते विद्यार्थीहरूले आमाबुवा/अभिभावकलाई सम्पर्क गर्नुअघि विद्यालय स्वास्थ्य क्लिनिकमा रिपोर्ट गर्नुपर्छ। विद्यार्थीलाई 100.0 भन्दा उच्च तापक्रम भएमा वा ठेउला, फ्लू, वाकवाकी लाग्ने, पखाला लाग्ने, रूघा, स्ट्रेप थ्रोट र "गुलाबी आँखा" जस्ता सङ्क्रामक रोग भएमा तपाईंको विद्यार्थीलाई विद्यालयबाट घरमा राख्न महत्त्वपूर्ण हुन्छ। बिमारीको सङ्केत वा लक्षणहरूका साथ विद्यालयमा उपस्थित भएका विद्यार्थीहरूलाई घर पठाइने छ र विद्यालय फर्कनुअघि 24 घण्टाका लागि ज्वरो र लक्षणबाट मुक्त हुनुपर्छ।

*परीक्षणहरू*

ओहायो स्वास्थ्य विभागका मार्गनिर्देशनहरूका अनुसार स्कूल डिस्ट्रिक्टमा ग्रेडहरू: किन्डरगार्टन, प्रथम, तेस्रो, पाँचौं, नवौं र एघारौं ग्रेडका विद्यार्थी र सबै नयाँ विद्यार्थीका लागि श्रवण र दृष्टि परीक्षणहरू गरिन्छ। दृष्टि परीक्षणहरू सातौं ग्रेडका सबै विद्यार्थीका लागि गरिन्छ। आमाबुवा/अभिभावकलाई उहाँको विद्यार्थीले परीक्षण पास नगरेमा सूचित गरिने छ।

*प्रतिरक्षण खोपहरू*

ओहायो कानुन र डिस्ट्रिक्ट नीतिअनुसार विद्यालय उपस्थितिको पहिलो 14 दिनभित्रमा राज्यद्वारा आवश्यक खोप वा छुटसम्बन्धी जानकारी फाइलमा रेकर्ड गर्नुपर्छ। न्यूनतम राज्य आवश्यक खोप वा छुट पूरा गर्न नसक्ने कुनै पनि विद्यार्थीलाई निकालिने छ। कृपया विद्यालयको स्वास्थ्य क्लिनिकमा तपाईंको विद्यार्थीको पूरा गरेको खोपको रेकर्ड पेश गर्नुहोस्।

*औषधि*

*स्वस्थ्य स्याहार प्रदायकद्वारा निर्धारित गरिएको औषधि:* ओहायो राज्य कानुन र डिस्ट्रिक्ट नीतिले विद्यालय दिनको अवधिमा निर्धारित औषधि खुवाउन/लगाउन आवश्यक पर्ने विद्यार्थीहरूले विद्यालय स्वास्थ्य क्लिनिकको फाइलमा चिकित्सा प्राधिकरण फाराम पूरा गर्नुपर्छ। यो फाराम औषधि निर्धारित गर्ने स्वास्थ्य स्याहार प्रदायकले पूरा गर्नुपर्छ, आमाबुवा/अभिभावकले हस्ताक्षर गर्नुपर्छ र विद्यार्थीलाई औषधि दिनुअघि स्वास्थ्य टोलीलाई उपलब्ध गराउनुपर्छ। यो फाराम हाम्रो विद्यालय स्वास्थ्य क्लिनिक र हाम्रो डिस्ट्रिक्ट वेबसाइटमा अवस्थित छ।

साथै, औषधिलाई फार्मेसीको लेबुल भएको यसको वास्तविक कन्टेनरमा राखेर आमाबुवा/अभिभावकद्वारा विद्यालय कर्मचारीलाई दिनुपर्छ। फार्मेसीको लेबुलमा विद्यार्थीको नाम, प्रदायकको नाम, औषधिको नाम, दिनु पर्ने डोज र औषधि दिने समय समावेश हुनुपर्छ.. वास्तविक अर्डर हुने कुनै पनि परिवर्तनलाई विद्यार्थीको औषधि निर्धारित गर्ने प्रदायकबाट लिखितमा उपलब्ध गराइएको हुनुपर्छ..

*खाद्य तथा औषधि प्रशासन (Food and Drug Administration, FDA) द्वारा स्वीकृत गरिएको गैर-निर्धारित औषधि:* गैर-निर्धारित औषधिहरू विद्यालयमा प्रदान गर्नु परेमा, आमाबुवा/अभिभावकले आफ्ना विद्यार्थीका लागि गैर-निर्धारित औषधि फाराममा हस्ताक्षर गर्नुपर्छ। औषधि वास्तविक सिल गरिएको कन्टेनरमा हुनुपर्छ र विद्यार्थीको नाम, औषधिको नाम, दिनु पर्ने डोज, दिने समय, सुरुवात मिति र बन्द गर्ने मितिसहित भरिएको गैर-निर्धारित औषधि फारामको साथमा हुनुपर्छ। गैर-निर्धारित औषधि फाराम विद्यालयको स्वास्थ्य क्लिनिक वा डिस्ट्रिक्ट वेबसाइटमा फेला पार्न सकिन्छ।

सबै गैर-निर्धारित औषधि (कफ ड्रपहरुसहित) विद्यालयको क्लिनिकमा भण्डारण गरिनुपर्छ। निर्माताको भन्दा बढी डोजहरूका लागि उपचाररत स्वास्थ्य सेवा प्रदायकले पूरा गरेको औषधि प्राधिकरण फाराम आवश्यक हुने छ।

विद्यार्थीहरूलाई विद्यालयमा वा विद्यालयबाट औषधि ढुवानी गर्न अनुमति छैन। सबै औषधिहरू आमाबुवा/अभिभावक आफैंले विद्यालयमा ल्याउनुपर्छ। आमाबुवा/अभिभावकले विद्यालय वर्षको अन्त्य हुनुअघि कुनै पनि प्रयोग नगरिएका औषधि लैजानुपर्छ वा औषधिहरूलाई सही स्थानमा फालिने छ।

**ग्रेड 7-12 का विद्यार्थी आचार-संहिता**

राम्रो आचरण अन्य व्यक्तिहरूका अधिकारहरूका लागि सम्मान र मान-मर्यादामा आधारित हुन्छ। विद्यार्थीहरूलाई अन्य व्यक्तिहरूका अधिकारहरूको उल्लङ्घन नगरिने तरिकामा आफैँले आचरण गर्ने अपेक्षा गरिन्छ। पिकरिङ्टन स्कूल्सका विद्यार्थीहरूले विद्यालयका नियमनहरूको पालना गर्ने छन् र मान्यताप्राप्त विद्यालय कर्मचारीबाट दिइएका निर्देशनहरू स्वीकार गर्ने छन्। पिकरिङ्टन शिक्षा बोर्डले आफ्ना विद्यार्थीहरूद्वारा उल्लङ्घन, अशान्त वा अनुपयुक्त व्यवहार सहन गर्ने छैन र जोशपूर्ण रूपमा सम्बन्धित नीतिहरू र ओहायो संशोधित नियमावली लागू गर्ने छ।

विद्यार्थी आचार-संहिता, स्थापित विद्यालय नियमहरू वा शिक्षा बोर्डको अधिकारमा रहेका विद्यालय कर्मचारीद्वारा गरिएको कुनै पनि उचित अनुरोधको पालना गर्न असफल हुने विद्यार्थीलाई स्वीकृत विद्यार्थी अनुशासन नियमनहरूको अधीनमा राखिने छ। सुपरिटेन्डेन्ट/डिजाइनीले विद्यार्थीको दुर्व्यवहारलाई सम्बोधन गर्नका लागि रणनीतिहरू स्थापना गर्ने नियमनहरू विकास गर्नुपर्छ। रणनीतिहरूमा रोकथामदेखि हस्तक्षेपसम्मका प्रयासहरू समावेश गर्नुपर्छ।

प्रत्येक वर्ष (वा वर्षको अवधिमा प्रवेश गर्दा), विद्यार्थी र आमाबुवा/अभिभावकले आफूसँग सम्बन्धित नियम तथा नियमनहरूमा कहाँ पहुँच गर्ने भन्ने बारेमा जानकारी प्राप्त गर्ने छन्। यी अनुशासन नियमनहरू विद्यालय सत्रमा; विद्यालयद्वारा प्रायोजित क्रियाकलापहरूमा; विद्यालय परिसरहरूमा; कुनै पनि अन्तर-शैक्षिक प्रतियोगिता, अतिरिक्त पाठ्यक्रम क्रियाकलाप वा विद्यालयमा वा शिक्षा बोर्डको स्वामित्व वा नियन्त्रणमा रहेका सम्पत्तिमा अवस्थित नभएका कुनै अन्य विद्यालय कार्यक्रम वा क्रियाकलापमा; विद्यालयद्वारा प्रयोग नियन्त्रित वा सुनियोजित वा व्यवस्थित गरिएको कुनै पनि सवारी साधनमा; विद्यार्थी स्कूल डिस्ट्रिक्टको परिसरभन्दा बाहिरको संस्थागत अधिकारभित्र हुँदा वा विद्यार्थी शिक्षा बोर्ड वा विद्यालय कर्मचारीको अधिकारको अधीनमा भएको कुनै पनि समयमा प्रदर्शन गर्ने व्यवहारमा लागू हुन्छन्।

यसका साथै, विद्यार्थीलाई विद्यालय समयबाहिर विद्यालयका कर्मचारीप्रति उत्पीडन, गुण्डागर्दी, शारीरिक दुर्व्यवहार वा अन्य हानिकारक वा अशान्त व्यवहार गरेको कारणले निलम्बन वा निष्कासनसहित विद्यालय अनुशासनात्मक कारबाहीको भागीदार हुन सक्छन्। उक्त जानकारीमा ती विद्यार्थीहरूलाई विद्यालयबाट निलम्बन गर्ने, निष्कासन गर्ने, निकाल्ने वा अन्य प्रकारका अनुशासनात्मक कारबाहीको भागीदार बनाउने आचरणका प्रकारहरू समावेश हुने छन्। बोर्डले सबै विद्यार्थी र आमाबुवा/अभिभावकलाई सकारात्मक उपयुक्त व्यवहारलाई प्रोत्साहित गर्न डिजाइन गरिएको विद्यार्थी आचार-संहिताका बारेमा र विद्यार्थी आचार-संहिताको कुनै पनि उल्लङ्घन गरेमा यहाँ उल्लिखित नतिजाहरूको अधीनमा रहने तथ्यका बारेमा सचेत गराउन प्रशासनलाई निर्देशन दिन्छ।

विद्यार्थीले यो नीति वा आचार-संहिताको उल्लङ्घन गरेमा, विद्यालका कर्मचारी, विद्यार्थी वा आमाबुवा/अभिभावकले विद्यार्थीका बारेमा उपयुक्त भवन प्रबन्धकलाई रिपोर्ट गर्नुपर्छ। प्रशासनले ओहायो राज्यका फौजदारी र स्थानीय अध्यादेशहरूका अनुसार कुनै पनि अभियोगमा सहकार्य गर्छ।

विद्यालयपछिका सह-पाठ्यक्रम कार्यक्रमहरूमा विद्यार्थीको उपस्थिति विशेषाधिकार हो। कुनै पनि विद्यार्थीलाई अशान्त आचरणमा संलग्न हुने, विद्यार्थी आचार-संहिताको उल्लङ्घन गर्ने वा व्यक्ति अथवा सम्पत्तिमा खतरा निम्त्याउने आचरण देखाउने जस्ता कार्यक्रमहरूबाट हटाउन सकिने छ। सहपाठ्यक्रम कार्यक्रमहरूबाट हटाइएका कुनै पनि विद्यार्थीलाई विद्यालय वर्षको बाँकी समयमा हुने भावी कार्यक्रमहरूमा उपस्थित हुनबाट वञ्चित गर्न सकिने छ।

निलम्बन (विद्यालयभित्र हुने अध्ययनबाहेक), बहिष्करण वा निष्कासनको समयावधिमा, विद्यार्थीका आमाबुवा, अभिभावक वा संरक्षक (वा विद्यार्थी 18 वा सोभन्दा बढी उमेरको भएमा) विद्यार्थीका लागि जिम्मेवार हुनुहुन्छ। विद्यालयबाट निलम्बन, निष्कासन, स्थायी रूपमा बहिष्कार गरिएपछि वा निकालिएपछि, विद्यार्थीहरूलाई पाठ्यक्रम वा अतिरिक्त पाठ्यक्रम क्रियाकलापहरूमा उपस्थित हुने वा विद्यालयका अधिकारीहरूसँग पूर्व अपोइन्टमेन्ट निर्धारण नगर्दासम्म अन्य कुनै पनि कारणका लागि विद्यालय परिसरहरूमा उपस्थित हुने अनुमति छैन।

बोर्डले विद्यालयका क्षेत्रहरू वा विद्यालयको समारोहमा हुने निम्नमध्ये कुनै पनि अपराधमा फौजदारी अदालतमा वा बाल अदालतमा दोषी ठहर भएको 16 वर्ष वा सोभन्दा बढी उमेरको विद्यार्थीलाई स्थायी रूपमा बहिष्कार गर्न सक्ने छ:

- घातक हतियार वा खतरनाक युद्ध सामग्रीको अवैध हस्तानान्तरण वा अधिग्रहण, लुकाइएको हतियार बोक्ने, उत्तेजित ओसारपसार, लागू पदार्थहरूको ओसारपसार, नियन्त्रित पदार्थको ठुलो मात्रामा अधिग्रहण वा नियन्त्रित पदार्थको बिक्रीमा संलग्न हुने ओसारपसार; र/वा

- पीडित एक डिस्ट्रिक्ट कर्मचारी भएमा, उत्तेजित हत्या, हत्या, स्वैच्छिक वा अनैच्छिक मानवहत्या, दुराचारी वा उत्तेजित आक्रमण, बलात्कार, घोर यौन छल वा दुराचारी यौन आक्रमण।

**आचरण**

उचित व्यवहार भनेको अन्य कुरा जस्तै गुणस्तरीय शिक्षाको पनि उत्तिकै भाग हो। विद्यालय वा विद्यालयका क्रियाकलापहरूमा हुँदा, हामी हाम्रा विद्यार्थीहरूलाई र उनीहरूको विद्यालयलाई श्रेय दिने तरिकाले राम्रोसँग व्यवहार गर्ने अपेक्षा गर्छौं। आचार संहिताको पूर्ण प्रतिलिपि मुख्य कार्यालयमा र डिस्ट्रिक्टको वेबसाइट https://www.pickerington.k12.oh.us/ मा उपलब्ध हुन्छ

**विद्यार्थीको आपतकालीन निष्कासन**

कुनै विद्यार्थीको उपस्थितिले व्यक्ति वा सम्पत्तिका लागि निरन्तर खतरा हुन्छ वा कक्षाकोठाभित्र वा विद्यालय परिसरमा जुन कुनै ठाउँमा शैक्षिक प्रक्रियामा अवरोधको निरन्तर खतरा भइरहन्छ भने, विद्यार्थीलाई बोर्डको नीतिअनुसार आपतकालीन आधारमा पाठ्यक्रम, अतिरिक्त-पाठ्यक्रम वा सह-पाठ्यक्रम गतिविधि वा विद्यालय परिसरबाट निकाल्न सकिन्छ। विद्यार्थीलाई आपत्कालीन रूपमा हटाउने कार्य एक विद्यालय दिनभन्दा बढी हुनु हुँदैन।

**शान्त अध्ययन समय / रुकावट**

विद्यालयहरूले शान्त अध्ययन समय (Q.S.T.)/रुकावट कार्यक्रम सञ्चालन गर्छन्। यो अनुशासन भवन प्रबन्धक/डिजाइनीको निर्णयमा प्रयोग गरिन्छ। नियुक्त भएका मानिसहरूका लागि उचित व्यवहार आवश्यक पर्छ; यो विद्यालयको शान्त समयावधिपछि हुन्छ -- सबै विद्यार्थीले पर्याप्त विद्यालयकार्य गरून् भन्ने अपेक्षा गरिन्छ। विद्यार्थी Q.S.T मा ढिला भएमा, उनीहरूलाई बस्ने अनुमति नहुन सक्छ र अतिरिक्त परिस्थितिहरू आउन सक्छन्। विद्यार्थीले Q.S.T का लागि तोकिएको समय पूरा गर्न असफल भएमा थप सजाय दिन सकिन्छ।

**खोजहरू (O.R.C. 3313.20)**

विद्यालयका अधिकारीहरूलाई आफ्नो हेरचाहमा रहेका विद्यार्थीहरूको सुरक्षा र कल्याणको रक्षा गर्ने जिम्मेवारी दिइएको छ। उक्त जिम्मेवारीबाट मुक्त भएपछि, विद्यालय अधिकारीहरूले कानुन वा विद्यालय नियमहरूको उल्लङ्घनको प्रमाण पत्ता लगाउन खोजी आवश्यक छ भन्ने यथोचित रूपमा शंका गर्न लागेको बेला उनीहरूले कुनै पनि डिस्ट्रिक्टको स्वामित्वमा रहेको प्रविधि, विद्यार्थीको सवारी साधनलगायत, विद्यार्थीको सहमतिमा वा सहमतिविना विद्यार्थीको व्यक्ति वा सम्पत्ति खोज्न सक्छन्। खोजतलाशको दायरा आरोपित उल्लङ्घनको गम्भीरता र विद्यार्थीको उमेरअनुसार नियन्त्रण गरिने छ। स्वामित्व निर्धारण गर्न र वस्तु वा यसका सामग्रीहरू खतरनाक छैनन् भनी पुष्टि गर्नका लागि कुनै पनि अपरिचित सामानको खोजतलाश गरिने छ। कृपया थप विवरणहरूका लागि बोर्ड नीति हेर्नुहोस्। खोज समयमा फेला परेका कुनै पनि वस्तुहरूलाई प्रमणको रूपमा प्रयोग गरिने छ।

**निलम्बन**

भवनहरूमा दुई प्रकारका निलम्बनहरू प्रयोग गरिन्छ: विद्यालयभित्र हुने निलम्बन (I.S.S.) र विद्यालयबाहिर हुने निलम्बन (O.S.S.)। I.S.S. मा नियुक्त गरिएका विद्यार्थीहरूलाई विद्यार्थी जनसङ्ख्याको मूलधारबाट हटाइन्छ। यसलाई अनुशासन संहिताको संरचना र अपराधको स्वभावभित्र प्रयोग गरिने छ।

यो अध्ययन समय तोकिएको क्षेत्रमा बिताउनुपर्छ। विद्यार्थीले नियमहरूको पालना गरेमा र तोकिएको कार्य पूरा गरेमा शैक्षिक कार्य बनाउन सकिन्छ। I.S.S. पूरा गर्न र/वा स्थापित मार्गनिर्देशनहरू पालना गर्न असफल भएमा विद्यालयबाहिर निलम्बन गरिने छ। I.S.S. मा हुने ढिलासुस्ती I.S.S. को उल्लङ्घन हो र O.S.S. मा परिणत

हुन सक्छ। I.S.S मा नियुक्त गरिएको विद्यार्थी निर्देशन दिइएनुसार उपस्थित हुनुपर्छ। क्षमायोग्य अनुपस्थितिका दिन विद्यार्थीले छुटाएको कार्य विद्यार्थी फर्किएपछि पूरा गर्न लगाइने छ।

विद्यालयबाहिर निलम्बन गरिएका विद्यार्थीलाई छुटेका कार्य पूरा गर्न र आफ्नो निलम्बन अवधिमा पूरा भएको कार्यका लागि 100% क्रेडिट प्राप्त गर्न अनुमति दिइने छ। विद्यार्थीहरूलाई कक्षाकोठाको बाहिर नक्कल गर्न नसकिने छुटेका कार्यका लागि दण्डित गरिने छैन। शिक्षकहरूले छुटेको असाइन्मेन्टको प्रवीणता निर्धारण गर्न भिन्न असाइन्मेन्ट प्रयोग गर्न सक्छन्। निलम्बन गरिएका विद्यार्थीहरू पिकरिङ्टन स्कूल्सको सम्पत्तिमा बस्न वा निलम्बन गरिएका दिनहरूमा विद्यालयका कार्यक्रमहरूमा (घर वा बाहिर) उपस्थित हुन/भाग लिन हुँदैन। विद्यालय निलम्बित दिनमा रद्द गरिएको छ भने, निलम्बनलाई छुटेका दिनहरूको सङ्ख्याद्वारा विस्तार गरिन्छ।

**अनुशासनात्मक कारबाही**

विद्यार्थीले दुर्व्यवहार गरेको अवस्थामा, निम्नमध्ये एक वा सोभन्दा बढी कारबाही गर्न सकिन्छ वा विद्यालय प्रशासनले उपयुक्त ठानेअनुसार अन्य अनुशासन लागू गर्न सकिन्छ। तल सूचीबद्ध विकल्पहरूको निर्धारण भवन प्रशासकद्वारा गरिने छ। निम्न कार्यवाही सूची असाइनमेन्टको अर्डरसँग विशिष्ट छैन।

***कन्फेरेन्स*:** विद्यार्थी(हरू), आमाबुवाहरू, शिक्षकहरू, परामर्शदाता र प्रशासकको कुनै पनि संयोजन संलग्न हुने कन्फेरेन्स।

***अवरोध*:** विद्यालय समय सुरुअघि, चलिरहँदा वा सकिएपछि तीस (30) मिनेटको अवधि। नजरबन्दको कार्य दुई विद्यालय दिनभित्र पूरा गरिनुपर्छ। यदि पूरा नगरेमा, विद्यार्थीलाई दोस्रो नजरबन्दमा राख्न सकिने छ। उक्त नजरबन्दको कार्य पूरा गर्न असफल भएमा सुधारात्मक उपायहरू गरिने छ।

***कार्यालय विश्राम*:** विद्यार्थीहरूलाई कार्यालय वा अन्य निर्दिष्ट क्षेत्रमा समय बिताउन तोक्न सकिन्छ।

***आकस्मिक रूपमा निकाल्ने:*** विद्यार्थीहरूलाई बोर्ड नीति र ORC बमोजिम कक्षा/विद्यालयबाट निकाल्न सकिन्छ।

***विद्यालयभित्र हुने अध्ययन*:** अपराधको प्रकृतिमा निर्भर रहेर विद्यार्थी आचार-संहिताको संरचनामा विद्यालयभित्र हुने अध्ययन प्रयोग गरिने छ। विद्यालयभित्र हुने अध्ययनका लागि तोकिएका विद्यार्थीहरूलाई विद्यार्थी जनसङ्ख्या मूलधारबाट निकालेर तोकिएको क्षेत्रमा राखिन्छ। विद्यार्थीले नियमहरूको पालना गरेमा र तोकिएको कार्य पूरा गरेमा शैक्षिक कार्य बनाउन सकिन्छ।

***विद्यालयभित्र हुने निलम्बन/विद्यालयबाहिर हुने निलम्बन/बहिष्करण*:** विद्यार्थीहरूलाई विद्यालयभित्र, विद्यालयबाहिर निलम्बन वा बहिष्कार गरेपछि, उनीहरूलाई दिइएका सबै कार्य पूरा गरी पूर्ण क्रेडिट प्राप्त गर्ने अवसर हुन्छ। विद्यार्थीहरूलाई कक्षाकोठाको बाहिर नक्कल गर्न नसकिने छुटेका कार्यका लागि दण्डित गरिने छैन। शिक्षकहरूले छुटेको असाइनमेन्टको प्रवीणता निर्धारण गर्नका लागि विभिन्न असाइनमेन्ट प्रयोग गर्न सक्नुहुन्छ। निलम्बन वा बहिष्कार गरिएका विद्यार्थीहरू विद्यालयको सम्पत्तिमा उपस्थित हुनुहुँदैन वा उनीहरू निलम्बित/बहिष्कृत भएका दिनहरूमा घर वा घरबाहिर हुने विद्यालयका कार्यक्रमहरूमा उपस्थित/सहभागी हुनुहुँदैन। अनुशासनसँग सम्बन्धित अतिरिक्त मार्गदर्शन डिस्ट्रिक्टको वेबसाइटमा रहेका डिस्ट्रिक्टका नीतिहरूमा फेला पार्न सकिन्छ।

***Pathways to Success कार्यक्रम:*** Pathways for Success कार्यक्रम सुपरिटेन्डेन्ट/डिजाइनीद्वारा निर्दिष्ट गर्न सकिने विद्यार्थीहरूका लागि विद्यालय पछिको (आफ्टर स्कूल) वैकल्पिक स्थान नियोजन हो।

**असक्षमता भएका विद्यार्थीहरूको अनुशासन**

असक्षमता भएका विद्यार्थीहरूलाई निलम्बन र बहिष्करण गर्ने कुरा असक्षमता भएका व्यक्तिहरूको शिक्षा सुधार ऐन 2004, ओहायो संशोधित संहिता र असक्षमता भएका बालबालिकाहरूलाई सेवा प्रदान गर्ने ओहायो शैक्षिक एजेन्सीहरूका लागि 2008 सञ्चालन मानकहरू (ओहायो प्रशासनिक संहिताका नियमहरू 3301 -51-01 देखि 3301- 51-09 सम्म र 3301-51-11) का अनुसार हुने छ।

**उल्लङ्घनहरू**

1. **घोर अपराध गर्ने वा अन्य कानुनको उल्लङ्घन गर्ने**

   विद्यार्थीले यहाँ सूचीबद्ध नगरिएका अपराध, खराब आचरण वा अध्यादेशको उल्लङ्घन निम्त्याउने जस्ता कुनै पनि कार्य गर्नु हुँदैन।

2. **मादक पदार्थ तथा लागू पदार्थ** (बोर्ड नीति 5530)

   आचार-संहिताको यस खण्डका उद्देश्यहरूका लागि "पदार्थ" शब्दमा निम्न कुराहरू समावेश हुने छन् तर यतिमा मात्र सीमित छैनन्: मादक पदार्थ; गैरकानुनी लागू पदार्थ; निर्धारित नगरिएका औषधिहरू; नशाजन्य औषधि; भ्रमजनक औषधि; एमफेटामिन; बार्बिचुरेट्स, गाँजा; स्टेरोइड; क्याफिन ट्याबलेट; K2, स्पाइस, पोस, "लीगल विड" वा कुनै अन्य गाँजा प्रतिस्थापन; उस्तै देखिने लागू पदार्थ; वा गैर-कानुनी लागूपदार्थ, नशाजन्य औषधि, भ्रमजनक औषधि, एमफेटामिन, बार्बिचुरेट्स, गाँजा, मादक पदार्थ, CBD उत्पादन, स्टिमुलेन्ट, डिप्रेसेन्ट र अन्य मादक पदार्थ जस्तै देखिने वा उस्तै प्रभावहरू उत्पादन गर्न प्रस्तुत, समावेश, नक्कल वा प्रयोग गरिने कुनै पनि पदार्थ; वा ओहायोका कानुनहरू वा संघीय कानुनअन्तर्गत परिभाषित गरिएका कुनै अन्य नियन्त्रित पदार्थ।

   विद्यार्थीले कुनै पनि पदार्थ राख्न, माग्न, प्रयोग गर्न, लुकाउन, बिक्री गर्न, बिक्री गर्नका लागि प्रस्ताव गर्न, खरिद गर्न, त्यसको नशामा रहने, उपभोगको प्रमाण देखाउन, आपूर्ति गर्न, वितरण गर्न वा प्रसारण गर्न वा अन्यथा बोर्ड नीतिको उल्लङ्घन गर्न पाउने छैनन्।

   "केही कुरा धारण गर्नु भनेको" विद्यार्थी आफैंले वा पर्स, वालेट, लकर, डेस्क वा सवारी साधनमा पदार्थ राख्ने कुरा समावेश हुन्छ तर यतिमा मात्र सीमित छैन। लागू पदार्थका सामग्री, जस्तै रोलिङ पेपरहरू राख्न र पदार्थको सुई लगाउन, सुँघ्न, नशामा रहन, वितरण गर्न, निल्न वा अन्य तरिकाले उपभोग गर्न प्रयोग गरिने अन्य वस्तुहरू राख्न निषेधित छन्।

3. **नक्कली पदार्थहरू**

   कुनै पनि विद्यार्थीले "मादक पदार्थ तथा लागू पदार्थ" अन्तर्गत परिभाषित गरिएकाले कुनै पनि नक्कली "पदार्थ" राख्न पाउने छैनन्। कुनै पनि विद्यार्थीले कुनै पनि नक्कली पैसा राख्न वा नक्कली पदार्थ बनाउन, बिक्री गर्न, प्रस्ताव गर्न, प्याक गर्न, लुकाउन, आपूर्ति गर्न, प्रसारण गर्न वा डेलिभर गर्न पाउने छैनन्। अधिग्रहण शब्दलाई "मादक पदार्थ तथा लागू पदार्थ" अन्तर्गत परिभाषित गरिएको छ।

   कुनै पनि विद्यार्थीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नक्कली पदार्थलाई पदार्थको प्रयोगसँग सम्बन्धित शारीरिक वा मानसिक प्रभावहरू जस्तै शब्द वा आचरणले व्याख्या गरेर आचार-संहिताद्वारा निषेधित पदार्थको रूपमा प्रस्तुत गर्नुहुँदैन।

   कुनै पनि विद्यार्थीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नक्कली पदार्थलाई आचार-संहिताद्वारा निषेधित पदार्थको रूपमा प्रस्तुत गर्नुहुँदैन।

   a. व्यापार चिन्ह, व्यापार नाम वा मालिकको अधिकार वा व्यापार चिन्ह, व्यापार नाम वा पहिचान चिन्हका अधिकारहरूविना प्रयोग गरिएको अन्य पहिचानयोग्य चिन्ह भएको कुनै पनि पदार्थ वा पदार्थको कन्टेनर वा लेबुल;
   b. आचार-संहिताद्वारा निषेधित पदार्थको रूपमा प्रस्तुत गरिएको कुनै पनि चिन्ह नभएको वा लेबुल नगरिएको निषेधित पदार्थ, जसलाई उत्पादन, प्रशोधन, प्याक वा वितरण गरिन्छ;
   c. आचार-संहिताद्वारा निषेधित पदार्थको रूपमा प्रस्तुत गरिएको तर "पदार्थ" को परिभाषाभित्र नपर्ने कुनै पनि वस्तु।
   d. कुनै उचित व्यक्तिले पदार्थको, आकार, साइज, रङ, चिन्ह, लेबलिङ, प्याकेजिङ, वितरण वा बिक्री गरिएको वा बिक्री गर्नका लागि प्रस्ताव गरिएको मूल्यको समानताका कारण आचार-संहिताद्वारा निषेधित पदार्थ हो भनी विश्वास गर्ने कुनै पनि वस्तु।

4. **हतियार वा खतरनाक औजारहरू राख्ने वा प्रयोग गर्ने**

   विद्यार्थीले खतरनाक हतियार, खतरनाक औजार वा "उस्तै देखिने" नक्कली हतियार वा औजार राख्न, प्रसारण गर्न वा लुकाउन पाउने छैनन्॥ यस्ता वस्तुहरूमा विस्फोटक पदार्थ, बन्दुकको गोली, पटेका, छडी, बन्दुक, चक्कु, BB वा पेलेट बन्दुक वा उचित रूपमा खतरनाक औजार मान्न सकिने कुनै पनि वस्तु समावेश हुन्छन् तर यतिमा मात्र सीमित छैनन्। उस्तै देखिने हतियारहरूमा कुनै उचित व्यक्तिले यी परिस्थितिहरूमा हतियार वा खतरनाक औजार मान्न सक्ने कुनै पनि वस्तु समावेश हुन्छन् तर यतिमा मात्र सीमित छैनन्।

- साथै, O.R.C. खण्ड 2923.122 ले विद्यालयको स्वामित्वमा वा नियन्त्रणमा रहेका कुनै पनि सम्पत्तिमा वा विद्यालयको तर्फबाट आयोजित गरिएका कुनै पनि क्रियाकलापमा जानिबुझिकन कुनै पनि व्यक्तिलाई कुनै घातक हतियार वा खतरनाक अध्यादेश दिनु, दिने प्रयास गर्नु वा राख्नु कार्यलाई अपराध मान्छ। उल्लङ्घन गरेको खण्डमा विद्यार्थीलाई एक पात्रो वर्षसम्म निष्कासन गर्न सकिन्छ। आचार-संहिताको उल्लङ्घन गर्ने व्यक्तिहरूलाई नागरिक अधिकारीहरूकोमा सिफारिस गर्न सकिन्छ। विद्यार्थीलाई बन्दुक, चक्कु वा अन्य हतियार संलग्न गरेर आचार-संहिताको उल्लङ्घन गरेको कारणले विद्यालयबाट निलम्बन, निष्कासन वा स्थायी रूपमा बहिष्कार गर्दा, विद्यार्थीले चालक इजाजतपत्र गुमाउन सक्ने छन् वा चालक इजाजतपत्र नदिन सकिने छ।

5. **आतंक मच्चाउने** (ORC 2917.31)

कुनै पनि विद्यार्थीले कुनै विद्यालय भवन खाली गराउन वा अन्यथा गम्भीर सार्वजनिक असुविधा वा चेतावनी निम्त्याउने जस्ता निम्न कार्य गरी आतंक मच्चाउनुहुँदैन:

A. आरोपित वा निकटमा हुने आगलागी, विस्फोट, अपराध वा अन्य आपत्तिको रिपोर्ट वा चेतावनी गलत हो भन्ने कुरा थाहा पाएर पनि त्यसको रिपोर्ट वा चेतावनी सुरु गर्ने वा प्रसारित गर्ने। उदाहरणहरूमा तपाईंलाई आगो नलागेको कुरा थाहा हुँदा आगलागी अलार्म तान्ने, बम नभएको थाहा हुँदा बम छ भनी धम्की दिने र नक्कली "हिट लिस्ट" बनाउने कुराहरू समावेश हुन्छन् तर यतिमा मात्र सीमित हुँदैन।

B. O.R.C खण्ड 2917.31 मा परिभाषित गरिएनुसार हिसाको अपराध गर्न धम्काउने। उदाहरणहरूमा मार्ने धम्की दिने, आक्रमण गर्ने, अपहरण गर्ने, कसैलाई बलात्कार गर्ने वा लुट्ने, जबरजस्ती करणी गर्ने, दंगा उत्पन्न गर्ने, आगो लगाउने वा विद्यालयमा वा विद्यालयभित्र तोप फाल्न धम्काउने कुराहरू समावेश हुन्छन् तर यतिमा मात्र सीमित हुँदैन।

C. गम्भीर सार्वजनिक असुविधा वा चेतावनी निम्त्याउने गरी यसको सम्भावनाको लापरवाही बेवास्ताका साथ कुनै पनि अपराध गर्ने। यस नीतिहरूका उद्देश्यहरूका लागि, लापरवाही बेवास्ता भनेको तपाईंको आचरणले गम्भीर सार्वजनिक असुविधा वा चेतावनी निम्त्याउने सम्भावना रहेको ज्ञात जोखिमलाई विकृत रूपमा बेवास्ता गर्नु र अन्य व्यक्तिहरूमा तपाईंका कार्यहरूका प्रभावप्रति बेवास्ता गर्नु हो।

यो नियमको उल्लङ्घन गर्ने कुनै पनि विद्यार्थी बोर्ड नीति र आचार-संहिताबमोजिम विद्यालय अनुशासनको भागीदार हुन सक्ने छ। साथै, यो नियमको उल्लङ्घन गर्ने कुनै पनि विद्यार्थीलाई अधिकारीहरूकोमा पठाउन सकिन्छ। ओहायो कानुनअन्तर्गत, "आतंक मच्चाउने" कुनै पनि व्यक्ति कसैलाई चोट लागेको वा नलागेको वा विद्यालयमा आर्थिक क्षति भएको वा नभएको कुरालाई ध्यानमा नराखी अपराधको दोषी ठहर हुन्छ। विद्यार्थीहरूलाई एक पात्रो वर्षसम्म बहिष्कार गर्न सकिन्छ। (ORC खण्ड 2917.31 हेर्नुहोस्)

6. **झूटा अलार्म र रिपोर्टहरू**

विद्यार्थीलेकुनै कारणविना अग्नि आलार्म बजाउनुहुँदैन वा आगलागी, बिस्फोट, बमको खतरा वा अन्य आपत्ति वा आपतकालीन अवस्थाको चेतावनीसम्बन्धी रिपोर्ट गर्नुहुँदैन वा झूटो जानकारी दिनुहुँदैन वा विद्यालय घटनाहरूका बारेमा झूटो रिपोर्ट दिनुहुँदैन। उल्लङ्घन गरेको खण्डमा विद्यार्थीलाई एक पात्रो वर्षसम्म निष्कासन गर्न सकिन्छ।

7. **विद्यालयको सम्पत्तिमा क्षति पुऱ्याउने**

विद्यार्थीले विद्यालयको सम्पत्तिमा रहेका विद्यालयका कर्मचारीहरूको निजी सम्पत्तिसहित कुनै पनि विद्यालय भवन वा विद्यालयको सम्पत्ति वा अर्को व्यक्तिको निजी सम्पत्तिमा जानीबुझिकन भौतिक हानि पुऱ्याउनेवा हानि पुऱ्याउने प्रयास गर्नुहुँदैन। कुनै बच्चाले सम्पत्तिमा कुनै पनि क्षति पुऱ्याएमा, O.R.C. 3109.09, 2307.70 र कानुनको कुनै अन्य लागूयोग्य खण्डका अनुसार उक्त बच्चाको आमाबुवा, अभिभावक वा संरक्षकहरूलाई आर्थिक रूपमा जिम्मेवार ठहर गराइने छ। विद्यार्थीलाई एक पात्रो वर्षसम्म बहिष्कार गर्न सकिन्छ। भवन प्रशासकले क्षतिको सीमा निर्धारण गरी अनुशासन कारबाही तोक्नु हुने छ।

8. **फिरौती माग्ने**

विद्यार्थीले अर्को व्यक्तिबाट कुनै पनि वस्तु, लाभ वा सेवा प्राप्त गर्नका लागि जबरजस्ती फिरौती लिने, धम्की दिएर फिरौती माग्ने वा प्रतिशोधको धम्की दिने कार्य गर्नुहुँदैन।

9. **अनुमतिविना छुने वा हिर्काउने वा फाल्ने**

यो विद्यालयको सम्पत्तिमा वा विद्यालय कार्यक्रममा हुँदा विद्यार्थी वा विद्यालय प्रणालीका कर्मचारी वा अन्य कुनै पनि व्यक्तिलाई शारीरिक रूपमा छुने वा हिर्काउने

वा शारीरिक वा मौखिक खतरामा पार्ने/धम्काउने कार्य गर्नु हो। यस्तो कार्यमा व्यक्तिमाथि थुक्ने वा जबरजस्ती शरीरमा तरल पदार्थ फाल्ने कुरा समावेश हुन्छ। आक्रमणको घटनामा अभियोगहरू दायर गर्न सकिन्छ। उल्लङ्घन गरेको खण्डमा विद्यार्थीलाई एक पाल्तो वर्षसम्म निष्कासन गर्न सकिन्छ।

10. **हिसा वा अशान्ति फैलाउने**

विद्यार्थीले हिसा, बलपूर्वक, होहल्ला, जबरजस्ती, धम्की, त्रास, डर, निष्क्रिय प्रतिरोध वा अन्य अव्यवस्थित आचरण देखाएर शैक्षिक प्रक्रिया, सामान्य विद्यालय सञ्चालन वा कुनै पनि विद्यालय वा विद्यायलद्वारा प्रायोजित क्रियाकलापमा अशान्ति फैलाउने, अशान्ति फैलाउने प्रयास गर्ने वा अरूलाई अशान्ति फैलाउन उक्साउने काम गर्नुहुँदैन।

11. **अनुमतिविना आगो लगाउने**

विद्यार्थीले कुनै पनि भवनको कुनै पनि भाग वा त्यहाँ रहेका वस्तु वा अन्य व्यक्ति वा पिकरिङ्टन स्कूल्सका अन्य कुनै पनि सम्पत्ति जलाउने वा जलाउने प्रयास गर्नुहुँदैन।

12. **चोर्ने वा चोरीको सम्पत्ति राख्ने**

विद्यार्थीले चोर्ने वा चोरीको सम्पत्ति राख्ने प्रयास गर्ने छैनन्। विद्यार्थीले अरूको वस्तु भेटाएमा, उनीहरूले उक्त वस्तु तुरुन्तै कर्मचारी सदस्यलाई बुझाउनुपर्छ। व्यक्तिले निम्न अवस्थाहरूमा चोरी गर्छ:

A. मालिकको सम्पत्ति (कम्प्युटर सफ्टवेयर वा प्रतिलिपि अधिकारप्राप्त सामग्री) माथि अनधिकृत नियन्त्रण लिँदा वा प्रयोग गर्दा; वा

B. छलकपट गरेर मालिकको सम्पत्तिमाथि नियन्त्रण लिंदा; वा

C. धम्की दिएर मालिकको सम्पत्तिमाथि नियन्त्रण प्राप्त गर्दा; वा

D. सम्पत्ति चोरी भएको भनी थाहा पाउँदा पाउँदै वा उनीहरूलाई सम्पत्ति चोरिएको थियो भनी उनीहरूलाई उचित रूपमा विश्वास दिलाउने सुराग दिने परिस्थितिहरूमा चोरिएको सम्पत्तिमा नियन्त्रण प्राप्त गर्दा र उनीहरूले:

   1. सम्पत्तिको प्रयोग वा लाभबाट मालिकलाई वञ्चित गर्न चाहँदा; वा
   2. मालिकको सम्पत्तिको प्रयोग वा लाभ खोस्ने तरिकाले जानीबुझिकन उक्त सम्पत्ति प्रयोग गर्दा, लुकाउँदा वा परित्याग गर्दा; वा
   3. मालिकको सम्पत्ति प्रयोग गरेमा, लुकाएर राखेमा वा परित्याग गरेमा मालिक सम्भावित रूपमा सम्पत्ति प्रयोग गर्न वा लाभ गर्नबाट वञ्चित हुनु हुने छ भन्ने कुरा थाहा हुँदाहुँदै उक्त सम्पत्ति प्रयोग गर्दा, लुकाउँदा वा परित्याग गर्दा।

13. **बदमाशी गर्ने र यातना दिने** (उत्पीडन र धम्की)

डिस्ट्रिक्टको कुनै पनि विद्यार्थी/विद्यालयका कर्मचारीले उत्पीडन, मानसिक यातना, अभित्रास, बदमाशी र/वा डेटिङ हिसात्मक व्यवहार गर्न पूर्ण रूपमा निषेधित गरिन्छ र उक्त व्यवहारले विद्यालयबाट निलम्बन र/वा निष्कासनसहित अनुशासनात्मक कारबाही गराउन सक्छ। मानसिक यातना, उत्पीडन, बदमाशी वा डेटिङमा हुने हिसा भनेका विद्यार्थी वा विद्यार्थीहरूको समूहद्वारा मानसिक यातना दिने, उत्पीडन गर्ने, डर देखाउने, चोट पुऱ्याउने, धम्काउने, मजाक गर्ने वा अपमानित गर्ने उद्देश्यसहित अन्य विद्यार्थी वा विद्यालयका कर्मचारीहरूतर्फ प्रकट वा अप्रकट गरी इलेक्ट्रोनिक रूपमा फैलाइएका कार्यहरूसहित कुनै पनि सुविचारित लिखित, मौखिक, इलेक्ट्रोनिक, ग्राफिक वा शारीरिक कार्यहरू हुन्। त्यस्ता व्यवहारहरू विद्यालयका क्षेत्र, विद्यालयद्वारा प्रायोजित कुनै पनि क्रियाकलापमा; कुनै पनि डिस्ट्रिक्ट प्रकाशनमा; डिस्ट्रिक्ट इमेल खाता र/वा कम्प्युटरलगायत कुनै पनि डिस्ट्रिक्टको स्वामित्वमा रहेको वा सञ्चालन गरिएको सञ्चालन उपकरणहरूको प्रयोगमार्फत; विद्यालयले उपलब्ध गराएको यातायातमा; वा कुनै पनि आधिकारिक विद्यालयको बस बिसौनीमा वा तिनीहरूको वरपर तुरुन्तै प्रतिबन्धित छन्।

मानसिक यातना दिने, उत्पीडन गर्ने, डर देखाउने, बदमाशी र/वा डेटिङ हिसामा विभिन्न किसिमका व्यवहारहरू समावेश हुन सक्छन्। प्रतिबन्धित व्यवहारहरू निम्त्याउन सक्ने आचरणका उदाहरणहरूमा निम्न कुराहरू समावेश छन् तर यतिमा मात्र सीमित छैनन्:

a. शारीरिक हिंसा र/वा आक्रमणहरू;

b. शब्द र/वा इशाराहरूमार्फत धम्की, निन्दा र अभित्रास;

c. पैसा र/वा सम्पत्ति जबरजस्ती माग्ने, क्षति पुर्‍याउने वा चोरी गर्ने;

d. साथीको समूहबाट बहिष्करण वा अफवाह फैलाउने;

e. जानकारी र सञ्चार प्रविधि र अन्य वेबमा आधारित/अनलाइन साइटहरू (जसलाई "साइबर बुलिङ पनि भनिन्छ) प्रयोग गरेर अन्य व्यक्तिहरूलाई हानि पुर्‍याउने उद्देश्यका साथ दोहोरिने र शत्रुतापूर्ण व्यवहार, जस्तै निम्न कुराहरू:
   i. वेब साइट, सामाजिक नेटवर्किङ साइट, ब्लग वा व्यक्तिगत अनलाइन दैनिक पत्रिकाहरूमा अपमानजनक कुरा पोस्ट गर्ने;
   ii. अपमानजनक वा धम्कीपूर्ण इमेल, वेबसाइट पोस्टिङ वा टिप्पणी र द्रुत सन्देशहरू पठाउने;
   iii. विद्यार्थीहरूका लज्जाजनक फोटोग्राफ वा भिडियोहरू खिच्न क्यामेरा फोनहरू प्रयोग गर्ने र/वा फोटो वा भिडियोहरूलाई अनलाइन वितरण वा पोस्ट गर्ने र
   iv. अन्य विद्यार्थीहरूमा गफगाफ र अफवाह फैलाउनका लागि वेबसाइट, सामाजिक नेटवर्किङ साइट, ब्लग वा व्यक्तिगत अनलाइन दैनिक पत्र, इमेल वा द्रुत सन्देशहरू प्रयोग गर्ने।

f. सञ्जाल सेवा प्रदायकहरूलाई अनुपयुक्त भाषाका लागि झूटो रिपोर्टिङ गरेर अनलाइन समूहबाट अन्य व्यक्तिहरूलाई बाहिर निकाल्ने।

14. **यौनजन्य कुरा गर्ने**

इलेक्ट्रोनिक डाटा स्थानान्तरण वा अन्यथा (सामान्यतया टेक्स्ट, इमेल वा यौनजन्य कुरा गर्ने भनिन्छ) मार्फत नग्न, अश्लील, पोर्नोग्राफिक, दुष्ट वा अन्यथा गैर -कानुनी छवि वा फोटोग्राफहरू राख्ने, लिने, प्रसारित, स्थानान्तरण वा साझा गर्ने कार्य राज्य र/वा संघीय कानुनअन्तर्गत पर्ने अपराध हुन सक्छ। नग्न, घृणित, अश्लिल, अशिष्ट वा अन्यथा गैर-कानुनी छवि वा फोटोग्राफहरू राख्ने, खिच्ने, फैलाउने वा साझा गर्ने कुनै पनि व्यक्तिलाई यस आचार-संहिताअनुसार दण्डित गर्न सकिने छ र अनुपयुक्त कानुन प्रवर्तन निकायहरूमा रिपोर्ट गरिन सकिने छ।

15. **यौन दुर्व्यवहार**

विद्यार्थीहरू विद्यालयका क्षेत्रहरूमा वा विद्यालय अनुमोदित कार्यक्रमहरूमा अनुपयुक्त किसिमको यौनजन्य दुर्व्यवहारमा संलग्न हुनु  हुँदैन।

16. **अनादर**

विद्यार्थीहरूले अन्य विद्यार्थी, विद्यालय कर्मचारी वा वयस्कप्रति अपमानजनक, अश्लील, अनादार वा आपत्तिजनक भाषा, इशारा वा सङ्केतहरूको प्रयोग गर्नुहुँदैन।

17. **धूम्रपान गर्ने वा सुर्तीजन्य वस्तु सेवन गर्ने (बोर्ड नीति** 5530)

ओहायो कानुनले विद्यार्थीहरूलाई स्कूल डिस्ट्रिक्टको नियन्त्रणमा रहेका कुनै पनि क्षेत्रमा वा उक्त डिस्ट्रिक्टका कुनै पनि विद्यालयको निगरानीमा रहेका कुनै पनि क्रियाकलापमा धूम्रपान गर्न र/वा सुर्तीजन्य पदार्थको प्रयोग गर्न र/वा राख्नबाट निषेध गर्छ।

त्यसकारण, विद्यार्थीले धूम्रपान गर्नु हुँदैन, अन्यथा चुरोट, इलेक्ट्रोनिक सिगरेट/भेपराइजर, सिगार, क्लोभ चुरोट, चपाउने सुर्तीजन्य पदार्थ, स्नफ र कुनै अन्य निकोटिन उत्पादनहरूलगायत कुनै पनि स्वरूपमा सुर्तीजन्य पदार्थ प्रयोग गर्नु, राख्नु, खरिद गर्नु, बिक्री गर्नु, बिक्री गर्ने प्रयास गर्नु, वितरण गर्नु वा जलाउनु हुँदैन। निम्नमध्ये कुनै पनि भएमा विद्यार्थीहरूलाई धूम्रपान गरेको मान्न सकिन्छ।

1. धूम्रपानको गन्ध आएमा,
2. विश्राम कक्षको स्टलमा एकभन्दा बढी व्यक्ति भएमा,
3. वा स्टलबाट बाहिर निस्कन अनुरोध गर्दा अस्वीकार गरेमा।

18. **बनावटी र जालसाजी**

विद्यार्थीले विद्यालय अधिकारीले प्रयोग गर्ने वा दिइने कुनै पनि जानकारीका बारेमा गलतपूर्वक प्रस्तुत गर्नु, गलतपूर्वक प्रस्तुत गर्ने प्रयास गर्नु वा झूट बोल्नु, अर्को व्यक्तिको नाम र पहिचान प्रयोग गर्नु, कुनै पनि विद्यालयको फाराम वा जानकारी बनाउनु हुँदैन।

19. **अधिकार प्रदान नगरिएको सामग्रीको वितरण**

विद्यार्थीले प्रशासकद्वारा अधिकार प्रदान नगरिएको कुनै पनि सामग्री वितरण गर्नु वा बेच्नु हुँदैन।

20. **आज्ञापालन नगर्ने**

विद्यार्थी वयस्क वा विद्यालय कर्मचारीहरूका उपयुक्त अनुरोध वा निर्देशनहरू पालना गर्न असफल हुनु हुँदैन।

21. **पसलमा सजिलै किन्न पाइने पदार्थहरू**

विद्यार्थीले जानीबुझिकन कुनै प्रिस्क्रिप्सनविना खरिद गर्नका लागि उपलब्ध भएका कुनै पनि पदार्थ बिक्री गर्ने, बिक्री गर्नका लागि प्रस्ताव गर्ने, प्राप्त गर्ने वा वितरण गर्ने गर्नुहुँदैन।

22. **अनधिकृत क्षेत्र/अनधिकार प्रवेशमा उपस्थित हुने**

विद्यार्थी अनुमतिविना विद्यालयका क्षेत्रहरू वा पिकरिङ्टन स्कूल्सको कुनै पनि भवनमा रहेका कुनै पनि अनधिकृत क्षेत्रमा उपस्थित हुनुहुँदैन।

23. **दोहोरिएका उल्लङ्घनहरू**

आचार-संहिताका कुनै पनि नियमको निरन्तर उल्लङ्घन गरेमा अतिरिक्त जरिवानाहरू लाग्न सक्छन्।

24. **अनुमतिविना अनुपस्थित हुने**

हातेपुस्तिकाको उपस्थिति खण्ड र पिकरिङ्टन स्कूल्स बोर्ड नीति 5200 हेर्नुहोस्

25. **ढिलो आउने**

- विद्यालयमा ढिलो आउने: हातेपुस्तिकामा उपस्थिति खण्ड र पिकरिङ्टन स्कूल्स बोर्ड नीति 5200 हेर्नुहोस्।
- कक्षामा ढिलो आउने: विद्यार्थी पास वा क्षमाविना कक्षामा ढिलो आइपुगेमा, विद्यार्थीलाई कक्षामा ढिलो आएको मानिने छ र अतिरिक्त अनुशासनका लागि कार्यालयमा पठाउन सकिन्छ।

26. **कक्षा छोड्ने** (प्रत्येक कक्षाको पिरीअडमा अक्षम्य अनुपस्थितिहरू जनाउने)

विद्यार्थी क्षमाविना निर्दिष्ट पिरीअडमा उपस्थित हुन असफल भएमा, अनुपस्थितिलाई अक्षम्यको रूपमा गणना गरिने छ र विद्यालय अनुशासनको कारबाही हुन सक्छ।

27. **हल पासहरू**

विद्यार्थीहरूसँग कक्षाको समयमा हलहरूमा जानका लागि निर्देशक वा सहचरीबाट प्राप्त गरेको पास हुनुपर्छ।

28. **स्नेहको सार्वजनिक प्रदर्शन (P.D.A)**

विद्यार्थीहरूले विद्यालयमा हुँदा स्वीकारयोग्य गतिविधिको सीमाभित्र पर्ने स्नेह मात्र देखाउन सक्छन्। स्वीकारयोग्य गतिविधि नगर्ने विद्यार्थीलाई सोहीअनुसार कारबाही गरिने छ।

29. **जुवा खेल्ने**

विद्यार्थीहरूले विद्यालयका क्षेत्रहरूमा कतै पनि जुवा खेल्न पाउँदैनन्।

30. **कक्षाका लागि तयारी गर्ने**

विद्यार्थीहरूले कक्षा वा प्रयोगशालाका क्रियाकलापमा सहभागी हुनका लागि शिक्षकहरूद्वारा आवश्यक ठानिएका वस्तुहरू कक्षामा ल्याउनुपर्छ। यसमा उचित पहिरन वा पोशाक , पुस्तकहरू, म्यानुअलहरू, नोटबुक रपेन्सिल वा पेन समावेश हुने छन्।

31 **ड्राइभिङ नियमनहरू/अटोको प्रयोग/गैर-कानुनी पार्किङ**

विद्यार्थीहरूले अनुमतिविना विद्यालयबाट बाहिर जानु, उचित अनुमतिपत्रविना पार्क गर्नु, कर्मचारी, आगन्तुक र/वा अपाङ्गता भएकाहरूका लागि तोकिएका क्षेत्रहरूमा पार्क गर्नु वा अनुचित रूपमा विद्यालय आउँदा-जाँदा वा विद्यालयको सम्पत्तिमा अटोमोबाइल प्रयोग गर्नु हुँदैन वा पार्किङ नियमावलीको उल्लङ्घनमा पर्नु हुँदैन। यी नियमहरूको उल्लङ्घन गरेमा विद्यार्थीहरूले आफ्ना पार्किङ विशेषाधिकारहरू गुमाउन सक्ने छन्।

32. **कार्यालय फोनहरू**

कार्यालय/विद्यालयका फोनहरू अवस्थाअनुसार कर्मचारी सदस्यको अनुमति लिएर प्रयोग गर्न सकिन्छ।

33. **हिँड्डुल गर्ने**

विद्यार्थीहरूले साझा क्षेत्रहरूलाई हिँड्डुल गर्ने स्थानको रूपमा वा "विद्यार्थी लाउन्ज" को रूपमा प्रयोग गर्न पाउँदैनन्। विद्यार्थीहरू कर्मचारी सदस्य वा कोचको निगरानीमा नहुँदासम्म विद्यालय दिन सकिएपछि विद्यालयमा वा विद्यालयको सम्पत्तिमा बस्नुहुँदैन। विद्यार्थीहरूलाई कर्मचारीले भनेमा वा तिनीहरूको तालिकाद्वारा निर्दिष्ट नगरेमा उनीहरू विद्यालय भवन क्षेत्रमा हिँड्डुल गर्ने छैनन्। यसमा शौचालय, हलवे, साझा क्षेत्र र/वा क्याफेटेरिया समावेश छन्। विद्यार्थीहरूले विद्यालय छुट्टी भएको 30 मिनेटसम्ममा भवनबाट बाहिरिनुपर्छ। यदि कुनै विद्यार्थीले कर्मचारी सदस्यले अनुरोध गरेपछि भवनबाट बाहिरिँदैन भने, उनीहरूलाई अवज्ञा गरेबापत सजाय दिन सकिने छ।

34. **सम्पत्तिको प्रयोग**

विद्यार्थीहरूले अनुमतिविना विद्यालयको स्वामित्वमा रहेका कुनै पनि सम्पत्ति वा अर्को विद्यार्थीको सम्पत्ति प्रयोग गर्न पाउँदैनन्।

35. **अनुशासनहीनताको समय**

विद्यार्थी अनुशासनमा बस्न असफल भएमा अतिरिक्त अनुशासन लागू गरिने छ।

36. **गालीगलौज**

विद्यार्थीले कक्षा, हल वा विद्यालय मैदानमा गालीगलौज गर्नु हुँदैन।

37 **बसमा देखाउने व्यवहार**

विद्यार्थीले "बस यातायात"मा सूचीबद्ध गरिएका बस नियमहरूको उल्लङ्घन गर्नुहुँदैन। सबै बस अनुशासनका बारेमा पिटरम्यान बस कम्पनीको यातायात सुपरभाइजरलाई रिपोर्ट गरिने छ। सबै विद्यार्थीलाई 1 वर्षसम्मका लागि बसमा यात्रा गर्नबाट रोक्न सकिन्छ। (बस यातायात खण्ड हेर्नुहोस्)

38. **परीक्षा वा अन्य विद्यालय कार्यमा छल गरी नक्कल गर्ने/साहित्यिक चोरी गर्ने**

विद्यार्थीले परीक्षा वा अन्य विद्यालय कार्यमा छल गरी नक्कल गर्नु वा अनाधिकृत सामग्रीहरू प्रयोग गर्नु हुँदैन। ग्रेड गुमाउनुका साथै अनुशासन तोक्न सकिन्छ।

39. **सुरक्षा खतरा सिर्जना गर्ने**

विद्यार्थीले सुरक्षा खतरा सिर्जना गरेमा निकाल्न सकिन्छ।

40. **अनुमतिविना विद्यालय क्षेत्रभन्दा बाहिर जाने**

विद्यार्थीले अनुमतिविना विद्यालय क्षेत्रभन्दा बाहिर जानुहुँदैन। विशेषाधिकाहरू गुम्न सक्छन्।

41. **लेजर पेन/लाइटर/सलाई/स्टिङ्क बमहरू राख्ने**

विद्यार्थीहरूले माथिका वस्तुहरू राख्नुहुँदैन, अन्यथा तिनीहरूलाई जफत गरिने छ।

42. **अनुमतिविना भवनभन्दा बाहिर जाने**

विद्यार्थी अनुमतिविना भवनभन्दा बाहिर जानुहुँदैन।

43. **विद्यालयभित्र/बाहिर जाँदा हस्ताक्षर गर्न असफल हुने**

सबै विद्यार्थीले घण्टी लागेपछि पुग्दा वा विद्यालय छुट्टी हुनुअघि बाहिर जाँदा हस्ताक्षर गर्नुपर्छ।

44. **पोशाक नियमावलीको उल्लङ्घन**

विद्यार्थीले पोशाक नियमावलीको उल्लङ्घन गर्नुहुँदैन। (पोशाक नियमावली खण्ड हेर्नुहोस्)

45. **भवनमा क्याफेटेरियाबाहेक अन्य ठाउँमा खाना खाने/पेय पदार्थ पिउने/फोहोर गर्ने**

विशेष अनुमति दिइएको अवस्थामा बाहेक विद्यालय समयावधिमा सबै खाना र पेय पदार्थक्याफेटेरियामा राख्नुपर्छ। विद्यार्थीहरूले विद्यालयका क्षेत्रहरू कतै पनि फोहोर गर्न पाउँदैनन्।

46. **खाजाघरको टेबल/क्षेत्र सफा गर्न असफल हुने**

विद्यार्थीहरू आफ्नो क्षेत्र सफा राख्नका लागि जिम्मेवार हुन्छन्।

47. **विद्यार्थीहरूले इलेक्ट्रोनिक उपकरण राख्ने/प्रयोग गर्ने**

कृपया व्यक्तिगत सञ्चार यन्त्रहरू (PCD) का लागि स्वीकारयोग्य प्रयोगसम्बन्धी बोर्ड नीति हेर्नुहोस्। आचार-संहिताद्वारा निषेधित क्रियाकलापमा प्रयोग गरिएको हुन सक्ने उचित आशंका गरिएमा सबै इलेक्ट्रोनिक यन्त्रहरू खोज्न सकिन्छ।

48. **अनुपयुक्त सामग्री**

विद्यार्थीहरूले अनुपयुक्त सामग्री वा वस्तुहरू राख्नु, ल्याउनु, बनाउनु, प्रसारण गर्नु, लुकाउनु, बिक्री गर्नु वा बिक्री गर्नका लागि प्रस्ताव गर्नु हुँदैन। उदाहरण: अश्लील वा घृणित सामग्री।

49. **अशान्ति पैदा गर्ने/उधुम मच्चाउने/ अनुपयुक्त व्यवहार देखाउने**

विद्यार्थी अत्याधिक होहल्ला र हलहरूमा अवरोध गर्ने/हिँड्डुल गर्नेलगायतका कुनै प्रकारको अनुपयुक्त व्यवहारमा संलग्न हुनु हुँदैन, जसमा इलेक्ट्रोनिक यन्त्रहरू र/वा स्पिकरहरूबाट अत्याधिक होहल्ला पनि समावेश हुने छ।

*अवरोधहरू:* विद्यालय परिसरहरूमा अशान्ति निम्त्याउने (जस्तै, शिक्षकहरू वा विद्यालयका अन्य कर्मचारीहरूको आज्ञापालन नगर्ने वा पटेका, स्मोक बमहरू, आदि राख्ने) वा कुनै प्रकारको हतियार राख्ने वा हतियार प्रयोग गरी धम्काउने विद्यार्थीहरूलाई विद्यालयबाट निलम्बन गर्न सकिने छ।

50. **उक्साउने**

विद्यार्थी प्रशासनद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उक्साउने मानिएको कुनै पनि क्रियाकलापमा सहभागी हुनुहुँदैन।

51. **स्वीकार्य प्रयोग नीति**

प्रत्येक विद्यार्थीले यस पहुँचको उपयुक्त र वैधानिक प्रयोगका लागि जिम्मेवारी लिनुपर्छ। कृपया बोर्ड नीतिसम्बन्धी सन्दर्भ हेर्नुहोस्।

52. **सामाजिक सञ्जाल**

विद्यालयमा विद्यार्थीहरूको अपेक्षित व्यवहारसँग अनुकूल सम्मानको वातावरण कायम राख्नका लागि सामाजिक सञ्जालमा ध्यान दिनुपर्छ। कृपया बोर्ड नीति हेर्नुहोस्।

**संस्कृति र जलवायुमा सबैको भूमिका हुन्छ। कुनै पनि परिस्थिति प्रशासक रेफरल हुनु अघि, शिक्षकहरूले प्रगतिशील अनुशासन प्रक्रियाको पालना गर्नुपर्छ। सुधारात्मक उपाय सहित 1 समर्थन पहल छनौट गर्नुहोस्।**

| | समर्थन पहलहरू | | | सुधारात्मक उपायहरू | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रणनीति र परिणामहरू | आमाबुवा तथा विद्यार्थी बिचको कन्फेरेन्स<br>यो **सुधारात्मक कार्यका लागि एक समर्थन हो।** | विद्यालयमा आधारित हस्तक्षेप (विद्यालय परामर्शदाता, सामाजिक कार्य इन्टर्न, पुनर्स्थापना अभ्यासहरू)<br>यो व्यवहार विकासका लागि एक समर्थन हो | विद्यार्थी समर्थन कार्यक्रमहरू (एजेन्सी र सामुदायिक सन्दर्भहरू) का लागि सिफारिस।<br>यो व्यवहार विकासका लागि एक समर्थन हो | नजरबन्द (खाजा खाने समय, विद्यालयपछि, शान्त अध्ययन समय (QST)) | मौद्रिक पुनर्स्थापनाको सम्भावना भएको सामुदायिक सेवा | विद्यालय निलम्बनमा | विद्यालय निलम्बन वा P2S बाहिर 10 दिन सम्म | 10 दिन OSS निष्कासनको लागि सिफारिस सहित, सफलताको लागि मार्ग र वा भर्चुअल विकल्प |
| **स्तर I:** साना अपराधहरू<br>सुरक्षित सिकाइ वातावरणमा सम्भवतः नकारात्मक रूपमा प्रभाव पार्न सक्ने उल्लङ्घनहरू।<br>सुधारात्मक उपाय विद्यार्थीको उमेर र ग्रेड लेभल, दुर्व्यवहारको इतिहास र कुनै विशेष अपराधको गम्भीरतासहित विद्यार्थीका व्यक्तिगत आवश्यकताहरूमा निर्भर गर्छ।<br>स्तर एक: विद्यार्थीको व्यवहारमा सुधार गर्नका लागि धेरै विकल्प चयन गर्न सकिन्छ। | | | | | | | * | * |
| 12. चोरी - मालिकको सहमति बिना सानो चोरी | X | X | X | X | X | X | | |
| 27. हल पासहरू | X | X | X | X | X | X | | |
| 28. स्नेहको सार्वजनिक प्रदर्शन | X | X | X | X | X | X | | |
| 29. जुवा खेल्ने | X | X | X | X | X | X | | |
| 30. कक्षाका लागि तयारी गर्ने | X | X | X | X | X | X | | |
| 31. ड्राइभिङ नियमनहरू | X | X | X | X | X | X | | |
| 32. कार्यालय फोनहरू | X | X | X | X | X | X | | |
| 33. हिड्डुल गर्ने | X | X | X | X | X | X | | |
| 34. सम्पत्तिको प्रयोग | X | X | X | X | X | X | | |
| 35. अनुशासनहीनताको समय | X | X | X | X | X | X | | |
| 36. गालीगलौज | X | X | X | X | X | X | | |
| 37. बसमा देखाउने व्यवहार | X | X | X | X | X | X | | |
| 38. परीक्षा वा अन्य विद्यालय कार्यमा छल गरी नक्कल गर्ने/साहित्यिक चोरी गर्ने | X | X | X | X | X | X | | |
| 39. सुरक्षा खतरा सिर्जना गर्ने | X | X | X | X | X | X | | |
| 40. अनुमतिविना विद्यालय क्षेत्रभन्दा बाहिर जाने | X | X | X | X | X | X | | |
| 41. लेजर पेन/लाइटर/सलाई/स्टिङ्क बमहरू राख्ने | X | X | X | X | X | X | | |
| 42. अनुमतिविना भवनभन्दा बाहिर जाने | X | X | X | X | X | X | | |
| 43. विद्यालयभित्र/बाहिर जाँदा हस्ताक्षर गर्न असफल हुने | X | X | X | X | X | X | | |
| 44. पोशाक नियमावलीको उल्लङ्घन | X | X | X | X | X | X | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 45. भवनमा क्याफेटेरियाबाहेक अन्य ठाउँमा खाना खाने/पेय पदार्थ पिउने/फोहोर गर्ने | X | X | X | X | X | X | | |
| 46. खाजाघरको टेबल/क्षेत्र सफा गर्न असफल हुने | X | X | X | X | X | X | | |
| 47. विद्यार्थीहरूले इलेक्ट्रोनिक उपकरण राख्ने/प्रयोग गर्ने | X | X | X | X | X | X | | |
| 48. अनुपयुक्त सामग्री | X | X | X | X | X | X | | |
| 49. अशान्ति पैदा गर्ने/उधुम मच्चाउने/ अनुपयुक्त व्यवहार देखाउने | X | X | X | X | X | X | | |
| 50. उक्साउने | X | X | X | X | X | X | | |
| 51. स्वीकार्य प्रयोग नीति | X | X | X | X | X | X | | |
| 52. सामाजिक सञ्जाल | X | X | X | X | X | X | | |
| 24. अनुमतिविना अनुपस्थित हुने (AIP) | X | X | X | X | X | X | | |
| 25. ढिलो आउने | X | X | X | X | X | X | | |
| 26. कक्षा छोड्ने | X | X | X | X | X | X | | |

| | समर्थन पहलहरू | | | सुधारात्मक उपायहरू | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रणनीति र परिणामहरू | आमाबुवा तथा विद्यार्थी बिचको कन्फेरेन्स यो **सुधारात्मक कार्यका लागि एक समर्थन हो।** | विद्यालयमा आधारित हस्तक्षेप (विद्यालय परामर्शदाता, सामाजिक कार्य इन्टर्न, पुनर्स्थापना अभ्यासहरू) यो व्यवहार विकासका लागि एक समर्थन हो | विद्यार्थी समर्थन कार्यक्रमहरू (एजेन्सी र सामुदायिक सन्दर्भहरू) का लागि सिफारिस। यो व्यवहार विकासका लागि एक समर्थन हो | नजरबन्द (खाजा खाने समय, विद्यालयपछि, शान्त अध्ययन समय (QST)) | मौद्रिक पुनर्स्थापनाको सम्भावना भएको सामुदायिक सेवा | विद्यालय निलम्बनमा | विद्यालय निलम्बन वा P2S बाहिर 10 दिन सम्म | 10 दिन OSS निष्कासनको लागि सिफारिस सहित, सफलताको लागि मार्ग र वा भर्चुअल विकल्प |
| **स्तर II: स्तर I का अपराधहरू वा गम्भीर दुर्व्यवहार दोहोऱ्या उने**<br>व्यक्ति वा सम्पत्तिलाई हानि पुऱ्याउन सक्ने वा हानि पुऱ्याउने सम्भावना भएका उल्लङ्घनहरू।<br>सुधारात्मक उपयहरू: विद्यार्थीको व्यवहारमा सुधार गर्नका लागि विद्यार्थीको उमेर र ग्रेड लेभल, दुर्व्यवहारको इतिहास र कुनै विशेष अपराधको गम्भीरतासहित विद्यार्थीका व्यक्तिगत आवश्यकताहरूका आधारमा धेरै विकल्प चयन गर्न सकिन्छ। | | | | | | | * | * |
| 2. मादक पदार्थ तथा लागू पदार्थ | X | X | X | पदार्थ प्रयोग म्याट्रिक्स हेर्नुहोस् | | | | |
| 7. विद्यालयको सम्पत्तिमा क्षति पुऱ्याउने | X | X | X | X | X | X | X | |
| 9. अनुमतिविना छुने वा हिर्काउने वा फाल्ने | X | X | X | X | X | X | X | |
| 12. चोरी - मालिक वा सहमति दिन अधिकृत व्यक्तिको व्यक्त सहमतिको दायरा बाहिर।<br>• धोका द्वारा<br>• धम्की | X | X | X | X | X | X | X | |
| 13. बदमाशी गर्ने र यातना दिने (उत्पीडन र धम्की) | X | X | X | X | X | X | X | |
| 15. यौन दुर्व्यवहार | X | X | X | X | X | X | X | |
| 16. अनादर | X | X | X | X | X | X | X | |
| 17. धूम्रपान गर्ने वा सुर्तीजन्य वस्तु सेवन गर्ने (पदार्थ प्रयोग म्याट्रिक्स मा प्रतिनिधि) | X | X | X | पदार्थ प्रयोग म्याट्रिक्स हेर्नुहोस् | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 18. बनावटी र जालसाजी | X | X | X | X | X | X | X | |
| 19. अधिकार प्रदान नगरिएको सामग्रीको वितरण | X | X | X | X | X | X | X | |
| 20. आज्ञापालन नगर्ने | X | X | X | X | X | X | X | |
| 21. पसलमा सजिलै किन्न पाइने पदार्थहरू | X | X | X | X | X | X | X | |
| 22. अनधिकृत क्षेत्र/अनधिकार प्रवेशमा उपस्थित हुने | X | X | X | X | X | X | X | |
| 23. दोह्रोरिएका उल्लङ्घनहरू | X | X | X | X | X | X | X | |
| 51. स्वीकार्य प्रयोग नीति | X | X | X | X | X | X | X | |
| 52. सामाजिक सञ्जाल | X | X | X | X | X | X | X | |

| | **समर्थन पहलहरू** | | | **सुधारात्मक उपायहरू** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रणनीति र परिणामहरू | आमाबुवा तथा विद्यार्थी बिचको कन्फेरेन्स<br>यो **सुधारात्मक कार्यका लागि एक समर्थन हो।** | विद्यालयमा आधारित हस्तक्षेप (विद्यालय परामर्शदाता, सामाजिक कार्य इन्टर्न, पुनर्स्थापना अभ्यासहरू)<br>यो व्यवहार विकासका लागि एक समर्थन हो | विद्यार्थी समर्थन कार्यक्रमहरू (एजेन्सी र सामुदायिक सन्दर्भहरू) का लागि सिफारिस।<br>यो व्यवहार विकासका लागि एक समर्थन हो | नजरबन्द (खाजा खाने समय, विद्यालयपछि, शान्त अध्ययन समय (QST)) | मौद्रिक पुनर्स्थापनाको सम्भावना भएको सामुदायिक सेवा | विद्यालय निलम्बनमा | विद्यालय निलम्बन वा P2S बाहिर 10 दिन सम्म | 10 दिन OSS निष्कासनको लागि सिफारिस सहित, सफलताको लागि मार्ग र वा भर्चुअल विकल्प |
| **स्तर III: स्तर I वा स्तर II का अपराधहरू दोह्रोऱ्याउने**<br>व्यक्ति वा सम्पत्तिलाई हानि पुऱ्याउन सक्ने वा हानि पुऱ्याउने सम्भावना भएका गम्भीर दुराचारका उल्लङ्घनहरू , गैर-कानुनी अपराधहरू, स्वास्थ्यलाई खतरामा पार्ने अपराधहरू।<br>विद्यार्थीको व्यवहारमा सुधार गर्नका लागि विद्यार्थीको उमेर र ग्रेड लेभल, दुर्व्यवहारको इतिहास र कुनै विशेष अपराधको गम्भीरतासहित विद्यार्थीका व्यक्तिगत आवश्यकताहरूका आधारमा धेरै विकल्प चयन गर्न सकिन्छ। | | | | | | | * | * |
| 1. घोर अपराध गर्ने वा अन्य कानुनको उल्लङ्घन गर्ने | X | X | X | | | | | X |
| 2. मादक पदार्थ तथा लागू पदार्थ (सोच, बिक्री, वितरण) | X | X | X | | | | | X |
| 3. नक्कली पदार्थहरू (पैसा, जस्तो देखिने औषधिहरू) | X | X | X | | | | | X |
| 4. हतियार वा खतरनाक औजारहरू राख्ने वा प्रयोग गर्ने | X | X | X | | | | | X |
| 5. आतंक मच्चाउने | X | X | X | | | | | X |
| 6. झूटा अलार्म र रिपोर्टहरू | X | X | X | | | | | X |
| 7. विद्यालयको सम्पत्तिमा क्षति पुऱ्याउने | X | X | X | | | | | X |
| 8. फिरौती माग्ने | X | X | X | | | | | X |
| 9. अनुमतिविना छुने वा हिर्काउने वा फाल्ने | X | X | X | | | | | X |
| 10. हिंसा वा अशान्ति फैलाउने | X | X | X | | | | | X |
| 11. अनुमतिविना आगो लगाउने | X | X | X | | | | | X |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 12. चोरी - मालिक वा सहमति दिन अधिकृत व्यक्तिको व्यक्त सहमतिको दायरा बाहिर।<br>• धोका द्वारा<br>• धम्की<br>• खतरा | X | X | X | | | | | X |
| 13. बदमाशी गर्ने र यातना दिने (उत्पीडन र धम्की) | X | X | X | | | | | X |
| 14. यौनजन्य कुरा गर्ने | X | X | X | | | | | X |
| 15. यौन दुर्व्यवहार | X | X | X | | | | | X |
| 23. दोहोरिएका उल्लङ्घनहरू | X | X | X | | | | | X |

*** प्रहरी अभियोग दायर हुने सम्भावना**

**पदार्थ प्रयोगको म्याट्रिक्स**

| सुर्तीजन्य पदार्थ | लागू पदार्थ/मादक | अनुशासन |
|---|---|---|
| पहिलो अपराध | उपलब्ध छैन | बहिष्कार नगरी 10 दिनका लागि निलम्बन गरिने। आवश्यक मानिएको लागू पदार्थ परीक्षण र हस्ताक्षेपको समापनसँगै 3 दिन (1 दिन OSS, 2 दिन ISS) मा घटाउन सकिन्छ। |
| दोस्रो अपराध | पहिलो अपराध | बहिष्कार नगरी 10 दिनका लागि निलम्बन गरिने। आवश्यक मानिएको लागू पदार्थ परीक्षण र हस्ताक्षेपको समापनसँगै 5 दिन (2 दिन OSS, 3 दिन ISS) मा घटाउन सकिन्छ। |
| तेस्रो अपराध | दोस्रोअपराध | बहिष्कार नगरी 10 दिनका लागि निलम्बन गरिने (7 दिन OSS, 3 दिन ISS)। बाहिरी एजेन्सीमा पठाउने। |
| उपलब्ध छैन | तेस्रोअपराध | बहिष्कार गर्ने र P2S मा पठाउने सिफारिसमा 10 दिनका लागि निलम्बन गर्ने |

निम्न कुरामा ध्यान दिनुहोस्: यो नियम र उल्लङ्घनहरूको प्रतिनिधि सूची हो। यो अनुशासनात्मक कारबाही आवश्यक हुन सक्ने दुर्व्यवहारका सबै कार्यको पूर्ण सूची होइन। पिकरिङ्टन स्कूल्सको प्रशासनलाई परिस्थितिअनुसारको अनुशासनात्मक कारबाही गर्ने अधिकार छ।

यी वस्तुहरूका साथै, कुनै विद्यार्थीले विद्यालयको सम्पत्तिबाहिर जहिले भएपनि डिस्ट्रिक्ट अधिकारी (वा कर्मचारी वा त्यस्तो अधिकारी वा कर्मचारीको सम्पत्ति) लाई लक्षित गर्ने हदसम्म गरिएको दुर्व्यवहारका लागि उक्त विद्यार्थी विद्यालय अनुशासनात्मक कारबाहीको भागीदार हुन सक्छ। असभ्य कार्यले विद्या लयमा विद्यार्थीको व्यवहारलाई नकारात्मक प्रभाव पार्न सक्ने र जसले गर्दा सिकाइ वातावरण बिग्रन सक्ने भएको हुनाले यस्तो कार्यलाई शिक्षा बोर्डले उपयुक्त मानेको छ। ORC 3313.661(A) हेर्नुहोस्।

बन्दुक, चक्कु, बमको खतरा वा व्यक्ति वा सम्पत्तिमा गम्भीर शारीरिक हानि समावेश गर्ने आचार-संहिताका निश्चित उल्लङ्घनहरूले विद्यार्थीलाई विद्यालयबाट एक पालो वर्षसम्म निष्कासन गर्न वा स्थायी रूपमा बहिष्कार गर्न सक्छ। बोर्ड नीति हेर्नुहोस्। कुनै सन्दर्भलाई ध्यानमा राख्दै, कानुनको उल्लङ्घन गर्ने जो कोहीविरुद्ध विद्यालय सजायका साथसाथै अभियोगहरू दायर गर्न सकिन्छ।

यो आचार-संहिता राम्रो व्यवस्था, अनुशासन वा विद्यालयमा भइरहने सैद्धान्तिक वा शैक्षिक प्रक्रियाको सञ्चालनमा पर्याप्त र भौतिक रूपमा बाधा पुर्‍याउने अथवा हस्तक्षेप गर्ने वा पर्याप्त र भौतिक रूपमा व्यक्तिहरू वा सम्पत्तिको सुरक्षाका लागि खतरा भएको वा खतरा निम्त्याउने र विशेष रूपमा यहाँ उल्लेख नगरिएको आचरणमा लागू हुने छ।

पिकरिङ्टन स्कूल्सले असक्षम विद्यार्थीहरूको अनुशासनका सम्बन्धमा राज्य र संघीय कानुनका सबै आवश्यकताको अनुपालना गर्छ।

सबै विद्यार्थी हातेपुस्तिका नीति सन्दर्भहरू प्रकाशनको समयमा हालको थिए। शिक्षा बोर्डले वर्षभरि नै नीतिहरू अद्यावधिक गरिरहने हुँदा नीतिहरू परिवर्तन हुन सक्छन्। सबै अनुशासन र नीति प्रवर्तन डिस्ट्रिक्ट वेबसाइट र/वा http://www.boarddocs.com/oh/plsd/board.nsf/public मा भएको शिक्षा बोर्डको वर्तमान नीतिमा आधारित हुने छ। कृपया सबैभन्दा हालैको संस्करणका लागि अनलाइनमा बोर्ड नीतिहरू हेर्नुहोस्।